


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

**नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।**

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)

» बुधबार साउन २३, २०७५ » Wednesday, August 8, 2018 » www.newsofnepal.com » नेसं ११३८ दिल्लागा ११ » वर्ष २४, अंक २१० » पृष्ठ १२ » मूल्य रू १०/–

AMBE STEELS
दीर्घायु भवः
अम्बे स्टील्स् जे बन्छ, दिगो बन्छ



व्यवस्थित बस्ती विकासको उद्देश्यले भक्तपुर थिमिको मनोहरामा २०६४ सालबाट शुरू गरिएको दिव्यश्वरी जग्गा एकीकरण आयोजना। व्यवस्थित बस्ती तथा शहरीकरणलाई मध्यनजर गरिँदै शुरू गरिएको यो आयोजना २०७६ असोजसम्म सकिने लक्ष्य राखिएको छ भने बढ्दो शहरीकरणलाई व्यवस्थित विकासको बाटोमा लैजान यस्ता खालका आयोजनालाई अगाडि बढाउन आवश्यक रहेको छ। तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# अपहरण गरी हत्या गर्नेलाई आजीवन कारावास

गंगा बराल, काठमाडौं

आगामी भदौ १ गतेदेखि ६ प्रकारका कसुरमा आजीवन कारावास हुने भएको छ।

मुलुक अपराध (संहिता) ऐन-२०७४ को दफा ४१ मा जन्मकैदसम्बन्धी व्यवस्था राखिएको छ। यसमा लेखिएको छ- 'यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कसुर गर्ने कसुरदारलाई जन्मकैदको सजाय गर्दा त्यस्तो कसुरदार जीवित रहेसम्म कैद गर्नुपर्नेछ।'

क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको, वायुयान अपहरण गरी वा वायुयान विस्फोट गरी ज्यान मारेको, अपहरण गरी वा शरीर बन्धक लिई ज्यान मारेको र सार्वजनिकरूपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेको कसुरमा आजीवन कारावास सजाय हुनेछ।

यस्तै कुनै जात-जाति वा सम्प्रदायको अस्तित्व नै लोप गर्ने जातिहत्या (जेनोसाइड) गरेमा वा गर्ने उद्देश्यले कसुर गरेमा र जबरजस्ती करणी गरी हत्या गरेमा पनि आजीवन कारावासकै सजाय हुनेछ।

'यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कसुर गर्ने कसुरदारलाई जन्मकैदको सजाय गर्दा त्यस्तो कसुरदार जीवित रहेसम्म कैद गर्नुपर्नेछ।' -उक्त ऐनमा लेखिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

- क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको
- वायुयान अपहरण गरी वा वायुयान विस्फोट गरी ज्यान मारेको
- अपहरण गरी वा शरीर बन्धक लिई ज्यान मारेको
- सार्वजनिकरूपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेको
- कुनै जात-जाति वा सम्प्रदायको अस्तित्व नै लोप गर्ने जातिहत्या (जेनोसाइड) गरेमा वा गर्ने उद्देश्यले कसुर गरेमा

६. जबरजस्ती करणी गरी हत्या गरेमा

## मुठभेडको नाममा प्रहरीद्वारा हत्या

पुष्कर बुढाथोकी, भक्तपुर

आइतबार काठमाडौंबाट अपहरणमा परेका ११ वर्षीय बालक निशान खड्काको हत्यामा संग्लन दुई अपहरणकारीको प्रहरीले इन्काउन्टरको नाममा गिरफ्तार गरेर मारेको खुलासा भएको छ।

यस्तो खुलासा गरेपछि नगदेशका स्थानीय र मारिएका दुई अपहरणकारीका घरबेटी श्याम लवट परिवार दबाबमा परेका छन्। यसपछि प्रहरी र सञ्चारकर्मीको लगातार फोन आउन थालेपछि उनीहरू दबाबमा परेका हुन्। घटनाको खुलासा किन गरेको भन्दै प्रहरीले दबाब दिन थालेपछि लवट परिवारले सोधपुछ गर्ने जो-कोहीसँग पनि कुरा गर्न डराउन थालेको स्थानीयको भनाइ छ।

(क्रमशः पृष्ठ ९ मा)

चोभारमा अन्तर्राष्ट्रिय स्तरको सुरखा बन्दरगाह पृष्ठ २

मानव तस्करीलाई नेपालले गम्भीर रूपमा लिएको छ पृष्ठ ५

### समाचारको गलत व्याख्या

# कामु प्रधानन्यायाधीश मिश्रको प्रमाणपत्रको समकक्षता खोजिँदै

प्रशान्त ओली, काठमाडौं

कायममुकायम प्रधानन्यायाधीश ओमप्रकाश मिश्रको हाइस्कुल र इन्टरमिडिएट उत्तीर्ण सम्बन्धमा नेपाल समाचारपत्र दैनिकले सम्मानित अदालतको गरिमाको शतप्रतिशत ख्याल गर्दै अत्यन्तै सकारात्मकरूपमा समाचार प्रकाशित गरे पनि त्यसलाई नकारात्मकरूपमा बुझिएको पाइएको छ।

यही साउन २१ गते सोमबार 'मिश्रको प्रमाणपत्र पनि भारतकै' शीर्षकको समाचार नेपाल समाचारपत्र दैनिकले उच्च स्रोतबाट प्राप्त प्रमाणलाई आधार मानेर ती प्रमाणहरूको प्रतिलिपिसहित प्रकाशित गरेको थियो।

संसदीय सुनुवाइ समितिले कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशीको नाम प्रधानन्यायाधीशमा अस्वीकृत गरेकै सन्दर्भमा प्राप्त उक्त सूचनालाई नेपाल समाचारपत्र दैनिकले कसैप्रति आग्रही-पूर्वाग्रही नभई पत्रकारिताको व्यावसायिक धर्मअनुसार प्रकाशित गरेको थियो। समाचारमा उक्त प्रमाणपत्रलाई सक्कली वा नक्कली केही भनिएको थिएन, नेपाल समाचारपत्र दैनिक उक्त निष्कर्षमा पुगिसकेको पनि छैन। नेपाल समाचारपत्रले मानव अभिरुचिको समसामयिक विषय ठानेर त्यसलाई बाहिर ल्याएको थियो। प्रमाणपत्रकै अस्पष्टताका कारण उत्तीर्ण मितिमा केही फरक पर्न गएकाले २२ गतेको अंकमा भूलसुधारसमेत गरिसकिएको छ।

> 'हामीलाई सम्पर्क गरेर मात्रै समाचार छाप्नू' -न्यायपरिषद

तर, समाचारको यति सकारात्मक र स्पष्ट उद्देश्यलाई गलत व्याख्या गरेर कायममुकायम प्रधानन्यायाधीश मिश्रलाई नै प्रधानन्यायाधीश बन्न नदिने र बने पनि कार्यकाल सफल हुन नदिने केही समूहबाट नेपाल समाचारपत्रको टिमको मनोबल गिराउन खोजिएको छ।

नेपाली नागरिकले भारतमा मात्र हैन जुनसुकै देशमा गएर पढ्न सक्छ तर त्यसरी पढेर नेपाल फर्केपछि त्यसको समकक्षता कायम गर्नुपर्दछ। यो व्यवस्था विसं २०१० सालअघि नै लागू हुँदै आएको सम्बन्धित कर्मचारीहरू बताउँछन्। भारतबाट हाइस्कुल र इन्टरमिडियट गर्नुभएका कायममुकाय प्रधानन्यायाधीश मिश्रसहित धेरै पुराना व्यक्तिको समकक्षताको प्रमाणपत्र भए/नभएको अभिलेख खोज्न निकै जटिल भएको उनीहरूको दाबी छ।

पाठ्यक्रम विकास केन्द्र सानो ठिमीका महानिर्देशक कृष्णप्रसाद काप्रीले समकक्षताको विषय त्रिभुवन विश्वविद्यालयले हेर्ने बताउनुभयो।

त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रले निकै समय पहिले विभिन्न उपाधि हासिल गर्नेको समकक्षता फेला नपरेको जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

### कांग्रेसको ठहर

# स्वतन्त्र न्यायपालिकामाथि हस्तक्षेप

रामकृष्ण चापागाईं, काठमाडौं

नेपाली कांग्रेसले प्रधानन्यायाधीश नियुक्तिको विषयमा संसदीय सुनुवाइ समितिले गरेको निर्णयलाई लिएर वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारले स्वतन्त्र न्यायालयमाथि हस्तक्षेप गरेको ठहर गरेको छ।



> प्रधानमन्त्री केपी शर्मा ओली र नेकपाका अध्यक्ष ओलीले दोहोरो चरित्र देखाए। प्रधानमन्त्री ओलीले संवैधानिक परिषद्बाट प्रधानन्यायाधीशमा दीपकराज जोशीको नाम सर्वसम्मतिले अनुमोदन गराए भने नेकपाका अध्यक्ष ओलीले सुनुवाइ समितिमा अस्वीकृत गर्न पार्टी ह्विप लगाए। न्यायालयमाथिको हस्तक्षप कांग्रेसलाई स्वीकार्य छैन।
> **शिवप्रसाद हुमागाईं, केन्द्रीय सदस्य**

मंगलबार बसेको केन्द्रीय समितिको आकस्मिक बैठकले प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको संवैधानिक परिषद्को बैठकले प्रधानमन्त्रीकै प्रस्तावअनुसार प्रधानन्यायाधीशमा दीपकराज जोशीलाई सर्वसम्मतिले सिफारिस गरेको र सुनुवाइ समितिमा सुनुवाइ भइरहँदा अस्वीकृत गर्न दबाब दिएको भन्दै कांग्रेसले गम्भीर आपत्ति प्रकट गरेको छ।

केन्द्रीय बैठकको निर्णयबारे जानकारी दिँदै केन्द्रीय सदस्य शिवप्रसाद हुमागाईंले भन्नुभयो- 'लोकतन्त्र र स्वतन्त्र न्यायालयलाई बचाइराख्न नेपाली कांग्रेस सजग, सचेत र सक्रियरूपमा अघि बढ्ने निर्णय गरेको छ।'

बैठकबारे जानकारी दिँदै उहाँले भन्नुभयो- 'प्रधानमन्त्री पदको प्रतिष्ठा र जिम्मेवारीविपरीत प्रधानमन्त्री ओलीले दुराशयपूर्ण तवरबाट आफैं सिफारिस गर्ने, आफैं अस्वीकृत गराउने दोहोरो भूमिका निर्वाह गर्नुभएका कारण प्रधानन्यायाधीश नियुक्तिको प्रक्रिया दुर्घटनामा परेको छ।'

(क्रमशः पृष्ठ ९ मा)

# टेकु ट्रान्सफर स्टेसन भरियो

**• सिसडोल ल्यान्डफिलमा समस्या • नयाँ विकल्प खोजिँदै**

ईश्वरराज ढकाल, काठमाडौं

फोहोर संकलन गर्ने टेकुस्थित ट्रान्फर स्टेसन भरिएपछि दुर्गन्ध फैलिन थालेको छ। दुर्गन्ध फैलिएका कारण स्थानीयबासीले मंगलबार उक्त स्टेसनमा फोहोर खसाल्न अवरोध गरेका थिए। राजधानीबाट संकलित फोहोर उक्त स्टेसनमा राखी सिसडोल लैजाने गरिएको छ।

अहिले सबै स्थानीय निकायको गल्ली, सडकमा फोहोर थुप्रिएको देखिन्छ। काठमाडौं र ललितपुर महानगर नै फोहोर उठाउन असमर्थ बनेका छन्।

(क्रमशः पृष्ठ ९ मा)



# विभागले ब्युँत्यायो पञ्चायतकालीन पोसाक

टीका बन्धन, काठमाडौं

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले कार्यालय प्रयोजनार्थ पञ्चायतकालीन पोसाक दोहोऱ्याएको छ। विभाग र मातहतका कर्मचारीका लागि निजामती र पञ्चायतकालीन दुई थरी पोसाक अनिवार्य गरिएको हो।

निजामती पोसाकसहित गाढा हरियो र कफी रङ मिश्रित पाइन्ट, घ्यू रङ मिश्रित सर्ट तथा पाइन्टकै रङ मिल्दोजुल्दो ज्याकेट र स्वेटर लगाउनुपर्ने व्यवस्था तोकिएको हो। यस्तो पोसाक वन्यजन्तु विभाग र मातहतका निकायमा कार्यरत कर्मचारीका लागि २०४४ सालमा अनिवार्य गरिएको थियो। सबै सरकारी कार्यालयमा सेतो सर्ट र नीलो पाइन्ट, नीलो कोर्ट/स्वेटर अनिवार्य गरिएसँगै पुरानो पोसाक हटेको थियो।

विभागले चालू आर्थिक वर्षदेखि निजामती पोसाकसहित बुधबार र बिहीबारका लागि यस्तो पोसाक अनिवार्य गरेको छ। बुधबार र बिहीबारका लागि तोकिएको 'ड्रेसकोर्ड' पञ्चायतकालीन नभएर वन्यजन्तुमैत्री पोसाक भएको बताउँदै विभागका महानिर्देशक मनबहादुर खड्काले भन्नुभयो- 'अन्तर्राष्ट्रिय अभ्यासको वन्यजन्तुमैत्री पोसाकलाई (रिभाइभ) पुनः जीवन दिइएको हो।' विभागसहित विभिन्न १२ निकुञ्ज, ६ संरक्षण क्षेत्र, कोसी टप्पु वन्यजन्तु आरक्ष र ढोरपाटन शिकार आरक्षमा कार्यरत कर्मचारीका लागि यस्तो पोसाकको व्यवस्था गरिएको हो।

> पोसाकमा सेना र प्रहरी पोसाकको झल्को देखिनेझैं सर्टको खल्तीको दाहिनेतर्फ नेमप्लेट र नेमप्लेटमा दर्जाअनुसारको रङ अनिवार्य गरिएको छ।

गत वर्ष माघ दोस्रो साताको मन्त्रिपरिषद्को बैठकले पुरानो पोसाक दोहोऱ्याउने निर्णय गरेकोमा विभागले चालू आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याएको हो। निकुञ्ज, आरक्ष र संरक्षित क्षेत्रमा सेनासँगको संयुक्त गस्तीमा एकरूपता ल्याउन र अन्तर्राष्ट्रियस्तरमा सफल प्रमाणित भइसकेको वन्यजन्तुमैत्री पोसाकको व्यवस्था भएको विभागका सूचना अधिकारी नारायण रूपाखेतीले जानकारी दिनुभयो। 'वन्यजन्तुमैत्री पोसाक ब्युँत्याउन विगत ३ वर्षदेखि पहल भएको थियो, ढिलै भए पनि यसपटकदेखि कार्यान्वयनमा आएको छ।' -उहाँले भन्नुभयो।

वन्यजन्तुमैत्री पोसाकमा सेना र प्रहरी पोसाकको झल्को देखिनेझैं सर्टको खल्तीको दाहिनेतर्फ नेमप्लेट र नेमप्लेटमा दर्जाअनुसारको रङ अनिवार्य गरिएको छ। सहसचिवस्तरका कर्मचारीका लागि रातो, उपसचिवस्तरका लागि हरियो, अधिकृतस्तरलाई नीलो, राजपत्र अनंकितका लागि पहेंलो र श्रेणीविहीनका लागि सेतो रङ तोकिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

बन्दरगाहमा भूमिगत पानी भण्डारण, पम्प हाउस र अग्निनियन्त्रक कक्ष, खानेपानी तथा ढल निकास, ढल प्रशोधन केन्द्र, सुरक्षा तथा उद्धार कक्ष, हरियाली भू-दृश्य बन्नेछन्।

# चोभारमा अन्तर्राष्ट्रियस्तरको सुख्खा बन्दरगाह

सुरेश तामाङ, काठमाडौं

उपत्यकाकै ठूलो सुख्खा बन्दरगाह निर्माणको काम शुरू भएको छ। काठमाडौंको चोभारमा रहेको हिमाल सिमेन्ट उद्योगको जग्गामा सुख्खा बन्दरगाह निर्माणको काम अगाडि बढेको हो।

सन् १९७४ मा जर्मन सरकारले बनाइदिएको हिमाल सिमेन्ट उद्योग सन् २००२ देखि बन्द भएपछि लथालिंग बन्यो। भग्नावशेष मात्रै बाँकी रहेको हिमाल सिमेन्टमा चलचित्रको छायांकनबाहेक केही प्रयोजनमा आएन। अहिले सरकारले उक्त क्षेत्रलाई उपयोगमा ल्याउनका लागि सुख्खा बन्दरगाह निर्माणको काम अगाडि बढाएको हो।

उद्योग बन्द भएपछि लामो समयसम्म प्रयोगविहीन अवस्थामा रहेको २ सयभन्दा बढी रोपनी क्षेत्रफलमा फैलिएको जग्गालाई काठमाडौंमा मालसामान आयात-निर्यातमा सहज पुऱ्याउने उद्देश्यले सुख्खा बन्दरगाह निर्माण गर्न शुरू गरिएको छ।

भारतको कलकत्ता, भीशाखापट्नाम पोर्टबाट र चाइनाको केरुङबाट काठमाडौंमा मालसामान सीधा आयात-निर्यात गर्न चोभारमा सुख्खा बन्दरगाह बनाउन लागिएको हो।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको नेपाल इन्टरमोडल यातायात विकास समितिले सुख्खा बन्दरगाह निर्माण गर्न २ निर्माण कम्पनी नियुक्त गरी सम्झौतासमेत गरिसकेको छ।

समितिका कार्यकारी निर्देशक लक्ष्मणबहादुर बस्नेतले सुख्खा बन्दरगाह १८ महिनाभित्र सम्पन्न गर्ने गरी चिनियाँ कम्पनी शान्छी र नेपाली कम्पनी आशीषको ज्वाइन्ट भेन्चरसँग सम्झौता भएर काम अगाडि बढेको बताउनुभयो।

विश्व बैंकले अर्थ मन्त्रालयसँग अहिले २२ लाख अमेरिकी डलर सहुलियत दरमा ऋण दिने सहमति गरिसकेको छ भने बैंककै सहयोगमा ग्लोबल टेन्डरमार्फत चिनियाँ र नेपाली कम्पनी नियुक्त गरेको हो। निर्माण कम्पनीले १ अर्ब ४४ करोडमा निर्माण सम्पन्न गर्नेछन्। सुख्खा बन्दरगाह ११ दशमलव ७७ हेक्टर अर्थात् २ सय ३२ रोपनीमा बन्नेछ।

हालसम्म पनि आयात-निर्यातका लागि आवश्यक पर्ने पूर्वाधार काठमाडौंनजिक नरहेकाले चोभारमा सुख्खा बन्दरगाह बनाउन लागिएको समितिका कार्यकारी निर्देशक बस्नेतले बताउनुभयो।

काठमाडौं भित्रिने र बाहिरिने मालबाहक साधन (कन्टेनर गाडी)बाट ढुवानी हुने कन्टेनर राखिने र भन्सारसम्बन्धी कार्य अब यस बन्दरगाहबाट गरिनेभएको छ। काठमाडौंबाट निर्यात हुने सामग्री राखी बाहिरिने गाडी रहने स्थानका रूपमा विकसित गरी, अन्तर्राष्ट्रियस्तरको सुख्खा बन्दरगाह निर्माण गर्ने लक्ष्य समितिले राखेको छ।




वाणिज्य व्यापारसँग सम्बन्धित पूर्वाधार सुख्खा बन्दरगाह, एकीकृत चेक पोस्ट आदिको निर्माणमार्फत निर्यातलाई बढी प्रतिस्पर्धी बनाउने साथै आयातित सामग्रीको लागत कम गर्ने उद्देश्य यस बन्दरगाहबाट हुनेछ। यी सुख्खा बन्दरगाहले शीघ्र भन्सार छुटाउने, क्वारेन्टाइन जाँच तथा गोदाम आदिको सुविधाको सुधारमा महत्त्वपूर्ण भूमिका खेल्नेछ।

'नेपालमा अहिलेको व्यापारको आयातलाई हेर्ने हो भने काठमाडौंमा मात्रै ४० प्रतिशत खपत भएको देखियो', समितिका कार्यकारी निर्देशक बस्नेतले भन्नुभयो- 'यही अवस्थामा यसरी ठूलो मात्रमा कारोबार हुने हो भने वीरगन्ज, विराटनगर र भैरहवामा रहेको बन्दरगाहमा देखिएको चाप गर्न गर्न सहज हुनेछ।'

वीरगन्ज, विराटनगर र भैरहवा नाकाबाट सीधैं चोभारको बन्दरगाहमा आउँदा लागत र समय पनि घट्ने भएकाले सरकारबाट यसलाई विशेषरूपले हेरिएको उहाँले बताउनुभयो। यहाँबाट पनि सीधै मालसामान कन्टेरमा निर्यात हुने भएकाले निर्यातमा पनि प्रतिस्पर्धी हुने र कच्चा पदार्थको लागत पनि घट्नमा यस बन्दरगाहले सहयोग गर्ने उहाँको दाबी छ।

एकै पटकमा ६ सय कन्टेनर पार्किङ गर्न सक्ने क्षमता बोक्ने यस बन्दरगाहले विसं २०३९ सम्म काठमाडौंको व्यापारको मात्रा धान्न सक्नेछ। त्यस्तै यहाँ २ सय ५० गाडी पार्किङ गर्न सक्ने घरेलु पार्किङको व्यवस्था गरिएको छ। भन्सार, चेकजाँच, क्वारेन्टाइन र सुरक्षा जाँचलगायतका धेरै सुविधा एकै ठाउँमा हुने भएपछि ग्राहकलाई पनि सजिलो हुनेछ।

बन्दरगाहमा भूमिगत पानी भण्डारण, पम्प हाउस र अग्निनियन्त्रक कक्ष, खानेपानी तथा ढल निकास, ढल प्रशोधन केन्द्र, सुरक्षा तथा उद्धार कक्ष, हरियाली भू-दृश्य बन्नेछन्।

सवारी नापतौल र नियन्त्रण कक्ष, सामान लोड अनलोड, विद्युत् सबस्टेसन बत्ती कक्ष, मर्मत सामग्री कक्ष, रिच स्ट्याकर (लोड उचाल्ने) राख्ने कक्ष, गोदाम एक्जिम २ वटा बल्क र डोमेस्टिक ३ वटा बल्क १२ सय ९६ वर्गमिटरका रहनेछन्।

२ सय रोपनीभित्र सुख्खा बन्दरगाह बनाएर बाँकी रहेको जग्गामा अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल बन्ने समितिले बताएको छ। यसको सम्भाव्यता अध्ययन सम्पन्न भएर विस्तृत अध्ययन भइरहेको छ।

# 'दोरम्बालाई नमुना बनाउने अभियानमा छौं'



**खड्कबहादुर श्रेष्ठ**
वडाध्यक्ष,
दोरम्बा गाउँपलिका-२ दोरम्बा, रामेछाप

स्थानीय तहमा सरकार गठन भएको झन्डै डेढ वर्ष पुगेको छ। निर्वाचनअघि राजनीतिक दलले विकास निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। स्थानीय तहमा सडक निर्माणको कामले नै प्राथमिकता पाएको छ। स्थानीय तहमा सरकार गठन भए पनि वर्षाको समयमा पनि यातायात सञ्चालन गर्ने काम भएको छ। यसै विषयमा रामेछाप दोरम्बा गाउँपालिका-२ दोरम्बाका वडाध्यक्ष खड्कबहादुर श्रेष्ठसँग डेढ वर्षको अवधिमा भएका काम र आगामी योजनाका विषयमा नेपाल समाचारपत्रले गरेको कुराकानी :

**निर्वाचनमा गरेको प्रतिबद्धताअनुसार यस अवधिमा के-के काम गर्नुभयो ?**

निर्वाचनको क्रममा हामीले जनताका बीचमा जे प्रतिबद्धता व्यक्त गरेका थियौं। यो अवधिमा हामीले मन, वचन र कर्मबाट काम गरिरहेका छौं। हामीले प्रतिबद्धताअनुसार काम गरिरेहका छौं। राजधानी काठमाडौंदेखि गाउँपालिकाको केन्द्र, सदरमुकाम मन्थलीबाट गाउँपालिकासम्म वर्षाको समयमा यातायातका साधान सञ्चालन गर्न सकिने अवस्था थिएन। हामीले जिम्मेवारी सम्हालेपछि अहिले १२ महिना नै यातायात सञ्चालन गर्न सफल भएका छौं। निकै ठूलो चुनौतीको सामना गरेर अहिले सहजरूपमा गाडी चल्न सक्ने भएको छ।

हामीले वडाभित्र विपद् व्यवस्थापनका लागि तत्काल हेलिकोप्टरमार्फत उद्धार गर्नका लागि हेलिप्याडस्थल निर्माण गरेका छौं। अझै दीर्घकालीनरूपमा व्यवस्थापन गर्ने काम बाँकी छ।

**सडक निर्माणमा मात्र स्थानीय तहका जनप्रतिनिधि केन्द्रित हुनुको कारण नि ?**

सडक नै विकासको मुख्य मेरुदण्ड हो। सडकबिना धेरै काम अधुरा नै रहन्छन्। हामीले २ वटा टोलबाहेक अन्य सबै ठाउँमा सडक पुऱ्याएका छौं। दोरम्बाको एकीकृत नमुना बस्ती निर्माण हुने क्षेत्रमा चक्रपथ निर्माणको काम सम्पन्न भएको छ। प्राथमिकताका साथ ट्र्याक ओपन गर्ने काम सम्पन्न भएको छ। दोरम्बादेखि गाउँपालिकाको केन्द्र टोकरपुर जोड्ने सडकको स्तरोन्नतिको काम पनि सम्पन्न भएको छ।

**सडक निर्माणअन्तर्गत के-के काम भए त ?**

दोरम्बा वडाका ढोइगाउँमा नयाँ ट्र्याक खुलिसकेको छ। पहाडको ट्र्याक खुलेपछि पनि हिउँदको समयमा चल्न सक्ने तर वर्षाको समयमा गाडी चल्न नसक्ने अवस्था छ। सधैंभरि गाडी सञ्चालन गर्न सडकको ग्रेड मिलाउने काम गऱ्यौं। सबै रोड साँघुरो अवस्थामा थिए, अहिले फराकिलो बनाउने काम भयो। पानीको निकास नहुँदा धेरै सडक बिग्रिने अवस्थामा थिए। अहिले व्यवस्थित गरेका छौं। सबवे निर्माण गरेका छौं। पानीको निकास दिएका छौं। अहिले सडक राम्रो छ। भएको बजेटले व्यवस्थापन सोलिङ ग्राबेल गर्ने काम गरेर काम सम्पन्न गरेका छौं। दोरम्बा वडाभित्र सडक निर्माणलाई व्यवस्थित गर्ने काममा अहिले पनि लागिरहेका छौं।

**गाउँघरमा सामाजिक विकृति मौलायो भन्ने गुनासो छ नि ?**

सामाजिक विकृतिका रूपमा रहेको जाँडरक्सी, जुवातास नियन्त्रणको अभियान सञ्चालन गरेका छौं। विशेषगरी जनजातिको बाहुल्यता बढी भएका कारण जाँडरक्सीको कारणले समाजमा झैझगडा मात्र होइन ज्यान जाने क्रम पनि बढ्यो। निषेध गर्न नसके पनि नियन्त्रण गर्न हामीले अहिले पनि अभियान जारी राखेका छौं। विगतमा जाँडरक्सी खाएर झगडा गर्दा ज्यान नै जाने घटना भएकाले वडाभरि नै अभियान चलाएका छौं। सार्वजनिक ठाउँमा अहिले जाँडरक्सी खाएर होहल्ला गर्ने क्रम घटेको छ। जाँडरक्सी नियन्त्रण गर्नका लागि समिति गठन गरेर नै अभियान अगाडि बढाउने लक्ष्य लिएका छौं। विकृति र विसंगति हटाएर एउटा सभ्य समाज निर्माण गर्ने अभियान जारी छ। जुन अभियानलाई जनताले साथ दिएका र सहयोग गरेका छन्।

**वडाभित्र सबै जनताले विद्युत् बाल्न पाएका छन् कि छैनन् ?**

वडाको साविकको ६ नम्बर वडामा विद्युतीकरणको काम अन्तिम चरणमा पुगेको छ। टान्सफर्मर राखेपछि तत्काल बिजुली बल्ने अवस्था छ। केही नपुग सामान हामीले ल्याउन पहल गरिरहेका छौं। केही समयमा करिब ८० घरमा विद्युतीकरण हुन्छ। यसपछि हाम्रो वडामा पूर्णरूपमा विद्युतीकरण हुनेछ।

**शिक्षामा सुधारका लागि के योजना अगाडि सार्नुभएको छ ?**

हाम्रो वडामा उच्च माविसहित ५ वटा प्रावि छन्। जसअन्तर्गत साविक संरचनाअनुसार ढोइगाउँमा निमावि छ। उक्त विद्यालयमा एउटा प्रोजेक्टबाट ४ कोठे भवन निर्माण सम्पन्न हुने क्रममा छ। उच्च मावि निर्माणको काम एडीबीको सहयोगमा भइरहेको छ। १४ कोठे भवन सम्पन्न हुने चरणमा छ। गुणस्तरीय र प्राविधिक शिक्षामा जोड दिनुपर्ने विषयमा हामीले योजना बनाइरहेका छौं।

**खेलकुद क्षेत्रको विकासमा के काम गर्नुभयो ?**

भैगालिकरूपमा पनि दोरम्बामा सम्भावना भएको ठाउँ हो। फुटबल ग्राउन्ड कवर्ड हलको रूपमा विकास गर्न सकिने मैदान पनि छ। यति मात्र होइन राष्ट्रियरूपमा नै फुटबल ग्राउन्ड बनाउने हाम्रो लक्ष्य छ। अहिले हामीसँग व्यवस्थित ग्राउन्ड त छैन। तर खेल सञ्चालनका लागि पर्याप्त संरचना भने छ। हामीले निर्माण गरेको मैदानमा फुटबल खेल सञ्चालन गर्न संरचना पुगिसकेको छ।

**कृषि क्षेत्रको विकासका लागि के योजना छ ?**

दोरम्बालाई नै लक्षित गरेर वडाको पर्यटन कृषि र स्वास्थ्य शिक्षालाई प्राथमिकीकरण गरिएको छ। कृषिले पनि दोरम्बालाई नै आर्थिकरूपमा रूपान्तरण गर्न सकिन्छ। हामीसँग अग्लेश्वर र सैलुङ डाँडा छ। ऐतिहासिक र धार्मिक क्षेत्र छन्। पर्यटनलाई जोडेर कृषिलाई लिएर जान चाहन्छौं। चिया बगानको विकास गरेर लैजाने लक्ष्य छ। दोरम्बामा किबी आलु, अलैंचीजस्ता कृषिजन्य वस्तुको राम्रो सम्भावना छ। कृषि पकेट क्षेत्रका रूपमा विकास गरेर लैजाने लक्ष्य लिएका छौं। दोरम्बा भौगोलिकरूपमा सुन्दर छ। त्यति नै नागरिक पनि सुन्दर छन्। जनताको साथ र सहयोग पाएका छौं। अझै सहयोगको अपेक्षा गर्दछु।



## सम्मान

गायक आनन्द कार्की एक कार्यक्रममा प्रमुख अतिथिका रूपमा सम्मानित हुँदै।

PAGE3

## विफी

हास्यव्यंग्यकार मनोज गजुरेल मोबाइलबाट तस्वीर खिच्दै।



# महको ममाथि अमेरिकामा अन्तरक्रिया

ख्यातिप्राप्त हास्यव्यंग्य अभिनेता तथा लेखक मदनकृष्ण श्रेष्ठको आत्मकथा *महको म*माथि अमेरिकामा अन्तरक्रिया गरिएको छ। मेरिल्यान्ड राज्यको जर्मन टाउन शहरमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा मदनकृष्णसँग पत्रकार प्रेम बानियाँले *महको म* विषयमा अन्तरक्रिया गरेका थिए।

अन्तरक्रियाको आरम्भमा मदनकृष्णले *अरबौं मान्छेमा तिमी एक मन मिल्ने मान्छे* बोलको गीत गाएर सहभागीलाई मोहित तुल्याएका थिए। *महको म*बारेमा नेपालमा पनि धेरै ठाउँमा अन्तरक्रिया कार्यक्रम गरेको स्मरण गर्दै मदनकृष्णले दशौंपटक अमेरिका पुगेको बताए। मदनकृष्णले अन्तरक्रियामा आफ्नै मौलिक शैलीमा कुरा राख्दा दर्शक रमाएका थिए। मदनकृष्णले पुख्यौंली घर जितपुर र बाल्यकाल बिताएको घरसम्बन्धी तयार गरिएको श्रब्यदृश्य प्रस्तुत गरिएको कार्यक्रममा



पत्रकार बानियाँले बाबुले ५ पटक बिहे गरेको छोराले हेरेको, ७ कक्षा पढ्दासम्म ९ पटक विद्यालय फेरेको, कर्मचारी सञ्चय कोषबाट आफूभित्र निहित प्रतिभा शुरू भएकोलगायतका विषयमा सवाल गर्दा र मदनकृष्णले विभिन्न क्षणका स्मरण गर्दै सुनाउँदा दर्शक रमाएका थिए। कार्यक्रममा मदनकृष्णले आत्मकथा लेख्न सजिलो हुन्छ होला भन्ठाने पनि ६ वर्ष लागेको बताए। 'आत्मकथा लेख्न शुरू गरेको बेलामा पत्नीलाई क्यान्सर भएर उपचारतिर लाग्नुपरेकाले *महको म* लेखनमा ढिलाई भयो' -मदनकृष्णलाई उद्धृत गर्दै वासिङ्टन डीसीबाट *नेपाल समाचारपत्र*का सहयोगी विजय थापाले जानकारी गराए। *महको म* लेख्दा पार्किन्सन्स रोगले गर्दा निकै कष्टप्रद भएको पनि उनले खुलाए। पुस्तकमा श्रेष्ठको बाल्यकाल, प्रारम्भिक संघर्ष, प्रेम र विवाहदेखि कलाकारितामा सफल हुँदासम्मका उकाली-ओराली, पत्नीले क्यान्सरसँग गरेको संघर्षलगायतका विषयमा उल्लेख गरेका छन्।

अन्तरक्रियाका क्रममा उनले आफ्नो अन्तरजातीय विवाहका बारेमा पनि चर्चा गरेका थिए। त्यसो नगरेको भए आफ्नो दायरा यति फराकिलो नहुने पनि उनले बताए। कार्यक्रममा मदनकृष्णले ५ गीत गाएका थिए भने पत्नी यशोदा सुवेदीको सम्झना गर्दै आफू अब हाँसेर जीवन बिताउने बताएका थिए। कार्यक्रम नेपा पास पुच: अमेरिकाय (एनपीपीए) ले आयोजना गरेको हो।

# भिडियोमा आमाछोरीको सम्बन्ध



हास्यकलाकार किरण केसी 'राता मकै' ले मोडल दीपाशा बीसीका साथ भिडियोमा देखिएका छन्। किरण गायिका बिमाकुमारी दुराको तीज गीत *आमा बरिलै*मा दीपाशाका साथ देखिएका हुन्।

आमा र छोरीको सम्बन्ध बोल्ने गीतमा गायिका दुराका साथमा गायिका धनकुमारी थापा, गायक नरेश खाती र शान्तिश्री परियारको स्वर रहेको छ। गायक खातीको शब्द तथा संगीत रहेको गीतको भिडियोलाई प्रकाश भट्टले निर्देशन गरेका छन्। भिडियोमा किरण र मोडल दीपाशाका साथमा शर्मिला शर्मा, नरेश खाती र धनकुमारी थापाले अभिनय गरेका छन्।

हास्यकलाकार केसीले तीजलाई लक्षित गर्दै तयार पारिएको गीतमा वेदनाको भाव समावेश गरिएको बताए। उनले पछिल्लो समयमा फिल्ममा लोकलयमा आधारित गीत राख्न थालिएको र त्यसलाई दर्शकले समेत अत्यधिक रुचाएको पाएको बताए। 'मैले निर्माण गर्ने फिल्म *दाल, भात, तरकारी*मा पनि लोकलयमै आधारित गीत राख्ने निर्णय गरेको छु। यसको छुट्टै पहिचान छ' -किरणले भने। राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका निवर्तमान अध्यक्ष चन्द्र शर्माले तीजमा सार्वजनिक हुने थुप्रै गीतको भीडमा *आमा बरिलै* भिन्न सावित हुने दाबी गरे। मोडल दीपाशा बीसीले किरण केसीजस्ता अग्रज कलाकारसँग काम गर्न पाउनु गर्वको विषय भएको उनले बताए।

# पुरानादेखि नयाँ पुस्ताका अभिनेतृ एउटै भिडियोमा



भुवन चन्द, चैत्यदेवी, वसुन्धरा भुसाल, रूपा राना र सारिका घिमिरेजस्ता पुरानादेखि नयाँ पुस्ताका कलाकारले कम्मर मर्काएको तीज गीत सार्वजनिक गरिएको छ।

सञ्चारकर्मी गीता अधिकारीको *यतै घमाइलो उतै घमाइलो* बोलको तीज गीतमा पुरानादेखि नयाँ पुस्ताका अभिनेतृले कम्मर मर्काएका हुन्। राजधानीमा आयोजित एक कार्यक्रमबीच यो तीज गीतको म्युजिक भिडियो एकसाथ सार्वजनिक गरिएको छ। कार्यक्रममा सभामुख ओनसरी घर्तीले गीतको तारिफ गर्दै सबै महिलाकाको नेतृत्व गर्दै जागरणसम्बन्धी तीज गीत साथै सन्देशमूलक तीज गीत आएको चर्चा गरिन्। गीतकार अधिकारीले आफ्नो यो पहिलो तीज गीत भएको र यसबाट आफू आशावादी रहेको बताइन्। सारिका घिमिरेको स्वर रहेको गीतमा दीपक शर्माको संगीत रहेको छ। भिडियो युवराज वाइवाले निर्देशन गरेका छन् भने वीरेन्द्र भाट 'विपिन' को छायांकन र सम्पादन रहेको छ। भिडियोमा मनिता गहतराजको नृत्य निर्देशन रहेको छ।

# गलेश्वरधाम दर्शन सार्वजनिक



म्याग्दी, (नेस)। म्याग्दीका लोकगायक रवि कार्कीको *गलेश्वरधाम दर्शन* बोलको भक्तिगीत सार्वजनिक गरिएको छ। गलेश्वर शिवालय क्षेत्र विकास कोषको प्रस्तुतिमा गलेश्वर मन्दिरको प्रचारप्रसार र प्रबर्द्धन गर्ने उद्देश्यसहित गीत निर्माण गरिएको हो।

कोषका संरक्षकसमेत रहेका म्याग्दीका प्रमुख जिल्ला अधिकारी लीलाधर अधिकारीले म्युजिक भिडियोसहित गीत सार्वजनिक गरेका हुन्। धौलागिरि क्षेत्रमा गाइने मौलिक भजनको लय रहेको भक्ति गीतको शब्द संकलन कोषका उपाध्यक्ष पण्डित भीमनाथ पराजुलीले गरेका छन् भने गायक स्वयं रवि कार्कीको संगीत तथा उनका साथमा तारानाथ आचार्य र ज्योती लोहनीले गाएका छन्। गीतमा शिवजीको भेषमा खेम केसी र करिश्मा सुवेदी पार्वती बनेर नृत्य गरेका छन्। यसको भिडियोमा निर्देशन र छायांकन गणेश सापकोटाको रहेको छ भने सम्पादन सन्तोष सारु मगरले गरेका छन्। हास्यव्यंग्यमा दखल राख्ने गायक कार्की सानैदेखि सांगीतिक क्षेत्रमा सक्रिय छन्। उनले यसअघि पञ्चेबाजाको गीत *बेनीबजारमा झर मायालु* बजारमा ल्याइसकेका छन्।




# कामनाको हरेक अंक विशेष अंक

## यस अंकका आकर्षणहरू

### » आयुष्मान + प्रियंका = आयंका

नायिका प्रियंका कार्की र नायक आयुष्मान देशराज जोशी प्रेम सम्बन्धपछि दाम्पत्य जीवनमा बाँधिने भएका छन्। दाम्पत्य जीवनको बाटोमा हिंड्ने सिलसिलामा उनीहरूबीच इन्गेजमेन्ट भएसँगै प्रियंका र आयुष्मान जोडिएर आयंका भएका छन्। के छ आयंकाको विहे योजना? कहिले र कहाँ हुँदै छ बिहे?

### » कति चाँडै तीजको लहर !

तीज आउनु कहिले-कहिले नेपाली गायक-गायिकालाई महिनौं अगाडि नै तीज लाग्न थालेको छ। भदौ अन्तिमतिर परेको तीजका विषयमा करिब ३ महिनादेखि नै यसरी गीत आइरहेका छन् कि यसलाई हेर्दा कोभन्दा को कम भन्ने होडबाजी देखिएको छ। को-को छन् होडबाजीमा? कस्ता छन् यस वर्ष बेमौसममै बजारमा आएका तीज गीत र तिनको म्युजिक भिडियो?

### » सेलाउँदै सिनेमा

लाग्छ, सिनेमाको पनि सिजन हुन्छ। २०७५ साल यता आएर सिनेमाको सिजन फेरिएको छ। २०७४ सालको सुरूआत र अन्त्यतिर सफलताको शृंखला देखिएको नेपाली सिनेमा क्षेत्र २०७५ यता आएर सेलाएको छ। कस्ता छन् सफलता र असफलतका शृंखला?

### » सफलतासँगै असफलता

सिनेमामा सधैं सबै सफल हुन्छन् भन्ने छैन। असफल हुनेहरु त्यति धेरै छन्, जति थोरै सफल हुनेको सूची छ। नेपाली फिल्मको क्षेत्रमा सफलतालाई असफलताले सधैं पच्छ्याइरहेको छ। कसलाई मिल्यो सफलता र को भइरहेका छन् असफल !

### » शेयर वृद्धि राहत, बक्स अफिस आहत !

राहतकै कुरा मान्नुपर्छ कि नेपाली फिल्मका निर्माताहरूले फिल्म प्रदर्शनपछि प्राप्त गर्ने शेयर अंशमा थोरै भए पनि वृद्धि भएको छ। निर्माताले प्राप्त गर्ने शेयर प्रतिशत थोरै वृद्धि भएको केही समयपछि नै उनीहरूले बक्स अफिस पनि पाएका छन्। तर यी दुई कुराले नेपाली फिल्मका निर्मातालाई राहत पुऱ्याउला वा नपुऱ्याउला?

### » आमाअघिको नेपाली सिनेमा

नेपाली सिनेमाको क्षेत्रमा आमा फिल्मको इतिहास छुट्टै छ। तर त्यसअगाडि पनि सिनेमा बनेको छ। आमाअघि नै नेपाली सिनेमाको इतिहास शुरु भए पनि त्यसलाई छिपाउने प्रयास बारम्बार भइरहने गर्छन्। आखिर किन यस्तो भइरहेको छ?

### » ब्युटी पेजेन्ट र मोडलिङ परिवेश

केही समय यता आएर ब्युटी पजेन्टको बाढी आइरहेको छ। सातामै थुप्रै ब्युटी पेजन्ट हुँदै आएका छन्। कहाँ-कहाँ कसरी हुन्छन् ब्युटी पेजेन्ट? अनि मोडलिङको परिवेश कस्तो छ? विस्तृत रिपोर्ट।

साथमा बलिउडका दुश्मन नायिका, सेनानी अभिनेताको सम्झना, भिन्न अवार्ड भिन्न विजेता, फेसियल ट्रेन्ड तथा स्थायी स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, क्लिक क्लिक र हुइयां।

**आफ्नो प्रति आजै सुरक्षित गर्नुहोस्**

# विचार

जे तिमीले गर्नु छ, त्यो तरबारले होइन,
मुस्कानले गर।
- सेक्सपियर

प्रत्येक महान् कार्यले त्यस्तै महान्
कार्यको निम्ति ढोका खोल्छ।
- एमर्सन

## सम्पादकीय

नेपाल समाचारपत्र

# अपराधको पराकाष्ठा

अपहरणमा परेका ११ वर्षीय बालक निशान खड्काको निकै निर्मम र क्रुर ढंगले हत्या गर्ने दुईजना अपहरणकारीलाई प्रहरीले इन्काउन्टरमा मारेको छ। अपहरणकारी मारिनुमा सबैले प्रहरीको तारिफ गरेका छन् भने बालक मारिएकोमा भने सबैको हृदय रोएको छ । किनकि बालक अपहरण गरेर ज्यान नै लिनु अपराधको पराकाष्ठा हो। अपहरणपछि बालकका आफन्तले प्रहरीलाई समयमा नै खबर गर्नु सकारात्कम पक्ष हो । बालक अपहरण परेलगत्तै प्रहरीले एक्सन लिएको पनि देखिन्छ । तर विडम्बना, प्रहरीले अपहरणमा परेका बालकको ज्यान भने बचाउन सकेन । बालक खड्काको हत्या गरेपछि मात्र फिरौती मागेको हो वा हत्या नगरीकनै फिरौती मागेको हो भन्ने विषय खोजीकै विषय बन्न पुगेको छ ।

बालकाको अपहरणमा संलग्न अजय तामाङ र गोपाल तामाङ पक्राउ गर्ने क्रममा प्रहरीको इन्काउन्टरमा मारिएका छन् । इन्काउन्टरमा मारिनुले अपहरणपछि हत्या गरिएका बालक खड्काको परिवारले राहतको महसुस गराएको छ। सामान्य चियापसल गरेर गुजारा चलाउँदै आएका परिवारलाई ४० लाख फिरौती माग्नु निकै ठूलो विषय हो । फोन कलका आधारमा प्रहरीले समयमै सतर्कता अपनाएको भए शायद निशानको जीवन बच्न सक्थ्यो कि ? यो झीनो आशा हुनु स्वाभाविक नै हो। जे होस् अपहरणकारी मारिनु पनि प्रहरीको सफलता नै मान्नुपर्छ ।

घटनापछि केही मानवअधिकारवादीहरूले अपहरणकारीको मानवअधिकारको विषय पनि उठाएका छन्। हो, हरेक नागरिकले निर्धक्क भएर हिँडडुल गर्न पाउनुपर्छ। तर अपहरण गरेर फिरौती माग्नुको साथै अपहरण गरेका बालकको हत्या गर्नु यो भन्दा ठूलो अपराध अरू हुन सक्दैन। मारिने व्यक्तिहरूको मानवअधिकारको प्रश्न उठ्दै गर्दा ११ वर्षीय अबोध बालक निशान खड्काको पनि बाँच्न पाउने मानवअधिकार थियो कि थिएन ? भन्ने प्रश्न पनि उठ्छ ।

प्रहरीको इन्काउन्टरमा अपहरणमा संलग्न अपराधीहरू मारिनुले समाजमा आपराधिक घटनाक्रम घट्ने आँकलन गर्न सकिन्छ । समाजमा हुने कुनै पनि आपराधिक क्रियाकलाप रोक्नु प्रहरीको कर्तव्य हो । समाजमा सबैले ढुक्क भएर हिँडडुल गर्न पाउनुपर्छ । अबोध बालकलाई अपहरण गरेर हत्या गर्ने व्यक्तिहरू इन्काउन्टरमा मारिनुले आगामी दिनमा अपराधजन्य क्रियाकलापमा संलग्न व्यक्तिहरूले उन्मुक्ति पाउँदैनन् भन्ने पाठ सिकाएको छ। तर पनि यस्ता घटान फेरि नदोहोरिएलान् भन्न सकिँदैन। त्यसैले सबैजना सतर्क भने हुनै पर्छ ।

# सरकारमा सुवर्ण अवसरको बोध खै?



रमेश भट्टराई 'सहृदयी'

> हिजो घोषणापत्रमा कबुल गरेका वचनलाई बिर्सेर स्वार्थको गन्ध र अन्योलको ऐँझेरु झाँगिदै गएमा देशमा राजनीतिक क्षति बढ्न सक्छ। सर्वसाधारणको जनजीविकामा परिवर्तन गर्न महँगी र युवा पलायनका पक्ष पेचिला छन्। सरकारले जनताका दैनिक प्रयोगका खाद्यान्न, तरकारी, लत्ताकपडाजन्य पदार्थमा जनताको पहुँचयोग्य मूल्य निर्धारण गर्नु आवश्यक छ। विलासी वस्तुमा कर वृद्धि गरेर गरिब जनतालाई उक्सिने मार्क्सवादी सिद्धान्तमा सरकार गम्भीर बन्यो त?

मुलुक संघीय गणतान्त्रिक धारमा विकसित भइरहँदा संविधान कार्यान्वयनका विषयसँग लामो सङ्क्रमणकालीन घाउमा मलम लगाउने कुरा अबको चासो र चर्चाको विषय हो। अब हिजोका घोषणापत्र र वचनबद्धतालाई साकार तुल्याउनु छ। वास्तवमा मुलुक समृद्ध र सुशासनको धारमा लम्किन्छ भन्ने जनअपेक्षा हो। वर्तमान सरकारले रेल्वे सेवा विकासका बृहद् योजना, जल यातायातलगायतका विशिष्ट कार्यमा दुई छिमेकी मुलुकसँग हातेमालो गर्दै सन्धि-सम्झौता गरेका विषय कूटनीतिगत हिसाबमा सराहनीय छन्। यातायातका पक्षमा भएका सम्झौता, सीमाका विषयमा जागेको जाँगर र उठेका आवाज, सरकारी व्यवस्थापनका विषयसँग पक्कै जनता सकारात्मक छन्। बोधगम्य पक्ष हुन्, सत्तापक्षी र विपक्षी आखिर सबै मिलेर मात्रै एकै सालमा स्थानीय, प्रदेश र केन्द्रीय स्तरको चुनावी माहोल निर्माण भएर कार्य सम्पन्न भयो। जनसम्बोधनको फलस्वरूप दुई ठूला वामपन्थी विचारमा भएको एकताले नेपाली राजनीतिमा नवीन इतिहासको दृष्टान्तलाई स्थापित गर्न पुग्यो।

विगतमा नेपालमा सोचेअनुसारका परिवर्तन हुन नसक्नुले अगुल्टाले हानेको कुकुर बिजुली चम्किँदा तर्सिनुपरेका बाध्यता पुरानै हुन्। संघ, प्रदेश र स्थानीय सरकारको टकरावले यदि फेरि अर्को रूप लिने हो भने आशा गरेको संघीय व्यवस्था र विकासमै दाग नलाग्ला कहाँ भन्न सकिएला र? अहिलेकै अवस्थामा आर्थिक भारको मारमा आजको सरकारले खुट्टा घुमाउन सजिलो पनि त छैन। मुलुकको स्थायी समृद्धिसँग जनमुखी संविधानलाई जनअपेक्षाअनुरूप कार्यान्वयनका अपेक्षा छन्। यद्यपि परिवर्तनको महसुस गराउने गुणात्मक कार्य नगरे यो सरकार पनि जनताको नजरमा सबल र सफल बन्न नसक्ने अड्कल हुन थालेको पाइन्छ। गोजी भर्ने पुराना स्वार्थी शैली र नातावादी रङ्गढाँचाका विरुद्धमा अबको सरकारले व्यावहारिक पक्षबाट कानुनी तबरले प्रखर बनेर इतिहास बनाउन सक्नुपर्छ। हिजोकै उही भ्रष्ट प्रवृत्तिमा नेताको चाकडी, चाप्लुसीगत कुरूपता र मखुन्डोमा देउता तर भित्र दानवको नाटक चलाउने रीत बदल्न सके मात्रै देशको ठूलो परिवर्तन भएको महसुस गर्न पाऔंला।

नेपालको इतिहासमा कम्युनिस्ट शासनले नेतृत्व पाएको अवस्थासँग एक भएर विकासको महायज्ञमा जुट्न नसके यो इतिहासको धब्बा बन्छ। प्रतिपक्षी पनि एक असल प्रतिपक्षी भएर विकासका हरेक मार्गमा अघि बढे मात्र हिजो भनिएका घोषणापत्रका बाचा पूरा गर्न सहज बन्ला र भोलिका लागि स्थान सुरक्षित रहिरहला। तर, मिलन र फुटको चक्रमा जेलिने हो भने यो शिशु अवस्थाको संघीयताको मुनामा कीरा लाग्ने खतरा बढ्न सक्छ। चाहे जो जहाँ होस्, विरोधी शैली उस्तै र अझै नकारात्मक तबरले बढ्नु जनताको अभिमतलाई लत्याउनु नै हो। अतः अब दीर्घकालीन समृद्धिको निरन्तरताका लागि आपसमा मन माझ्ने कार्यले माथिदेखि तलैसम्मको वर्गीय क्रममा मिलनको भाव सौहार्दमय बन्न सक्नुपर्ने देखिन्छ। वास्तवमा अन्योल, अस्थिरता, झन्झटिलो स्वार्थी राजनीतिगत सोच बदलिएर ग्रामीण विकासका बाटा सहज बन्लान् भन्ने अपेक्षा जनमानसमा छ। हिजोका कमी-कमजोरी जे-जति भए तिनलाई भन्दा स्वर्णिम आगतको समृद्धिलाई जनताले विश्वासका साथमा आशा गरेका छन्। दुई-चार दिन मिलेजस्तो गर्ने, मनमा तुष रहनेजस्ता विषयमा मन माझ्ने कार्य नभएमा समृद्धिको दिगो स्थायित्वमा स्वार्थको सुलसुले पस्न सक्छ। यसर्थ भित्री कल्मषमय एकताको चुनौतीसँग पूर्वसतर्कता र सचेतना पनि उत्तिकै आवश्यक बन्छ।

देशमा प्रजातन्त्रपश्चात् परिवर्तनको सोच र समृद्धिकै नारा बोकेर विभिन्न व्यवस्था आए। पञ्चायती व्यवस्थाले जनतालाई चाकडीबाज र शक्तिभक्त बनायो भनिरहँदा त्यसपछिका बहुदलीय नेतृत्व, लोकतन्त्र, गणतन्त्र हुँदै संघीय शासनको आजको अवस्थासम्म आइपुग्दा हरेक शासकले चाकडीबाजको स्वरूपलाई कसरी लिन्छ त? यदि देशले सुशासन कायम गर्ने हो भने भ्रष्टाचार र भयग्रस्त हजुर्याइँबाट मुक्ति हुनु आवश्यक छैन त? आज नेपालका हरेक पार्टीमा खेमाबन्दीको गन्ध छ, जुन विकासको भन्दा भागवण्डाको आडमा बाँधिइरन्छन्। आफ्नालाई खुशी तुल्याउन भ्रष्टाचारको गन्ध फैलिरहन्छ। देशमा भन्दा नेतृत्वमा समर्पित बन्ने सोच हाबी बनेको भान हरेक पार्टीमा कता न कता छ। वास्तवमा कुनै पनि पार्टीको काखी च्यापेर गुटबन्दी बनाउने सोचभन्दा माथि उठेर मुलुकको स्वार्थमा समर्पित भए मात्र त्यो पार्टी उदार बनेको भन्न सकिएला। न्यायको पुन्तुरोमा खिया लगाएर साधुलाई सुली र चोरलाई चौतारोमा राखे सामाजिक न्यायका नीति तथा कानुन पुस्तकका पानामा राखिने मखुन्डो बन्छन्।

सत्तापक्ष प्रतिपक्षीमा राम्रै कामको पनि आपसी विरोध गर्ने प्राचीन संस्कार आज पनि उत्तिकै छ तर विकासका नामले गर्ने र जनताको मन जित्ने खालका प्रतिस्पर्धा हुँदैनन्। यसको अर्थ त विरोधको संस्कारलाई नै विकास गर्ने पद्धति हाबी बनाउनु होइन र? मुलुकमा बहुमतको सरकार छ। मार्क्सवादी सर्वहारा वर्गको नेतृत्वमा देशले वर्तमान सरकारलाई परिवर्तनको आशासँग जिम्मेवारी सुम्पेको छ। यदि पक्ष-विपक्षबीच अन्तर्विरोध गर्ने पुरानै शैली र अन्योलको अवस्थामै अबको सरकार अल्झिरहने हो भने त्यो मुलुकका लागि यो नेतृत्वलाई नै अभिशाप बन्न सक्छ। जनताले विगतमा माओवादी नेतृत्वको सरकारसँग पनि ठूलै आशा गरेका थिए तर भाषण जत्तिकै व्यवहारमा परिवर्तन आएन। अबका जनता काम नहेरी पक्कै आशावादी बन्न सक्दैनन्। यसर्थ विकासवादी समृद्धिको नारा र जनमुखी धारका नामले आजको सरकारसँग व्यावहारिक परिवर्तनलाई चाहेको हो।

स्थानीय तह हुँदै प्रदेश तथा प्रतिनिधिसभासम्मको चुनावी वर्षमा जनतासामु राखिएका सर्तसँग तालमेल मिलाउन ढिलो भइसकेको छ। निर्वाचन भएको वर्ष दिन बढी समय बितिसकेको अवस्थामा दलहरूले आफ्ना घोषणापत्रका प्रतिबद्धता भुलेको दुखेसो जनमानसमा छ। संविधानले राज्यका तीनै संरचना र अधिकारलाई प्रस्ट्याए पनि स्थानीय प्रतिनिधिहरू कानुन र जिम्मेवारीकै अन्योलमा अल्झिरहँदा विकासका पाटा छायामा छन्। तीनै संरचना आ-आफ्ना शैलीमा प्रभुत्वको स्वार्थजालो रच्न लागेका देखिन्छन्। अलमलिएको संघ, प्रदेश र स्थानीय सरकारले पाँचबर्से कार्यकालमा के-कसरी विकासको जग बसाएर परिवर्तनको आभास गराउला त, अपेक्षामा जटिलता छन्। यसर्थ दुई कम्युनिस्टले वामपन्थी धारमा गरेको एकता केवल दुई पार्टीको ध्रुवीकरण होइन, देशको विकासको इतिहास कोर्ने दर्बिलो आधार बनेर देखाउन पनि त सक्नुपर्छ। भावी इतिहासमा सफल राजनीतिक उदाहरणलाई पेस गर्ने बाटो खन्न विकास र समृद्धिको बाटोमा कटिबद्ध भएर लाग्न सक्नुपर्छ।

एकातिर सरकारमा रहेको नेकपा र अर्कोतिर दोस्रो ठूलो शक्ति प्रतिपक्षी बन्दा देश विकासकै विषयमा प्रतिस्पर्धा गरिरहेमा, कमी-कमजोरीलाई केलाइरहेमा कमसेकम विकासकै विषयमा प्रतिस्पर्धात्मक होड चलिरहनुपर्ने हो। यसो भएमा न्यायिक संयोजनका साथमा जनताको जीवनस्तर विकासकै विषयले प्रतिस्पर्धाको स्थान पाउन सक्थ्यो। तर, यसको विपरीत नेपाली राजनीतिमा विगतदेखि मौलाउँदै आएको राम्रा कामलाई पनि दोषै मात्रै दिइरहने घातक दीर्घरोग छ। सुकार्यमा पनि खुट्टा तान्न तम्सिने सङ्कीर्णताले विकासमा सुस्तता र गुटवादी सोच हाबी बन्दै गएका दुःखद यथार्थ छन्। विकासको साटो यहाँ विनाशको सोचले कूटनीतिगत प्रतिस्पर्धा भइरहँदा सोझा जनतालाई सास्ती हुँदो रहेछ। विकासका सुकार्यमा बाधा उत्पन्न हुँदो रहेछ। नातावाद, कृपावाद कुपरम्पराका कारण सक्षम र जोशिला युवा जनशक्ति केवल हजुर्याइँमा समय व्यतीत गर्न पुग्दा रहेछन्। यसरी हेर्दा शिशु अवस्थाको ताँतेताते गर्दै गरेको नेपालको संघीय लोकतान्त्रिक व्यवस्थाले राम्ररी टेक्ने भर पाउन सक्ला त? अबको जनअपेक्षा हो।

अब यो सरकारले आरोप-प्रत्यारोपको स्थितिबाट माथि उठेर उक्साउने, उक्सिने विचारका तुषलाई समन्यायिक संयोजन गर्न सक्नुपर्छ। यदि यसो नभएमा विकासतर्फ होमिनुपर्ने सरकारको अमूल्य समय खेर जान सक्ने भय रहिरहन सक्छ। यसर्थ अब समृद्धि, सुशासन र राष्ट्रिय स्वाधीनताका विषयसँग निःस्वार्थ भावलाई केन्द्रमा राखेर अघि बढ्न सक्नुपर्छ। चुनावी घोषणापत्रलाई न्यायपूर्ण कार्यान्वयनतर्फ लम्किएर नवीनतम् विकासमा युवा नेतृत्वले अवसर र अधिकार दिलाउने कार्य गरे पक्कै यो सरकारले जश पाउनेछ। समाज परिवर्तन र युवा स्वरोजगारमा गुणात्मक परिवर्तन गर्दै विकासको महायज्ञमा एकजुट हुने बेलामा गुट या त फुट, टुट र लुटको व्यवहार पक्कै घातक बन्छ। तसर्थ इतिहासमै बलियो कम्युनिस्ट पार्टीको उदाहरण बनेको यो एकताले अब संघीय शासन विकास र विस्तारको उदाहरणीय इतिहास बन्न सक्नुपर्छ।

हिजो घोषणापत्रमा कबुल गरेका वचनलाई बिर्सेर स्वार्थको गन्ध र अन्योलको ऐँझेरु झाँगिदै गएमा देशमा राजनीतिक क्षति बढ्न सक्छ। सर्वसाधारणको जनजीविकामा परिवर्तन गर्न महँगी र युवा पलायनका पक्ष पेचिला छन्। सरकारले जनताका दैनिक प्रयोगका खाद्यान्न, तरकारी, लत्ताकपडाजन्य पदार्थमा जनताको पहुँचयोग्य मूल्य निर्धारण गर्नु आवश्यक छ। विलासी वस्तुमा कर वृद्धि गरेर गरिब जनतालाई उक्सिने मार्क्सवादी सिद्धान्तमा सरकार गम्भीर बन्यो त? निम्न आय भएका जनताले सहनै नसक्ने महँगीको मारलाई झेल्नुपरेका पीडामा सरकार गम्भीर बन्नुपर्छ। स्वदेशी आत्मनिर्भरताको अभाव र वैदेशिक रोजगारिताको पीडाप्रति सरकार युवाशक्तिलाई देशमै उपयोग गर्ने गरी दोहोरो हिसाबबाट चनाखो बन्न सक्नुपर्छ। हिजोका प्रतिबद्धता, चुनावी प्रतिबद्धतासँग जोडिएको जनताको आशामा शङ्का र चासोको घुलन छ। अतः जुँघाको लडाइँ गर्ने पुरानो रोगलाई त्यागे मात्र यो सरकारले जश पाउला।

## पाठक पत्र

### विपत्मा साथ दिनुपर्‍यो

नेपालको सबैभन्दा दुर्गम क्षेत्र जाजरकोट फेरि एकपटक पीडामा डुबेको छ। सदरमुकाम खलंगामा आइतबार गएको भीषण पहिरोमा परी एकै घरका चारसहित नौजना बालबालिकाले ज्यान गुमाएका छन्। कहिले स्वाइन फ्लुको महामारी, कहिले झाडापखालाको प्रकोप, कहिले खानेपानीको हाहाकार, कहिले कहालीलाग्दो बस दुर्घटनाले जाजरकोटवासीका पीडादायी खबरहरू सार्वजनिक भइरहेकै हुन्छन्। जाजरकोट दुर्गमको एउटा प्रतिनिधि जिल्ला मात्र हो। अहिले देशभरि नै बाढी, पहिरो, डुबान, नदी कटानले हजारौं जनता विस्थापित भइरहेका छन्। तर, राज्यले जनताको पीरमर्का र पीडामा मलम लगाउन सकिरहेको छैन।

राजधानी रहेको उपत्यकाकाको भक्तपुरमै हनुमन्ते खोलाको उचित व्यवस्थापन नहुँदा सोमबार मात्र १ जनाको शव भेटिएको छ। ललितपुरमा गाडी बगाएको समाचार दिनभरिजसो आइरहेको थियो। सरकारले आर्थिक समृद्धिको कुरा गरिरहँदा यहाँका नागरिकहरू कति बेला पहिरो झरेर पुरिने हुन्, कति बेला सिंगो बस्ती नदीको भेलले बग्ने हुन् र कति बेला पानीले सिंगो शहर वा गाउँबस्ती नै डुबानमा पर्ने हुन्, त्यसको कुनै ग्यारेन्टी छैन। पूर्वको कोशी ब्यारेजपीडितका कथाव्यथा राज्यले कहिले सम्बोधन गर्न सक्ला वा सधैं यसरी नै उपेक्षा गरिरहला? अहिलेको यक्षप्रश्न हो यो।

राज्यले जनताको जीउधनको सुरक्षा गर्नु पहिलो कर्तव्य हुन आउँछ। दैवी विपत्तिसँगै आउने पीडा न्यूनीकरण गर्न तीनै तहका सरकारले पूर्वसतर्कताका अभियानहरू सञ्चालन गर्न सक्छ र सक्नु पनि पर्छ। चाहे जाजरकोटका दलित बालबालिका पहिरोमा पुरिँदा होस् या कोशी ब्यारेज उर्लिएर स्थानीयवासीलाई बेर्सेनि सिध्याइरहेको नियति किन नहोस्, राज्य संवेदनहीन हुनुहुँदैन। भारतसँग निकट सम्बन्ध स्थापित भएको प्रचार गर्ने प्रधानमन्त्री केपी शर्मा ओलीले कोशीपीडितको आर्तनादबारे समकक्षी नरेन्द्र मोदीसँग संवाद गर्न किन नसकिरहेका होलान्?

हरेक वर्ष कोशीपीडितले मुआब्जा पाउन नसकेको विषयमा परराष्ट्र मन्त्रालयले भारतको ध्यानाकर्षण गर्न किन सकिरहेको छैन? विगत ६८ वर्षदेखि भारतको आश्वासन पूरा हुने आशामा प्रतीक्षारत गरिब जनताका कति पुस्ता यसरी नै आशैआशमा रहनुपर्ने हो? सरकारले यसको जवाफ दिनुपर्छ। प्राकृतिक विपत्तिको पीडामा हातेमालो गर्न सत्तापक्ष वा प्रतिपक्षको ध्यानाकर्षण किन हुन नसकिरहेको होला? राष्ट्रिय विपत्तिमा तेरो र मेरो भन्न छाडेर जनताका पीडा-व्यथामा मलम लगाउन किन चुकिरहेका होलान् राजनीतिक दलहरू? राजनीतिक स्वार्थका लागि जे पनि गर्न तयार हुने सरकार कोशीपीडितका सवालमा मौन बस्नु अर्को दुर्भाग्य हो।

अहिले पीडैपीडाको समुद्रमा छाँद हालिरहेको जाजरकोट होस् या राजधानीको भक्तपुरस्थित हनुमन्ते खोलाको बहावले स्थानीयका कोठासम्म डुबेका दृष्टान्त नै किन नहोस्, देश नमीठो पीडामा छ। कर्णाली प्रदेशको डोल्पा सदरमुकाम दुनैमा भेरी नदीको बहाव १२ वर्षयताकै सबैभन्दा ठूलो हुँदा त्यहाँका जनता त्रासैत्रासमा बाँचिरहेका छन्। भेरीको पानीले केही मिनेटमात्र धार परिवर्तन गरे असङ्ख्य जनधनको क्षति बेहोर्नुपर्ने स्थिति रहँदा पनि सरकारले खतराको पूर्वसूचना दिने यन्त्रसम्म राख्न सकेको पाइँदैन।

नेपालका नदी, खोला बढ्दा कति बेला कस्तो विपत्ति निम्त्याउने हो, त्यसको पनि पूर्वानुमान गर्न सकिँदैन। उच्च जोखिममा रहेका घरटहरा निर्माणमा रोक लगाउने, बस्ती सार्ने, पूर्वसतर्कताका अभियान गर्ने र उद्धार तथा राहत टोली तयारी अवस्थामा राख्ने काम भने तीनै तहको सरकारले गर्न सक्छ। वर्षादको समयमा जनताको जीउधनको सुरक्षाका लागि सरकारले सबै उपायहरू अवलम्बन गर्नुपर्छ। विपद्को पीडामा मलम लगाउन सके मात्रै राज्य रहेको अनुभूति जनताले गर्न सक्छन्। वर्षाको समयमा बालबालिका, वृद्धवृद्धा, अपाङ्ग र सुत्केरी अत्यधिक जोखिममा रहने भएकाले तिनीहरूलाई जोगाउन विशेष सतर्कता अपनाउनुपर्छ। अविरल वर्षादका कारण बाढीपहिरोको उच्च जोखिममा रहेका क्षेत्रहरूका जनताका लागि सरकारले उद्धारका निम्ति कुनै कसर बाँकी राख्न हुँदैन। यो विषय सबै सरकारसम्म पुगोस्।

*– सुलभ वैद्य, काठमाडौं।*

### महिला हिंसाका घटना बग्रेल्ती, कडा सजाय चाहियो

महिला हिंसाका विभिन्न निक्रिष्ट घटनाहरू अहिले समाजमा बढिरहेका छन्। एकपछि अर्को गर्दै भिन्न-भिन्न प्रकृतिका घटनाहरूमा संलग्न महिलाहरू धेरै मात्रामा पीडित हुनुपरेको छ। परीक्षा दिन आएकी छात्राको योजनाबद्ध हत्या होस् वा महिलाको संवेदनशील अंगहरूमा गरिएका निक्रिष्ट प्रयासहरूले भिन्न-भिन्न रूप धारण गरेको पाइन्छ। १३ वर्षीया बालिका बलात्कार होस् या १४ वर्षीया बहिनी बलात्कार। काकाले गरेको बलात्कार होस् या आफ्नै बाबुले गरेको। निकै निन्दनीय महिला हिंसा र बलात्कारका घटना बाहिर आइरहेका छन्।

आफ्नै श्रीमान्द्वारा अपहेलित मात्र हैनन्, समाज र समाजभित्र बसोबास गर्ने बौद्धिक व्यक्तिहरूबाट समेत महिलाहरू चेपुवामा पर्दै आएका छन्। यसका लागि सामाजिक मूल्य मान्यता र जनचेतनासँगै कानुनी उपचारलाई कडाइका साथ पालना गर्नुपर्ने देखिएको छ।

आफूलाई पर्दा वा आफूले हिंसा गरिरहँदा सामान्य हुने र अरूले सामान्य घटना घटाउँदा वा हुँदा त्यसलाई असामान्य ठान्ने महिला वा पुरुषहरूका आचरणहरू पनि सुधार गर्नुपर्ने बेला आएको छ।

कतिपय घटना योजनाबद्धरूपमा घटाइएका छन्। महिला हिंसाको अडानभित्र निर्दोष मानिसहरू फसाउनेसम्मका घटनाहरूसमेत पछिल्ला दिनहरूमा बढ्दै गएका छन्। गाउँ-गाउँमा निगरानी समूह, योजनाबद्ध निराकरणका लागि रणनीति र हरेक घटनाहरूको गहिराइसम्म पुगेर समाधानको खोजी गर्ने कार्यमा सम्बन्धित निकायहरूले लाग्नुपर्ने आजको आवश्यकता हो। प्रहरी प्रशासन र सामाजिकरूपमा यस्ता हिंसा गर्नेलाई नसिहत दिन जरुरी छ। कानुनीरूपमा पनि यस्ताले संरक्षण पाउनुहुँदैन। यो विषयमा सबै सम्बन्धित निकायको ध्यान जान जरुरी देखिन्छ।

*– सविना केसी, घोराही दाङ।*

### 'डेन्जर' बन्दै जलवायु परिवर्तन

जलवायु परिवर्तनका असरहरू प्रत्यक्षरूपमा परेको आभास आम नागरिकहरूलाई परेको छ। चाहिने बेलामा बर्षात नहुने अनि नचाहिने बेलामा धेरै बर्षात हुने जस्ता धेरै समस्याहरू अहिल देशका बिभिन्न जिल्लाहरूमा देखिएको छ। कतै खडेरीका कारण किसानले लगाएको मकै, घैया र धानसमेत बारिमै सुक्ने अवस्थामा पुगेको देखिन्छ। त कतै बाढीको त्रास हुने गरेको छ। ठूला मुलुकहरूले गरेको औधोगिक क्षेत्रको प्रभावले परेको जलवायु परिवर्तनको असर नेपाल जस्ता मुलुकहरूले खेप्नुपरेको छ।

अहिले जलवायु परिवर्तनका असरबाट बच्नका लागि जलवायु अनुकूलित योजनाहरू बिभिन्न स्थानीय तहहरूमा लागु भैसकेका छन्। यस्ता योजनाहरूको प्रभावकारीता पनि जरुरी छ। अर्कोतफ स्थानीय तहहरूमा जलवायु अनुकूलित योजनाहरू र जलवायु परिवर्तनले पारेका असरहरूको बारेमा जानकारी राख्नुपर्ने देखिएको छ। जनचेतनामुलक गतिविधिहरू पनि गाउँपालिका र वडा स्तरमा पुर्‍याउन सकेमा मात्र यसको प्रभावकारीता बढ्ने देखिन्छ। मानिसले दैनिक जीवनमा अपनाउँदै आएका गतिविधिलाई सामान्य बनाउँदै सुक्दै गएका पानीका मुहानहरू जोगाउने, रुख बिरुवा रोप्ने, गोठ सुधार गरेर जैवीक मल र बिषादीको प्रयोग बढाउने जस्ता कामहरू गर्नुपर्ने अहिलेको आवश्यकता हो। यस विषयमा जनचेतना दिएर सचेत बनाउने कार्यक्रम संचालन गर्न जरुरी देखिन्छ।


*– संगीता पौडेल, दैलेख।*

## सामाजिक सञ्जाल



उमेर पाकेका, रोगले गालेका नेताहरु पार्टी र सरकार चलाउँछन्। सरकारी खर्चबाट विदेशमा उपचार गरी आफ्नै उद्धार गर्छन्। बोल्छन् जनताको लागि बाँचेको छु।

**Kedar marasini**
**@kedarmarasini**



आफूजस्तै साथी चाहिएर शहरमा।
ठूलो ऐना किनेर राखेको छु घरमा।

**Mahabir Bishwakarma**
**@MahabirBswkrma**



कति रून्छ होला मन परदेशमा
कस्तो हुन्छ होला तन परदेशमा
बरू आफ्नो देशमा त पसिना चुन्छ
आँशु पनि चुन्छ होला झन् परदेशमा।

**Mr. JR**
**@JhankarRawal121**

नेपालसहित चीन, भारत, अस्ट्रेलियालगायत ४५ सदस्य राष्ट्र र संयुक्त राष्ट्रसंघीय एजेन्सीहरू आईओएम, यूएनएचसीआर र यूएनओडीसी सम्मेलनको सदस्यका रूपमा रहेका छन्।

# 'मानव तस्करीलाई नेपालले गम्भीररूपमा लिएको छ'



नेपाल समाचारपत्र

काठमाडौं

गृहमन्त्री रामबहादुर थापा 'बादल' ले मानव तस्करी, बेच-विखन र यससम्बन्धी अन्तरदेशीय अपराधलाई नेपालले गम्भीररूपमा लिएको बताउनुभएको छ।

इन्डोनेसियाको बालीमा सोमबारबाट जारी 'मानव तस्करी, बेच-विखन र अन्तरदेशीय अपराध' सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनलाई मंगलबार सम्बोधन गर्दै गृहमन्त्री थापाले ठूलो संख्यामा नेपाली वैदेशिक रोजगारीमा जाने गरेका कारण पनि यो विषयलाई आफूहरूले गम्भीररूपमा लिएको बताउनुभयो।

उहाँले दिगो मानव विकास, कानुनी शासन र नागरिक सुरक्षाका लागि मानव तस्करी र बेच-विखन बाधकका रूपमा देखा परिरहेको टिप्पणी गर्नुभयो। गृहमन्त्री थापाले मानव तस्करी, बेच-विखन र अन्तरदेशीय अपराधसम्बन्धी विषयमा राष्ट्रहरूबीच सूचना आदान-प्रदान र कानुन कार्यान्वयन गर्ने निकायहरूबीच सहकार्य गर्न जारी सम्मेलनले सहजता प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले विभिन्न देशमा रहेका आप्रवासी कामदारको हितका लागि समेत यो सम्मेलनले दिशा निर्देश गर्ने आशा व्यक्त गर्नुभयो। सातौं मन्त्रीस्तरीय सम्मेलनमा विभिन्न देशका गृहमन्त्री र उच्च सरकारी अधिकारीहरू सहभागी छन्। सन् २००२ मा बाली प्रोसेसको नाममा यो सम्मेलनको आयोजना गर्न शुरू गरिएको हो। नेपालसहित चीन, भारत, अस्ट्रेलियालगायत ४५ सदस्य राष्ट्र र संयुक्त राष्ट्रसंघीय एजेन्सीहरू आईओएम, यूएनएचसीआर र यूएनओडीसी सम्मेलनको सदस्यका रूपमा रहेका छन्। गृह मन्त्रालयको चार सदस्यीय टोलीको नेतृत्व गर्दै गृहमन्त्री थापा गत आइतबार त्यसतर्फ प्रस्थान गर्नुभएको थियो। उहाँ साउन २३ गते नेपाल फर्कने कार्यक्रम रहेको छ।

## सीमा सुरक्षा प्रभावकारी बनाउन छलफल

काठमाडौं, (नेस)

नेपाल-भारत बीचको सीमा सुरक्षालाई प्रभावकारी बनाउने विषयमा दुवै मुलुकका उच्च अधिकारीबीच छलफल भएको छ। अन्तरसीमा अपराध नियन्त्रण र अन्तरदेशीय गतिविधि निगरानी बढाउने बारेमा द्विपक्षीय छलफल भएको हो।

भारत भ्रमणमा रहनुभएका सशस्त्र प्रहरी बलका महानिरीक्षक शैलेन्द्र खनाल र भारतीय गृह सचिव राजीव गौवाबीच मंगलबार यस्तो विषयमा छलफल भएको दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ। खनाल मंगलबारदेखि शुरू भएको 'थर्ड को-अर्डिनेसन मिटिङ' मा सहभागी हुन नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै दिल्ली पुग्नुभएको हो।

महानिरीक्षक खनाल तथा भारतको सशस्त्र सीमा बलका महानिर्देशक र दुवै मुलुकका सुरक्षा निकायका उच्च अधिकारी संलग्न रहने सो मिटिङ शुक्रबार समापन हुँदै छ। उक्त मिटिङमा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पुष्पराम केसी, सशस्त्र प्रहरी नायव महानिरीक्षक कविन्द्रमान श्रेष्ठ र सशस्त्र प्रहरी नायव उपरीक्षक कमलप्रसाद तिउसिना रहनुभएको छ। त्यसै गरी नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक सुशीलकुमार भण्डारी, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक टेकेन्द्र कार्की, गृह मन्त्रालयका उपसचिव एकदेव अधिकारी र परराष्ट्र मन्त्रालयका शाखा अधिकृत डा. इला मैनाली पनि सहभागी हुनुहुन्छ।

सशस्त्र महानिरीक्षक भारत प्रस्थान गरेपछि सो बलका अतिरिक्त महानिरीक्षक नारायणबाबु थापालाई कार्यवाहक महानिरीक्षकको जिम्मेवारी तोकिएको छ।

## विपद् व्यवस्थापन तालिम शिक्षालयको उद्घाटन

काठमाडौं, (नेस)

प्रधानसेनापति राजेन्द्र क्षत्रीले गोकर्णमा निर्मित विपद् व्यवस्थापन तालिम शिक्षालयको उद्घाटन गर्नुभयो। नेपाली सेनाले युद्धबाहेकका अपरेसन विपद् व्यवस्थापन, प्रकृति संरक्षण, विकास निर्माण, चुरे क्षेत्र संरक्षण, निजामती प्रशासनलाई सहयोग तथा सैनिक-नागरिक सम्बन्धमा अभिवृद्धि गर्ने कार्यहरूलाई प्राथमिकताका साथ निरन्तररूपमा बहन गर्दै आइरहेको छ।

भविष्यमा हुन सक्ने प्राकृतिक प्रकोपको क्षति न्यूनीकरणका लागि यस शिक्षालयले विपद् व्यवस्थापनका लागि छिटोछरितो र सुरक्षित तरिकाले उद्धार गर्ने प्रविधि तथा कौशलमा निपूर्ण बनाउने तालिमहरू सञ्चालन गर्नेछ।

## आधा किलो सुनसहित पक्राउ

काठमाडौं, (नेस)

अवैधरूपमा तस्करी गरेको करिब ४ सय ५७ ग्राम सुनसहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नजिक बस्ने सुनसरी भोक्राहा नरसिंह गाउँपालिका-२ का फैयाज आलमलाई आइतबार प्रहरीले पक्राउ गरेको छ। वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा गएका व्यक्तिहरूलाई प्रयोग गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार छली सुनका गहना तस्करी गर्ने कार्यमा संलग्न फैयाजलाई एयरपोर्ट गोल्डेनगेटबाट उक्त सुनसहित प्रहरीले पक्राउ गरेको हो। फैयाजलाई आवश्यक कारबाहीका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा काठमाडौं पठाइएको छ।

## पेस्तोलसहित पक्राउ

काठमाडौं, (नेस)

भक्तपुर दुवाकोट घर भई हाल सुन्धारा डेरा गरी बस्ने २४ वर्षीय राजकुमार केसीलाई मेड इन यूएस जीएमएम लेखेको नक्कली पेस्तोल, धारिलो हतियार छुरी १ थान, नियन्त्रित लागूऔषध डाइजोल्याप ३६ एम्पुल र फेनारगन ३४ एम्पुलसहित प्रहरीले पक्राउ गरेको छ। केसीले उक्त लागूऔषध थापागाँउ बस्ने अनिश थापा मगरबाट खरिद गरेको भनी बताएपछि प्रहरीले मगरलाई समेत पक्राउ गरेको छ।

## महिला हिंसाविरुद्ध राप्रमसंको विरोध प्रदर्शन




काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टीको भगिनी संगठन राष्ट्रिय प्रजातान्त्रिक महिला संगठनले मुलुकमा शान्ति सुरक्षा कायम गर्न माग गर्दै सरकारविरुद्ध प्रदर्शन गरेको छ। संगठनले महिला र बालबालिकामाथि शृंखलाबद्ध हत्या, हिंसा र बलात्कार भइरहेको विरोधमा मंगलबार काठमाडौंको माइतीघर मण्डलामा र्‍यालीसहित प्रदर्शन गरेको हो।

र्‍यालीपछि माइतीघर मण्डलामा आयोजित कोणसभालाई सम्बोधन गर्दै राप्रमसंका अध्यक्ष कुन्तीकुमारी शाहीले केही समय यता शृंखलाबद्धरूपमा महिलामाथि बलात्कार, हत्या र नारी अस्मितामाथि निरन्तर प्रहार भइरहेको र दुई तिहाइको सरकार मुकदर्शक भएर बसेकाले राप्रमसं सडकमा आउनुपरेको बताउनुभयो। नारी अस्मितामाथि चर्को प्रहार गर्ने दुर्गा प्रसाईंलाई समेत हालसम्म कारबाही गर्न नसक्ने सरकारलाई उहाँले 'लाचार' को संज्ञा दिनुभयो। राप्रमसं केन्द्रीय कार्य समितिले शुरू गरेको विरोध प्रदर्शन अब महिलाहरूकै नेतृत्वमा ७७ वटै जिल्लामा सम्पन्न गरिने उहाँले जानकारी दिनुभयो।

सभालाई सम्बोधन गर्दै पार्टीका प्रवक्ता रोशन कार्कीले महिला र बालबालिकामाथि शृंखलाबद्ध रूपमा भइरहेको हत्या, हिंसा र बलात्कारका घटना तत्काल रोक्न माग गर्दै सरकारविरुद्ध प्रदर्शन गर्नुपरेको बताउनुभयो। शान्ति सुरक्षा कायम गर्न सरकार पूर्णत: असफल भएको दाबी गर्दै उहाँले गृहमन्त्री थापाको राजीनामा समेत माग्नुभयो।

विरोध र्‍यालीमा सहभागीहरूले महिलामाथि हुने सबै प्रकारका हिंसा तत्काल अन्त्य गर्न पनि सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन्। बबरमहलबाट शुरू भएको विरोध र्‍याली माइतीघर मण्डलामा पुगेर कोणसभामा परिणत भएको थियो। सहभागीहरूले बलात्कारीलाई कडा कारबाही नगरिएको भन्दै सरकारविरुद्ध चर्का नाराबाजी गरेका थिए।

र्‍यालीको नेतृत्व संगठनकी अध्यक्ष कुन्तीकुमारी शाहीले गर्नुभएको थियो। महिला हिंसाविरुद्धको प्रदर्शनमा पार्टीका केन्द्रीय पदाधिकारी तथा सदस्यहरू, विभिन्न भातृ संगठनका पदाधिकारीहरू, पार्टीका महिला नेतृहरू तथा राप्रपासँग आबद्ध उपत्यकाका महिलाहरूको ठूलो संख्यामा उपस्थिति रहेको थियो।

## २० लाख मूल्यका कपडा बरामद

काठमाडौं, (नेस)

बिल भरपाई नभएको करिब २० लाख रुपियाँ बराबरको लेडिज सटिङ, सुटिङ र कुर्था सुरुवालका कपडासहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पर्नेहरूमा बाइच ६४२ नम्बरको टाटा गाडीका चालक गोरखा गण्डकी गाउँपालिका-६ घर भएका रेशमलाल श्रेष्ठ र उक्त सामानका धनी राजन कुमार रहेका छन्।

किलागलस्थित सडकमा उक्त गाडीमा शंकास्पद तबरबाट त्रिपालले छोपेर सामान लिई हिँडिरहेको अवस्थामा महानगरीय प्रहरी वृत्त जनसेवाबाट खटिएको प्रहरी टोलीले चालक श्रेष्ठलाई सोधपुछ गर्दा किलागलका लागि राजन भन्ने व्यक्तिलाई दिन भनी महादुर्गा रोड क्यारियर्सबाट ल्याएको बताएको र सामानका धनी कुमारले बिल भरपाइ देखाउन नसकेपछि उनीहरूलाई पक्राउ गरेको हो।

प्रहरीले उक्त सामान, गाडी, चालक र सामानका धनीलाई आवश्यक कारबाहीका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर पठाइएको छ।

## फोटो पत्रकार आलमको गिरफ्तारीको विरोध

नेपाल समाचारपत्र

काठमाडौं

बंगलादेशमा विद्यार्थीद्वारा भइरहेको सरकारविरोधी प्रदर्शनका विषयमा आफ्ना धारणा व्यक्त गरेको अभियोगमा बंगलादेशी सरकारले वरिष्ठ फोटो पत्रकार तथा सांस्कृतिक अभियन्ता साहिदुल आलमलाई गरेको गिरफ्तारीप्रति नेपाल फोटो पत्रकार महासंघले आपत्ति जनाएको छ। प्रेस जगत्ले स्वतन्त्ररूपमा आफ्नो धारणा व्यक्त गर्न पाउने अधिकारलाई कुण्ठित गर्दै फोटो पत्रकार तथा सांस्कृतिक अभियन्ता साहिदुल आलममाथि भएको गिरफ्तारीको निन्दा गर्दै बिनासर्त रिहाइको माग महासंघले गरेको छ।

ढाका मेट्रोपोलिटन प्रहरीले आलमलाई पक्राउ गर्नुका साथै उनको घरमा रहेको सीसी क्यामेरा तोडफोड गर्नुका साथै इन्टरनेट राउटर पनि फुटाएकोमा आपत्ति जनाउँदै आलमको गिरफ्तारीलाई अहिले दक्षिण एसियामा बढ्दै गएको आफ्ना विरोधीलाई सहन नसक्ने प्रवृत्तिको एउटा पाटोका रूपमा रहेको नेपाली फोटो पत्रकारहरूले ठहर गरेको महासंघले जनाएको छ। साहिदुल आलम ड्रिक नामक दक्षिण एसिया मेडिया इन्स्टिच्युट तथा छोबी मेलाका प्रवर्तक हुन्।

त्यस्तै आमलले वर्ल्ड प्रेस फोटो फाउन्डेसन नेदरल्यान्ड्सले वार्षिकरूपमा आयोजना गर्ने फोटो प्रतियोगिताको प्रमुख निर्णायकको भूमिका पनि निर्वाह गरिसकेका छन्। उनले समाचार, सूचना, फोटोग्राफी तथा सांस्कृतिक अभियानमार्फत बंगलादेशी जनतालाई सुसूचित गराउने तथा दक्षिण एसियाका देशहरूलाई भावनात्मकरूपमा जोड्ने काम गर्दै आएका छन्।

## आणविक हतियार विश्वकै लागि घातक : *प्रधानमन्त्री*

काठमाडौं, (नेस)। प्रधानमन्त्री केपी शर्मा ओलीले आणविक हतियार विश्वकै लागि घातक हुने बताउनुभएको छ।

७३औं हिरोसिमा स्मृति दिवसको अवसरमा नेपाल अफ्रो एसियाली जन एकता संगठनद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले सो कुरा बताउनुभएको हो। 'विश्वका जनता आणविक हतियारको पक्षमा छैनन्', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'यसको उत्पादन र प्रयोग नै मानव जातिको हितमा छैन।' आणविक हतियार तयार गरेपछि प्रयोग गर्ने कौतुहलता हुन सक्ने र कसैको दिमागमा त्यस्तो सनक चढे विश्व नै सखाप हुने भएकाले यो घातक भएको प्रधानमन्त्री ओलीको भनाइ छ।

प्रधानमन्त्री ओलीले नेपाली शान्ति अभियानमा लाग्नुपर्ने बताउनुभएको छ। प्रधानमन्त्री ओलीले आफू मानव जातिको हितमा लाग्ने बताउनुभएको छ। 'मेरा लागि देश र जनता सर्वोपरी हुन्', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'देश र जनताको हितमा निष्ठापूर्वक काम गर्छु।'

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )


**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पैसा प्राप्ति, मान-सम्मान, बढुवा, काम सफल हुने।
**वृष** : धननाश, मानसिक तनाव, व्यर्थको खर्च, व्यापारमा बाधा।
**मिथुन** : उपहार मिल्ने, व्यापार-ठेक्कापट्टामा सफलता, आर्थिक लाभ।
**कर्कट** : चोटपटकको भय, पढाइमा असफलता, धनहानि।
**सिंह** : सुख-शान्ति, धनलाभ, उत्तम भोजन, इष्टमित्रको सहयोग।
**कन्या** : कार्यसिद्धि, विविध वस्तु वा सेवा प्राप्ति, शारीरिक स्वस्थता।
**तुला** : राज्यभय, इज्जत-प्रतिष्ठामा धक्का, पढाइ वा काममा बाधा।
**वृश्चिक** : गर्न लागेको काममा व्यवधान, धन र समयको नोक्सानी।
**धनु** : समस्या समाधान हुने, यश-कीर्ति बढ्ने, वाहन-सुख, धनलाभ।
**मकर** : पढाइ, प्रतियोगिता, मुद्दा मामिला आदिमा विजय, धनलाभ।
**कुम्भ** : कार्यनाश, स्वास्थ्य बाधा, पारिवारिक विवाद, कष्ट, चिन्ता।
**मीन** : आफन्तमा विवाद, दौडधुप, दिनचर्या अस्तव्यस्त, झुटो आरोप।



# प्रदेश-३



{ शुरुमा मुग्लिनमा कार्यालय राख्ने भनिए पनि घर उपलब्ध नभएका कारण कुरिनटारमा कार्यालय राख्ने निश्चित भएको ट्राफिक प्रहरी उपरीक्षक नवीनराज रइले बताए।

# चर्किएका पहाड र बग्दै गाडी

**नेपाल समाचारपत्र**

हेटौंडा

वर्षा शुरू भएपछि मकवानपुरका विभिन्न क्षेत्रमा पानीले वितण्डा मच्चाउने गर्दछ। बाढीपहिरोको जोखिम उच्च भएको जिल्लामध्ये एक हो मकवानपुर।

भने पनि बाढी निश्चितजस्तै देखिन्छ।

मनहरिको हाँडीखोला त राप्ती खोलाको बहाव बढेपछि वारपार क्षितिजसम्म पुगेझैं देखिन्छ। स्थानीयका लागि अत्यावश्यक वस्तु ओसारपसार गर्न हाँडीखोलामा सवारीका रूपमा ट्याक्टर हुने गरेको छ। तर, हिजोआज ती ट्याक्टरले निकै जोखिम उठाउनुपर्ने अवस्था छ।

कहीं यति ठूलो जोखिमको खोला बढेपछि बसलाई केही मिटर तलसम्म बगाएर लगेको इलाका प्रहरी कार्यालय फापरबारीले जनाएको छ। घटनामा मानवीय क्षति भने भएन।

मकवानपुरका साविक १८ गाविस तथा नगर क्षेत्र २०७२ वैशाखको भूकम्पका कारण पहिरोको उच्च जोखिममा परेको छन्। राईगाउँ, धियाँल, हेटौंडाका वडालगायत खैराङ, डाँडाखर्क, राक्सिराङ गरी १८ मकवानपुरमा अत्यधिक पहिरो भेटिएको त्रिभुवन विश्वविद्यालयको वातावरण केन्द्रीय विभागले करिब १ वर्ष लगाएर गरेको अध्ययनबाट देखिएको हो। चुरे क्षेत्र ओगटेको मकवानपुरमा धेरै भूक्षय भएका छन्। मकवानपुरमा मात्र करिब ८ सय पहिरो गएको छ।

भूकम्पले विकटका पहाड चर्किएका कारण वर्षामा बग्न माटो भएका कारण पानी पर्नासाथ भूक्षयको सम्भावना बढी रहन्छ। मकवानपुरमा साना र ठूला गरी करिब २ हजार पहिरो रहेको जानकारी दिइएको छ। विज्ञले गुगल म्याप, फिल्ड अध्ययन, स्याटेलाइट सर्भे, रिमोट सर्भे, जीआईएस विश्लेषणका आधारमा पहिरो पहिचान गरेका हुन्।

अध्ययनका क्रममा उनीहरूले १० जिल्लाका १ हजार ४ सय पहिरोको

## वर्षामा मकवानपुरको पीडा



हेटौंडामा कर्रा, सामरी र कुखरेनी खोला मिसिएपछि पानीको बहाव निकै बढ्ने गर्दछ। ती सबै पानी मनहरिको राप्ती खोलासम्म पुग्दा सम्हाल्नै नसकिने स्थिति पैदा हुने गर्दछ। हेटौंडाको कुखरेनीमा बाढी आउँदा पूर्वी क्षेत्रमा पानी पर्‍यो भने सामरी भरिन्छ। उत्तरमा पानी पर्दा राप्तीमा बाढीले त्रासदी मच्चाउँछ। सानाठूला खोला मिसिने राप्तीमा मकवानपुरको जुन क्षेत्रमा पानी पर्‍यो अवस्था देखिन्छ भने कहीं दुर्घटना भएको अवस्था छ। भारी वर्षापछिको बाढीले पूर्वी मकवानपुरको फापरबारीमा यात्रुबाहक बसलाई बगाएको छ। हेटौंडाबाट राईगाउँतर्फ जाँदै गरेको ना५ख १८१६ नम्बरको बस लम्कना खोलाले बगाएको हो।

यात्रुका लागि स्वयंले जोखिम मोलेका चालकले धन्न यात्रुलाई आरोलेर बस तार्ने प्रयास गरेका थिए।

गाविस पहिरो जोखिममा रहेका हुन्।

मकवानपुरका १८ गाविसका २९ स्थानका ३ हजार २३ घरधुरी पहिरोको जोखिममा परेको सरकारी तथ्यांक छ। भूकम्पपछि मकवानपुरमा भूक्षय अत्यधिक देखिएका कारण मानवीय दृष्टिले अति जोखिमयुक्त रहेको अध्ययनले देखाएको हो।

तराईका १० जिल्लामा फैलिएको चुरे क्षेत्रमा ३ हजार ४ सय ५६ वटा पहिरो पहिचान गरिएको छ। जसमध्ये सक्ने खतरा रहेको बताइएको छ। अलि ठूलो वर्षा हुनासाथ पहाड बग्न सक्ने प्राविधिक अध्ययनले देखाएको छ। पहाड खस्दा ठूलो मानवीय तथा भौतिक संरचनामा क्षति पुग्ने देखिन्छ। सरकारले बस्ती स्थानान्तरण र प्रकोप न्यूनीकरणमा ध्यान पुर्‍याउनुपर्ने आवश्यकता रहँदा पनि यसतर्फ खासै चासो देखाइएको पाइँदैन।

चुरे क्षेत्रको भूबनोट नै सुक्खा स्थलगत अध्ययन गरेका थिए। अध्ययनले ३ हजार ५ सयमध्ये धेरै पहिरो मझौला छन्। केही पहिरो अत्यधिक ठूला र खतरासमेत रहेको पहिचान गरिएको छ।

भविष्यमा कुन-कुन स्थान पहिरोको जोखिममा छन् भन्ने पनि अध्ययन गरिएको छ। अध्ययनले जोखिमयुक्त पहिरो र ठूला पहिरोको तत्काल उपचार आवश्यक पर्ने ठहर गरेको छ।

# ४५ दिनपछि आयो वस्तुस्थिति विवरण

**नेपाल समाचारपत्र**

हेटौंडा

प्रदेश-३ सरकारको प्रदेश नीति तथा योजना आयोगले मंगलबार प्रदेशको वस्तुस्थिति विवरण सार्वजनिक गरेको छ।

प्रदेश सरकारले परिकल्पना गरेको दिगो विकासको लक्ष्य निर्धारण पूरा गर्न मन्त्रिपरिषद्बाट जेठ २९ गते गठन गरिएको आयोगले ४५ दिनमा तयार पारेको वस्तुस्थिति विवरण सार्वजनिक गरिएको हो।

वास्तविक धरातलमा आधारित नीति तथा कार्यक्रमले मात्र विकासका सम्भावनालाई लाभमा रूपान्तरण गर्न सक्ने जनाउँदै प्रदेशको नीति तथा योजना आयोगले विवरण सार्वजनिक गरिएको हो। आयोग उपाध्यक्ष डा. खिमलाल देवकोटाले आयोग गठनको ४५ दिनमै सीमित स्रोतसाधनको उच्चतम् सदुपयोग गर्दै प्रदेशको वस्तुस्थितिसम्बन्धी दस्तावेज तयार गरिएको बताउनुभयो। उहाँले वस्तुस्थिति विवरणले सबैलाई तथ्यगत आदानप्रदान गर्ने र प्रदेश विकासका लागि सूचना व्यवस्थापनको क्षेत्रमा सहयोग पुर्‍याउने दाबी गर्नुभयो।

विवरणमार्फत सार्वजनिक गरिएको तथ्यले प्रदेशको समृद्धिका आवश्यक पर्ने वस्तुको पहिचान र सूचना व्यवस्थापन गर्न सहज हुने आयोगका उपाध्यक्ष डा. देवकोटाको भनाइ छ। प्रदेशले सार्वजनिक गरेको विवरणबाट विकाससँग सम्बन्धित आवधिक योजना, क्षेत्रगत नीति र योजना बनाउन तथा यस विषयमा खोज, अध्ययन र अनुसन्धान गर्न सजिलो हुने उपाध्यक्ष डा. देवकोटाको विश्वास छ।

९ परिच्छेदमा वस्तुस्थिति विवरणमा तयार पारिएको छ। विवरण पुस्तिकामा उल्लेख भएअनुसार परिचय, जनसांख्यिक विवरण, कृषि, वन र भूमि व्यवस्था, पूर्वाधार क्षेत्र, सामाजिक क्षेत्र, आर्थिक क्षेत्र, शासकीय र अन्तरसम्बन्धित क्षेत्र, संघीय प्रादेशिक र स्थानीय निर्वाचन र निष्कर्ष अवसर चुनौती परिच्छेदमा समेटिएको छ। सार्वजनिक विवरणमा गाउँपालिका र नगरपालिकाको वस्तुगत स्थितिबारे उल्लेख छ।

आयोगले २०६८ को जनगणनाको प्रतिवेदन, केन्द्रीय तथ्यांक विभागका सर्वेक्षण प्रतिवेदन, संघीय तथा प्रदेश मन्त्रालयले तयार पारेका विभिन्न दस्तावेज, तथ्यांक कार्यालय तथा तत्कालीन जिल्ला विकास समितिले तयार पारेको जिल्लाको वस्तुस्थिति विवरण, जिल्ला तथा अन्य निकाय एवं प्राज्ञिक र व्यावसायिक अनुसन्धान प्रतिवेदन विकासका साझेदार र निजी तथा गैरसरकारी निकायबाट उपलब्ध भएका अध्ययन प्रतिवेदन विवरणको स्रोत भएको जनाएको छ।

वस्तुस्थिति विवरण सार्वजनिकीकरण कार्यक्रममा प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले अब सरकार योजनाविहीन नभएको दाबी गर्नुभयो। उहाँले प्रदेश सरकारले आफ्नो काम तीव्र गतिमा अघि बढाउन आयोग गठन गरेर वस्तुस्थिति तयार पारेपछि धेरै योजना अघि बढाउन मद्दत मिल्ने बताउनुभयो।

उहाँले सरकारले गरेका काम योजनाअनुसार बनाउन लागि सरकारले नीति तथा कार्यक्रम ल्याएपछि नीति तथा योजना आयोग गठन गरेर विकास निर्माणका काम अघि बढाउने दाबी गर्नुभयो। उहाँले यसरी विधि/प्रक्रियाअनुसार ल्याएका योजनामार्फत विकास निर्माण अघि बढाइने र समृद्धिको रेखा कोर्दै जाने बताउनुभयो।

मुख्यमन्त्री पौडेलले नेपालमा योजना नबनाई गरेका विकास निर्माणका कार्य दीर्घकालीन नहुने बताउनुभयो। पौडेलले देशको वस्तुस्थिति थाहा नभएको अवस्थामा प्रदेश सरकारले प्रदेशको वस्तुस्थिति विवरण निकालेर यहाँको बारे थाहा दिन सकेको दाबी गर्नुभयो। 'विवरणका आधारमा विकास योजना तयार गरी विकासका काम गरिनेछ' -मुख्यमन्त्री पौडेलले भन्नुभयो।

# कम्युनिस्ट पार्टीले अभिभावक गुमायो

काभ्रे, (नेस)

नेपाल कम्युनिस्ट पार्टीका जिल्लाका संस्थापक सदस्य गणेशदास उलकको ७९ वर्षको उमेरमा निधन भएको छ। क्यान्सर अस्पताल हरिसिद्धीमा उपचार गराउँदा गराउँदै उलकको निधन भएको हो।

२०१५ सालमा जिल्लामा कम्युनिस्ट पार्टीको स्थापना गर्न उलक सहभागी थिए। नेपाल कम्युनिस्ट पार्टीका आमन्त्रित स्थायी सदस्य केशव वडालका अनुसार २०१५ सालदेखि उलक निरन्तर कम्युनिस्ट पार्टीको विभिन्न जिम्मेवारीमा सक्रिय रूपमा क्रियाशील थिए।

उलकको मंगलबार नै बनेपास्थित उग्रतीर्थमा अन्त्येष्टी गरिएको छ। उनको पार्थीव शरीरमा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले झन्डा ओढाएका थिए। उलकको अन्त्येष्टीमा जिल्लाका विभिन्न तहका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो। गणेशदासको निधनले नेपाल कम्युनिस्ट पार्टीलाई अपूरणीय क्षति पुगेको नेताले बताएका छन्।

# प्रदेशस्तरीय ट्राफिक कार्यालय चितवनको कुरिनटारमा

चितवन, (नेस)

प्रदेश नम्बर ३ को प्रदेशस्तरीय ट्राफिक प्रहरी कार्यालय चितवनको कुरिनटारमा स्थापना गरिनेभएको छ। कार्यालय स्थापनाका लागि प्रहरी उपरीक्षक नवीनराज राईको नेतृत्वको टोली यतिबेला चितवनमा खटिएको छ। कार्यालयमा ३६ जना ट्राफिकको दरबन्दी तोकिएको छ।

शुरूमा मुग्लिनमा कार्यालय राख्ने भनिए पनि घर उपलब्ध नभएका कारण कुरिनटारमा कार्यालय राख्ने निश्चित भएको ट्राफिक प्रहरी उपरीक्षक नवीनराज राइले बताए। '५ जना कार्यक्षेत्रमा खटिएका छौं', कार्यालय स्थापना गर्न अझै केही समय लाग्छ' -उनले भने।' प्रदेशको निकै व्यस्त राजमार्ग नारायणगढ-मुग्लिन र पृथ्वी राजमार्ग सोही क्षेत्रमा पर्ने भएकाले प्रदेश कार्यालय चितवनमा स्थापना गरिएको राईले बताए। कार्यालय स्थापना भएपछि यस क्षेत्र र प्रदेशको ट्राफिक व्यवस्थापनमा सहज हुने उनले दाबी गरे।

# खोलाले बगाउँदा महिलाको मृत्यु

दोलखा, (नेस)

दोलखाको कालिञ्चोक गाउँपालिका वडा-६ लेप्टुङमा खोलाले बगाउँदा एक महिलाको ज्यान गएको छ।

सोमबार राति गाईबस्तुलाई घाँस हालेर फर्कंदै गर्दा घरनजिकैको घट्टेखोला तर्नेक्रममा खोलाले बगाउँदा ३४ वर्षीय विष्णुमाया खड्काको ज्यान गएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायव उपरीक्षक वासुदेव पाठकले बताए।

खोलाले बगाएर मृत्यु भएको खड्काको शव प्रहरीको सहयोगमा स्थानीयले खोलाबाट निकालेर आफन्तको जिम्मा लगाएको प्रहरीले जनाएको छ।

# परीक्षाका लागि २५ सय आवेदन

नुवाकोट, (नेस)

शिक्षक सेवा आयोगको परीक्षामा सामेल हुन नुवाकोटबाट साढे २ हजारले आवेदन दिएका छन्।

आगामी असोज ११, १२ र १३ गते हुने परीक्षामा नुवाकोटबाट २ हजार ६ सय ३२ जनाले आवेदन दिएको शिक्षा विकास तथा समन्वय एकाइ नुवाकोटका प्रमुख मदनकुमार थापाले बताउनुभयो। प्रमुख थापाका अनुसार प्राथमिक शिक्षकका लागि खोलिएको १ सय २५ कोटामा १ हजार ६ सय ४७ आवेदन परेको छ। त्यस्तै निम्न माध्यमिक तहको सामाजिक विषयमा २ सय २७, नेपालीमा २ सय ६, गणितमा ८०, विज्ञानमा १५, अंग्रेजीमा १ सय १६ जना र विज्ञान विषयमा १८ जनाको आवेदन परेको कार्यालयले जनाएको छ।

त्यस्तै माध्यमिक तहको परीक्षाका लागि नेपाली विषयमा ६९, सामाजिक विषयमा १ सय १८, स्वास्थ्य जनसंख्या वातावरणमा ९, स्वास्थ्य शारीरिकमा १ जनाको आवेदन परेको कार्यालयका शाखा अधिकृत लेखराज कार्कीले बताउनुभयो। त्यस्तै अर्थशास्त्रमा १२, लेखामा २०, विज्ञानमा १७, गणितमा २७ जना र अंग्रेजीमा ६० जनाको आवेदन परेको कार्यालयका शाखा अधिकृत कार्कीले बताउनुभयो।

कार्यालयले आवेदन फारमबाट करिब ३४ लाख रुपियाँ राजस्व संकलन गरेको कार्यालयका प्रमुख थापाले बताउनुभयो। उहाँले साउनको तथ्यांक इन्ट्री गर्न लागेकाले यकिन तथ्यांक आउन बाँकी रहेको बताउनुभयो । कार्यालयका अनुसार आगामी असोज ११ गते माध्यमिक तह, १२ गते निम्नमाध्यमिक तह र १३ गते प्राथमिक तहको परीक्षा हुने कार्यालयले जनाएको छ।

# एक वर्षमा नौ हजार राहदानी

नुवाकोट, (नेस)

जिल्ला प्रशासन कार्यालय नुवाकोटले आव २०७४/७५ मा करिब ९ हजार राहदानी बनाएर वितरण गरेको छ।

नुवाकोट जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत नन्दलाल शर्माले कार्यालयले आव २०७४/७५ मा ८ हजार ९ सय ७३ वटा राहदानी वितरण गरेको बताए। ४ हजार ९ सय ७३ राहदानी वितरण गरेको जिप्रकाले राहदानीबापत २ करोड ६० लाख २ हजार ५ सय राजस्व संकलन गरेको छ। शर्माका अनुसार कार्यालयले १ महिनामा करिब ७ सय ४८ वटा राहदानी बनाउने गरेको बताए। प्रमुख प्रशासकीय अधिकृत शर्माका अनुसार जिल्ला प्रशासन कार्यालय नुवाकोटले आव २०७४/७५ मा २ करोड ६९ लाख ४० हजार ८ सय ९५ रुपियाँ राजस्व संकलन गरेको छ।

कार्यालयले साधारण सिफारिसबाट ४ हजार ९ सय ६८ राहदानी वितरण गरेको छ भने द्रुत सिफारिसबाट ४ हजार ५ वटा राहदानी वितरण गरेको कार्यालयले बताएको छ। यसैबीच जिल्ला प्रशासन कार्यालयले गत वर्ष ८ हजार ९ सय ८५ नागरिकता वितरण गरेको छ। यस्तै ४ हजार ९ सय ७३ प्रतिलिपि नागरिकता पनि वितरण गरिएको छ। वैवाहिक अंगीकृत नागरिकता ५ वटा वितरण भएको जनाइएको छ।

# साउनभर रसुवागढी नाका बन्द

**नेपाल समाचारपत्र**

रसुवा

चीनसँगको अन्तर्राष्ट्रिय व्यापारिक नाका रसुवागढीमा साउन महिनाभर सवारीसाधन सञ्चालन नहुने भएको छ।

रसुवाको गोसाइँकुण्ड गाउँपालिका-२ घट्टेखोलामा बाढीले क्षति पुर्‍याएको पुलको मर्मतमा ढिलाई हुँदा यो महिना सवारी सञ्चालन हुने सम्भावना टरेको हो। पासाङल्हामु राजमार्गको त्रिशूली-बेत्रावती खण्डको तिरतिरे भीरमा पहिरो गएपछि निर्माण सामग्री आयात गर्न नसक्दा १ हप्तादेखि निर्माण कार्य शुरू हुन सकेको छैन। डिभिजन सडक कार्यालय नुवाकोटका अनुसार शनिबार निर्माण सामग्री आइपुगेको छ। पुल मर्मतका लागि आवश्यक पर्ने गिटी, बालुवा, सिमेन्ट, रड, जाली र फर्मा साइडमा आइपुगेको डिभिजन प्रमुख निरज शाक्यले बताए। जोखिमलाई मध्यजनर गर्दै १ सातादेखि सवारी सञ्चालनमा रोक लगाइएको छ। गत शनिबारदेखि नाकामा सवारीसाधन सञ्चालन भएका छैनन्।

मर्मत शुरू भएको १५ दिनमा यातायात सञ्चालनमा ल्याउने कार्यालयले लक्ष्य राखेको छ। 'तिरतिरे भीरमा पहिरो गएपछि निर्माण सामग्री आयात हुन सकेन', डिभिजन प्रमुख शाक्ले भने- 'शनिबारबाट मर्मत कार्य शुरू गरिएको छ।' 'पानीको बहाव उच्च भएकाले ठूला-ठूला ढुंगा खसालेर ढलान गर्न लागिएको छ', डिभिजन प्रमुख शाक्ले भने- 'मर्मत शुरू भएपछि १५ दिनमा सम्पन्न गर्ने लक्ष्य छ।' स्थानीयले घर निर्माणका लागि जग खन्ने क्रममा ठूला-ठूला ढुंगा खोलामा हालेका कारण पुलमा क्षति भएको कार्यालयले जनाएको छ।

# गोसाइँकुण्ड मेलाका लागि तयारी शुरू

**नेपाल समाचारपत्र**

रसुवा

जनैपूर्णिमाको अवसरमा रसुवाको पवित्र तीर्थस्थल गोसाइँकुण्डमा लाग्ने मेलाको व्यवस्थापनका लागि तयारी शुरू भएको छ।

हरेक वर्ष पुत्रदा एकादशीदेखि साउन शुक्ल पूर्णिमा अर्थात् जनैपूर्णिमाका दिनसम्म लाग्ने गोसाइँकुण्ड मेलाको व्यवस्थापनका लागि यो वर्ष पनि तयारी शुरू भएको हो। जिल्ला प्रशासन कार्यालय रसुवामा सोमबार एक कार्यक्रमको आयोजना गरी मेला व्यवस्थापनका लागि विभिन्न ९ वटा उपसमिति गठन गरेर आवश्यक तयारी शुरू गरिएको गोसाइँकुण्ड क्षेत्र विकास समितिका अध्यक्ष सञ्जीव डिमले जानकारी दिए।

मेला भर्न आउने भक्तजनलाई सहज सुविधा प्रदान गर्न खानेपानी तथा सरसफाइ उपसमिति, स्वास्थ्य उपसमिति, प्रचारप्रसार उपसमिति, वातावरण उपसमिति र स्वयंसेवक व्यवस्थापन उपसमिति गठन गरिएको छ। त्यस्तै अन्य समितिमा आर्थिक व्यवस्थापन उपसमिति, अनुगमन उपसमिति, यातायात व्यवस्थापन समिति र दररेट निर्धारण उपसमिति गठन गरिएको छ। गठन गरिएका उपसमितिले शुक्रबारसम्म कार्ययोजना बनाई क्षेत्र विकास समितिमा पेस गर्ने कार्यक्रम छ। त्यसलगत्तै सबै टोली परिचालन गरिने डिमले बताए। गोसाइँकुण्ड मेला यही साउन ३१ गतेदेखि भदौ १० गतेसम्म लाग्ने क्षेत्र विकास समितिले जनाएको छ। विगतका वर्षझैं यो वर्ष पनि तीर्थालुलाई सहज यात्रा गराउन गोसाइँकुण्ड जाने गोरेटो तथा घोरेटो बाटो मर्मत गरी यात्रुलाई सहज बनाइने गोसाइँकुण्ड क्षेत्र विकास समितिले जनाएको छ।

पौराणिक कथनअनुसार परापूर्वकालमा देवता र दानवबीच लडाइँ हुँदा समुद्र मन्थनबाट उत्पन्न कालकुट विष सेवन गरी विषको डाह शान्त पार्न हिमालय खण्डको काखमा आई गोसाइँवावा भगवान शिव शंकरले आफ्नो हातमा भएको त्रिशूलले भित्तामा हिर्काउँदा भित्ताबाट गंगाजल अर्थात् त्रिशूल धाराको उत्पत्ति भई त्रिशूल धाराको पानीबाट गोसाइँकुण्डको उत्पत्ति भएको भन्ने किम्बदन्ती रहेको पाइन्छ।

समुद्री सतहदेखि ४ हजार ३ सय ८० मिटरको उचाइमा रहेको गोसाइँकुण्ड सन् २००७ सेप्टेम्बरमा रामसार सूचीमा समेत सूचीकृत छ। स्याफ्रु गाविसको वडा नं ६ मा अवस्थित गोसाइँकुण्डमा हरेक वर्ष गंगादशहरा र जनैपूर्णिमा गरी २ पटक मेला लाग्ने गर्दछ। कुण्डमा स्नान गरी गोसाइँबाबा भगवान् शिवको दर्शन गर्नाले जीवनभर गरेको पापबाट मुक्ति पाउने, पितृ तर्नुका साथै आफूले चित्ताएका सबै मनोकांक्षा पूरा हुने जनविश्वासका साथ वर्षेनी देश तथा विदेशबाट गोसाइँकुण्डमा भक्तजनको भीड लाग्ने गर्दछ ।

२०७५, साउन
बुधबार
२३

कञ्चनपुरको भीमदत्त नगरपालिका-९ ब्रह्मदेव बजारमै पुग्ने गरी भारतीय पक्षले सडक विस्तार गर्न लागेपछि स्थानीयले त्यसको विरोध गरेका छन्।

# नेपाल

# नेपाली भूमिमा सडक निर्माण गर्दै भारत

## नेपाली पक्षद्वारा विरोध

**हरकसिंह धामी, कञ्चनपुर**

भारतीय पक्षले फेरि नेपाली भूमिमा सडक निर्माण गर्न लागेको छ। ७ नम्बर प्रदेश कञ्चनपुरको उत्तरी ऐतिहासिक नेपाली भूमिमा भारतीय पक्षले एकलौटी ढङ्गबाट सडक निर्माण गर्न लागेको हो। कञ्चनपुरको भीमदत्त नगरपालिका-९ ब्रह्मदेव बजारमै पुग्ने गरी भारतीय पक्षले सडक विस्तार गर्न लागेपछि स्थानीयले त्यसको विरोध गरेका छन्।

भारतीय पक्षले आफ्नै भूमि भएको दाबी गर्दै टनकपुर ब्यारेजदेखि ब्रह्मदेव बजारसम्म झन्डै १३.५० मिटर सडक विस्तार गर्न लागेको स्थानीयले बताएका छन्। भारतीय पक्षले आफ्नै भूमि भएको दाबी गरे पनि नेपाली पक्षले बाँधको सिँटी अर्थात् ३ नम्बर पिलरवारि नेपालकै भूमि भएको दाबी गरेका छन्। टनकपुर बाँध निर्माणकै बेला सीमा नम्बर ३ पिलर हराएको थियो। सोही समयदेखि उक्त भूमि विवादित बन्दै आएको नेपाली पक्षको भनाइ छ।

ब्रह्मदेवका स्थानीय श्यामसिंह धामीले कालोपत्रे गर्न भारतीय पक्षले सडक चौडा गर्न लागेको बताए। उनका अनुसार साताअघिदेखि भारतीय पक्षले जेसिबी लगाएर साँघुरो सडक फराकिलो बनाउन लागेको छ। भारतले टनकपुर बाँधको पूर्वतिरको फेंदमै सडक फराकिलो गर्न लागेको छ। स्थानीयले सडक बनाएर थप नेपालीभूमि हडप्नका लागि नेपाली ब्रह्मदेव बजारको पश्चिमतिरको भागछेउसम्मै सडक ल्याउन लागेको बताएका छन्।



ब्रह्मदेव बजारको कल्भर्टमा भारतीय पक्षले टीबीएम-३, टीबीडब्लु लेखेर निसाना लगाएका छन्। भीमदत्त नगरपालिका-९ का वडाध्यक्ष राम नाथले भारतीय पक्षले एकलौटी ढङ्गले नेपाली भूमिमा सडक विस्तार गरेको बताए। उनका अनुसार सीमा पिलर नम्बर ३ देखियता नेपाली भूमि भए पनि भारतीय पक्षले उक्त विवादित भूमि वरैसम्म सडक विस्तार गरेको छ। 'कालोपत्रे गर्नका लागि भारतीय पक्षले यसरी एकलौटी ढङ्गबाट काम गरिरहेको छ', 'वडाध्यक्ष नाथले भने- 'मैले यसबारेमा भीमदत्त नगरपालिकाको कार्यपालिका बैठकमा समेत कुरा उठाएको छु, काम अझै रोकिएको छैन।'

उक्त सडकको आफूले स्थलगत अनुगमन गरेको बताउँदै वडाध्यक्ष नाथले नेपाली पक्षको सहमतिबिनै एकलौटी ढङ्गबाट भारतीय पक्षबाट भइरहेको संरचना निर्माण रोक्न समेत माग गरेका छन्। कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी कुमार खड्काले सडक विस्तारका लागि नेपाली पक्षसँग कुनै सहमति नभएको बताए। प्रमुख जिल्ला अधिकारी खड्काले सीमा सुरक्षा बलमार्फत भारतीय पक्षलाई संयुक्त सीमा सर्बे टोली अनाउन्जेलसम्म काम रोक्न पत्राचार गरेको बताए।

भारतीय पक्षलाई काम रोक्न पत्राचार गरेपछि सडक निर्माणको काम नभएको कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी खड्काको दाबी छ। स्थानीयले भने नेपाली भूमि हडप्नका लागि भारतीय पक्षले एकलौटी दादागिरी हेपाह प्रवृत्ति शैलीमा गरेको कामको विरोध गर्दै रोक्न माग गरेका छन्।

### गाउँपालिकामा सुधार प्रयास

# पदाधिकारी चढ्ने गाडीको सट्टा डोजर र एम्बुलेन्स

**नरेन्द्र केसी, घोराही, दाङ**

विभिन्न स्थानीय तहले सुविधा सम्पन्न गाडी किनेर पदाधिकारीले प्रयोग गर्ने गरे पनि रोल्पाको एक गाउँपालिकाले भने पदाधिकारी चढ्ने गाडी किन्ने पैसाबाट डोजर किनेर विकास निर्माणलाई गति दिएको छ।

रोल्पाको गंगादेव गाउँपालिकाले गत वर्ष डोजर खरीद गरेर प्रत्यक्ष वडासम्म सडक विस्तार गर्ने अभियान अघि बढाएको छ भने यो वर्ष एम्बुलेन्स खरिदका लागि बजेट विनियोजन गरेको छ।

गत वर्ष डोजर, यो वर्ष एम्बुलेन्स, अर्को वर्ष ट्याक्टर गर्दै पाँच वर्षसम्म पालिकालाई चाहिने आवश्यक सवारी साधन खरीद गरिने अध्यक्ष वीरबहादुर खत्रीले जानकारी दिनुभयो। 'मेरो ध्यान आफू चढ्ने गाडीमा होइन, जनताको विकासका लागि चाहिने डोजर र बिरामीलाई सहजै अस्पतालसम्म लैजाने एम्बुलेन्सतिर छ'- उहाँले भन्नुभयो- 'यो विकट ठाउँमा सबै पालिकाबासीले गाडी नदेख्ने अवस्था छ, म मात्र गाडी चढेर के गर्नु र ?'

उहाँले हरेक वडामा सडक सञ्जाल विस्तार गरेको जानकारी दिनुभयो। अध्यक्ष खत्रीले सडक निर्माणमा खर्च बचाउन गत वर्ष गाउँपालिकाले नै डोजर खरिद गरेको जानकारी दिनुभयो। आफ्नो कार्यकालमा गापा कार्यालयसम्म सडक कालोपत्रे गर्ने महत्वाकांक्षी योजना पनि अघि सारिएको खत्रीको दाबी छ।

यो गाउँपालिकाकाले हरेक वर्ष नयाँ क्षेत्रमा लगानी गर्ने नीति अघि सारेको छ। जसअनुसार गत वर्ष पालिकाकै लगानीमा स्वास्थ्य ल्याव र सामुदायिक औषधि पसल सञ्चालनमा ल्याइएको अध्यक्ष खत्रीले जानकारी दिनुभयो। त्यसलाई निरन्तरता दिँदै यो वर्ष एम्बुलेन्स खरिद गर्न थालिएको पनि उहाँले जानकारी दिनुभयो।

यो आर्थिक वर्षमा पालिकाले शिक्षा क्षेत्रमा लगानी केन्द्रित गरेको छ। सामुदायिक विद्यालयमा निजी शिक्षक राख्ने अनौठो परिपाटी नेपालमा रहेको औल्याउँदै उहाँले यो वर्षदेखि आफ्नो गाउँपालिकामा निजी स्रोतबाट शिक्षक राख्ने परिपाटीको अन्त्य बताउनुभयो। 'हाम्रो पालिकामा २ सय निजी स्रोतका शिक्षक छन्, अब यो वर्षदेखि सबैलाई हामी व्यवस्थापन गर्नेछौं'- उहाँले भन्नुभयो- 'शैक्षिक सुधारका लागि ५ करोड बजेट छुट्याएका छौं।' यो वर्ष शिक्षा क्षेत्रमा केही सुधार ल्याएपछि अर्को वर्ष लगानी कृषिमा केन्द्रित गर्ने पनि उहाँले जानकारी दिनुभयो।

१२ वर्ष जेल र त्यसपछि जनमुक्ति सेनाको कमाण्डरको पृष्ठभूमिबाट गाउँपालिका अध्यक्ष बनेका खत्रीले गाउँपालिकामा जनयुद्धका घाइते र अपांगलाई मासिक भत्ताको व्यवस्था गर्नुभएको छ। 'हुन त अहिलेको जमानामा मासिक ५ सयले के हुन्छ र ?' - उहाँले थप्नुभयो- 'घाइते अपांगलाई प्रकृति हेरी केन्द्र सरकारले पनि राहत दिँदै आएको छ, हामीले सांकेतिकरूपमा जनयुद्धको सम्झना गर्न र घाइते अपांगलाई फोन खर्चसम्म होला भनेर मासिक ५ सय भत्ता दिने गरेका छौं।' कार्यविधि नै बनाएर सहयोग दिन थालिएको उहाँले जानकारी दिनुभयो।

# सर्पको टोकाइबाट किशोरीको मृत्यु

बीरेन्द्रनगर, (नेस)

सुर्खेतमा बाढीपीडित अस्थायी शिविरमा बस्दै आएकी एकजना किशोरीको सर्पको टोकाइबाट ज्यान गएको छ। सुर्खेतको पञ्चपुरी नगरपालिका १० जामुकी १४ वर्षीय हरिकला उपाध्यायको सर्पको टोकाइबाट ज्यान गएको हो। उनलाई मंगलबार बिहान ५ बजेतिर शौचालय गएको बेला सर्पले टोकेको थियो।

सर्पले टोकेपछि अस्पताल नल्याएर घरमै झारफुक गर्न थालेपछि बिहान साढे ८ तिर किशोरीको मृत्यु भएको वडा-१० का वडा सदस्य नैनसिंह बिकले बताए। उनी स्थानीय जनज्योति आधारभूत विद्यालय जामुमा कक्षा ८ मा अध्ययनरत थिइन्।

# तीस लाखको जग्गा दान

पर्वत, (नेस)

यहाँका १ दम्पतीले आफ्ना दिवंगत छोराको स्मृतिमा गाउँमा स्वास्थ्य केन्द्रको भवन बनाउन ३० लाख पर्ने जमिन दान गरेका छन्।

पर्वतको कुश्मा नगरपालिका-२ खुर्कोटमा शहरी स्वास्थ्य चौकीको भवन बनाउन छात्रबहादुर क्षेत्री र श्रीमती भद्रकला क्षेत्रीले ५ आना जग्गा दान गरेका हुन्।

गाउँमै स्वास्थ्य चौकीको पहुँच पुऱ्याउन साइँला छोरा खड्कबहादुर क्षेत्रीको स्मृतिमा जग्गा दान गरेको क्षेत्रीले बताए । उनका छोरा खड्कबहादुर क्षेत्रीको १२ वर्षअघि रोजगारीको सिलसिलामा साउदी अरबमा मृत्यु भएको थियो। जग्गाको लाजपुर्जा शहरी स्वास्थ्य केन्द्रको नाममा नामकरण गरिएको छ। उक्त जग्गाको लालपुर्जा जग्गादाताले शहरी स्वास्थ्य केन्द्रका अध्यक्ष तथा वडाध्यक्ष यदुनाथ बास्तोलालाई हस्तान्तरण गरेका छन्।

स्वास्थ्य क्षेत्रको विकासका लागि योगदान गरेको भन्दै जग्गादातालाई कुश्मा नगरपालिकाका मेयर रामचन्द जोशीले र कुश्मा नगरपालिका-२ खुर्कोटका वडाध्यक्ष यदुनाथ बास्तोलाले दोसल्ला ओढाएर सम्मान गरे। कार्यक्रममा बोल्दै कुश्मा नगरपालिकाका मेयर जोशीले आवश्यक सुविधासहितको भवन निर्माण गर्ने प्रक्रिया अघि बढाइने आश्वासन दिए। उनले भवन निर्माणको काम तत्काल थाल्न वडाध्याक्षलाई निर्देशनसमेत दिए ।

कार्यक्रममा जग्गादाता छत्रबहादुर क्षेत्रीले साधारण स्वास्थ्य परीक्षणका लागि टाढा जानुपर्ने बाध्यताका कारण स्थानीयस्तरमै सुविधासम्पन्न स्वास्थ्य चौकी बनोस् भनेर जग्गा दिएको बताए। भवन अभावमा हाल स्वास्थ्य चौकीको भवन विगत २ वर्षदेखि हिमालय माविको कक्षा कोठामा सञ्चालन हुँदै आएको छ। स्वास्थ्य चौकीमा अहिले उपयुक्त भण्डार कोठा, परीक्षण कक्ष, औषधि तथा उपकरण राख्ने ठाउँ तथा कर्मचारी बस्ने ठाउँ पनि छैन। हाल सञ्चालनमा रहेको भवन साँघुरो हुँदा विभिन्न समस्या झेल्नुपरेको स्थानीयबासीको गुनासो छ।

# सवारी दुर्घटना रोक्न स्टिल बार

डोटी, (नेस)

डोटीमा सवारी दुर्घटना रोक्नका लागि सडक किनाराका छेउछाउमा स्टिलबार लगाउन थालिएको छ। जिल्लाका अति सम्वेदनसिल सडक तथा दुर्घटना बढी हुने ठाउँका सडक किनारमा स्टिलबार लगाउन थालिएको छ।

क्षेत्रीय सडक ककार्यालय तथ डिभिजन सडक कार्यालय कुल्पाते दिपायलको सहयोगमा जिल्लाका दिपायल, सिलगढी, शान्तिनगर, फुलौट, रामपुर, कालागाढलगायतका क्षेत्रकका सडक किनारामा स्टिलबार लगाउन थालिएको सडक डिभिजन कार्यालय कुल्पाते दिपायलका डिभिजन प्रमुख रूपकराज भण्डारीले बताउनुभयो।

उहाँले भन्नुभयो- 'यहाँका अति सम्वेदनसिल तथा दुर्घटना बढी हुने सडक किनारामा स्टिलबार लगाउन थालेका छौं, स्टिलबार लगायतपछि दुर्घटनामा केही कमी आउने छ।' डोटीमा सडक दुर्घटनाका कारण बर्सेनी दजनौं स्थानीयले अकालमै ज्यान गुमाउने गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय दिपायलका प्रमुख रूपसिंह थापाले बताउनुभयो। 'कच्ची सडक मात्र नभएर जिल्लामा रहेका पक्की पीच सडकमा पनि बर्सेनी ठूला सवारी दुर्घटना भएको पाइएको छ, उहाँले भन्नुभयो- 'सडकको बनावट र चालकको लापरबाहीले बढी दुर्घटना भएको देखिन्छ, स्टिलबारले दुर्घटना भए पनि केही छेक्न सक्छ।'

# दुई चोरको भीरबाट लडेर मृत्यु

**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङमा चोरी गरेर भाग्दै गर्द दुई युवाको भीरबाट लडेर मृत्यु भएको छ। क्व्होलासोथर गाउँपालिका- ९ छापागाउँको एक पसलमा चोरी गरेर भाग्ने क्रममा भीरबाट खसेका ती युवाको मृत्यु भएको प्रहरीले जनाएको छ।

मृतकहरूको विवरण खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक राजेन्द्र अधिकारीले बताउनुभयो। उहाँका अनुसार छापागाउँका मरिचमान गुरुङको पसलमा पैसा राख्ने सानो बाकस चोरेर भाग्दै गरेका उनीहरू मध्यनेपाल नगरपालिका- ८ करापुको भीरबाट खसेर दिउँसो युवाहरूको मृत्यु भएको हो।

चार जनाले बाकस चोरी गरी भागेकोमा भीरबाट करिब ३ सय ५० मिटर तल खस्दा उनीहरूको मृत्यु भएको प्रहरी निरीक्षक अधिकारीले जानकारी दिनु भयो। उहाँका अनुसार उनीहरूको वास्तविक नाम ठेगाना खुल्न सकेको छैन। त्यो चोरीमा संलग्नमध्ये छापागाउँमै बस्ने ३० वर्षीय बुद्धिबहादुर गुरुङलाई स्थानीयले नियन्त्रणमा लिएर भोर्लेटारस्थित इलाका प्रहरी कार्यालयमा बुझाएको जानकारीमा आएको छ।

# फोहोर उठाउन थालियो

रुकुम, (नेस)

स्थानीयले अवरोध गर्दा मसिकोट नगरपालिकाका विभिन्न बजार क्षेत्रमा थुप्रिएको फोहर उठाउन थालिएको छ। रुकुम पश्चिमको सदरमुकाम मुसिकोटस्थित खलंगा, सल्ले र सेरीगाउँ बजारमा अस्तव्यस्त रहेको फोहोर उठाउन शुरू गरिएको हो। मुसिकोट नगरपालिका र वडा-२ पानीढुंगाका स्थानीयवासीबीच स्थायी व्यवस्थापनको तयारी गर्न आउँदो असोज मसान्तसम्मका लागि साविककै स्थानमा फाल्न दिने सहमति भएपछि फोहोर उठाउन शुरू गरिएको हो।

बसपार्क निर्माणका लागि दिएको जग्गामा लामो समयसम्म फोहोर मात्र फालेको भन्दै गत असार मसान्तदेखि मुसिकोट नगरपालिका-२ पानीढुंगाका स्थानीयवासीले त्यस ठाउँमा फोहोर फाल्न अवरोध गरेको थिए। स्थानीयले फोहोर फाल्न रोकेपछि खलंगा बजारका चोकहरूमा फोहोर थुप्रिँदै जाँदा बजार क्षेत्र दुर्गन्धित बनेको थियो।

अहिलेलाई उक्त फोहोर व्यवस्थापन गर्न स्थानीय युवाहरूलाई नै परिचालन गरी जिम्मेवारी दिने शर्तमा तीन महिनालाई सहमति भएको स्थानीय नरबहादुर खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार फोहोर फाल्ने स्थान पानीढुंगामा छरपस्ट भएको फोहोरलाई उचित व्यवस्थापन गर्न स्थानीय रमेश खड्काको संयोजकत्वमा ७ सदस्यीय समिति समेत गठन गरिएको छ। उक्त समितिले नै स्थानीय स्तरमा त्यसको व्यवस्थापन गर्ने जिम्मेवारी दिइएको बताइएको छ।

[illegible]

हार्दिक श्रद्धाञ्जली



जन्म: १९९६/०१/१०

स्वर्गारोहण: २०७५/०४/११

स्व. श्रीमती यम कुमारी खत्री

यस मुनलाइट माध्यमिक विद्यालयका शिक्षक तथा बेसिफल्ड एजुकेशन फाउण्डेशन प्रा.लि. को संस्थापक सदस्य श्री कमल बहादुर खत्रीका पूज्य माता श्रीमती यम कुमारी खत्रीको ८० वर्षको उमेरमा दु:खद निधन भएको तेह्रौं दिनको पुण्य तिथिमा स्वर्गीय आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलीका साथ शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवान्‌सँग प्रार्थना गर्दछौं ।

मुनलाइट माध्यमिक विद्यालय परिवार
कुमारीपाटी, ललितपुर
तथा
बेसिफल्ड एजुकेशन फाउण्डेशन प्रा.लि. परिवार
लगनखेल, ललितपुर

# पहिरोमा बेपत्ता भएका गोविन्द अझै भेटिएनन्

## हिलाम्य र खोल्सा भएकाले उद्धारमा कठिनाइ

**दीपेन्द्र शर्मा, जाजरकोट**

जाजरकोट सदरमुकाम खलंगामा आइतबार बिहान गएको पहिरो परी बेपत्ता भएका गोविन्द परियार अझै भेटिएका छैनन।

होमवर्क गरिरहेका बेला पहिरोमा परी बेपत्ता भएका कुशे गाउँपालिका ५ जाजरकोटका ८ वर्षीय गोविन्द परियार अझै भेटिएका छैनन्।

आइतबार नभेटिएका गोविन्द सोमबार दिनभर खोजतलास गर्दा पनि नभेटिएको र हिजो पनि खोजी भइरहेकोमा अहिलेसम्म भेटिन नसकेको जिल्ला प्रशासन कार्यालय जाजरकोटका प्रमुख जिल्ला अधिकारी ललितकुमार बस्नेतले जानकारी दिए। नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले घटनास्थलमा गोविन्दको खोजिकार्य जारी राखेको प्रमुख जिल्ला अधिकारी बस्नेतले बताए।

प्रजिअ बस्नेतका अनुसार आइतबार ८ वटा सब निकाले पनि गोविन्द नभेटिएपछि सोमबार बिहानैदेखि नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र स्थानीय उद्धारमा जुटिरहेका छन। सोमबार पनि गोविन्द नभेटिएपछि हिजो बिहानबाट पुरिएको घर पन्छाएर खोजी कार्य तिब्र बनाइएको भए पनि यो समाचार तयार पार्दासम्म गोविन्द भेटिएका छैनन।

दिनभर करीब ३ सयको संख्यामा सुरक्षाकर्मी र स्थानीय परिचालन गरिए पनि पहिरोमा पुरिएको आशंका गरिएका गोबिन्द फेला पर्नसकेका छैनन्। पानी नरोकिएको र पहिरो गएको ठाँउ हिलाम्य भएकोले उद्धारमा कठिनाई भएको बस्नेतले बताए। मंगलबार पनि बेपत्ता गोबिन्दको पुन: खोजी जारी राखेको उनले जानकारी दिए।

आइतबार बिहान गएको पहिरोले पुरेका एकै घरका चार जनासहित आठ जनाको मृत्यु भएको थियो। भेरी नगरपालिका-६ गंगटियाका लालबहादुर लुहारकी श्रीमती २५ वर्षीया शितली लुहार, उनका छोरीहरू १० वर्षीय रञ्जना लुहार , ७ वर्षीय मनिसा लुहार, र ३ वर्षीय भगवती लुहार, कुशे गाउँपालिका-५ का १३ वर्षीय नरेन्द्र परियार, १० वर्षीय दशरथ परियार कुशे-६ का ११ वर्षीय नवीन परियार र वारेकोट गाउँपालिकाका तिर्थ बोहराकाकी छोरी नजम बोहराको मृत्यु भएको थियो।

भेरी नगरपालिका वडा नं. ३ ठाटीबजारबाट पानीनाउला जाने बाटोमा रहेका गोपाल नेपाली र तिर्थराज बोहराको घरमा पहिरो जाँदा भेरी नगरपालिका-६ गंगटियाका लालबहादुर लुहारको जीवितै उद्धार गरिएको थियो। जीवितै उद्धार गरिएका लालबहादुर लुहारको जाजरकोट अस्पतालमा उपचार भइरहेको छ। छाती, टाउको र खुट्टामा चोट लागेका लुहारको अवस्था सामान्य रहेको प्रजिअ बस्नेतले बताए ।

# विश्व

**निधन**
भारतको तमिलनाडु राज्यका पूर्वमुख्यमन्त्री तथा डीएमकेका अध्यक्ष एम करुणानिधिको शवमा श्रद्धाञ्जली दिँदै पार्टीका कार्यकर्ता। मंगलबार करुणानिधिको ९४ वर्षको उमेरमा उनकै आवासमा निधन भएको छ।



**विस्फोट**
इटालीको बोलोग्ना बाहिर एक राजमार्गमा शक्तिशाली विस्फोटन हुँदा निस्केको धुँवा तथा आगोका ज्वाला। उक्त विस्फोटनमा २ जनाको ज्यान गएको छ।



2018, AUG Wednesday 8

**विश्व २ मिनेट**

### भारत
## करुणानिधिको निधन

चेन्नई , (एजेन्सी)

तमिनाडुका पूर्वमुख्यमन्त्री तथा डीएमकेका अध्यक्ष एम करुणानिधिको मंगलबार साँझ चेन्नईको अस्पतालमा निधन भएको छ। उनी ९४ वर्षका थिए। करुणानिधि करिब ८ दशकसम्म राजनीतिमा सक्रिय रहे र पाचँपटक तमिलनाडु मुख्यमन्त्री रहे। उनले १५ पटक विधानसभाको चुनाव लडेर हरेकपटक जित हासिल गरेका थिए। करुणानिधिको जन्म सन् १९२४ जुन ३ मा तमिलनाडुको नागापट्टिनम जिल्लामा भएको थियो। उनका पिताको नाम मुथुवेल र आमाको नाम अन्जुकम थिए। करुणानिधि विगत केही दिनदेखि गम्भिर रूपमा बिरामी परेका थिए। चेन्नईस्थित उनकै आवासमा उनको उपचार भइरहेको थियो।

### साउदी अरेबिया
## उडान रद्द

रियाद, (एजेन्सी)

साउदी अरेबियाको सरकारी एयरलाइन्सले टोरोन्टाको लागि सिधा उडान रद्द गरेको छ। क्यानाडाद्वारा नागरिक तथा महिला अधिकारका कार्यकर्तालाई रिहा गर्न माग गरेपछि रियादले उक्त कदम उठाएको हो। यसअघि सोमबार साउदी अरेबियाले क्यानाडाको हस्तक्षेपलाई लिएर उसँगको ब्यापारमा रोक लगाएको थियो। क्यानाडाका राजदूतलाई पनि निस्कासित गरेको छ। क्यानाडाले यसको जवाफमा मानव अधिकारको समर्थन गर्न जारी राख्ने जनाएको छ। क्यानाडाका विदेशमन्त्री क्रिस्टिया फ्रिल्यान्डले राजदूत निस्कासित गरिनु अत्यन्त चिन्ताको विषय भएको बताएकी छिन्।

### पेरू
## विषाक्त खाना

लिमा, (एजेन्सी)

दक्षिणी पेरुको आयाकुचो क्षेत्रमा एउटा सामाजिक भेलामा खाना खाँदा कम्तिमा आठजना व्यक्तिको ज्यान जानुका साथै अन्य २० जना सिकिस्त परेको स्वस्थ्य अधिकारीहरुले मंगलबार बताएका छन्। स्थानीय प्रशासनले त्यहाँ वितरण गरिएको खाना विषाक्त भएको हुनुपर्ने आशंका व्यक्त गरेको छ। यसबारे गम्भीर छानबिन गर्न सान जोसे डी उसुवामा विशेषज्ञहरुलाई खटाइएको छ। स्थानीय सञ्चार माध्यमले भने खानामा मुसा मार्ने वा अन्य कुनै किटनाशक औषधि मिसिएको हुनुपर्ने दावी गरेको छ। स्थानीय अस्पतालले मासु सेवन गर्ने १५ जनाको स्थिति नाजुक रहेको जनाएको छ।

### साउदी अरेबिया
## तनाव चर्किंदै

रियाद, (एजेन्सी)

साउदी अरेबियाले सोमबार आफ्नो आन्तरिक मामिलामा दखल दिएको भन्दै क्यानाडासंगको सम्पूर्ण नयाँ व्यापार र लगानी कार्य बन्द गरिने जानकारी दिएको छ। साउदी अरेबियाले क्यानाडाली राजदूतलाई आफ्नो देश छोड्न आदेश दिँदै क्यानडास्थित आफ्नो राजदूतलाई स्वदेश फिर्ता बोलाएको छ। यसअघि साउदी अरेबियाले क्यानाडाली राजदूतलाई देश छाड्नको लागि २४ घण्टाको समय सिमा तोकेको थियो। क्यानाडाली विदेश मन्त्रालयले साउदी अरबलाई साउदी सरकारले पक्राउ गरेका मानव अधिकर्मीहरुलाई तत्काल मुक्त गर्न माग गरेपछि त्यसको कडा प्रतिक्रिया स्वरूप साउदीले यो कठोर कदम उठाएको हो।

# ट्रम्पद्वारा रूससँग साँठगाँठ गर्ने बैठक बसेको स्वीकार

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०१६ चुनावमा रुससँग कुनै साँठगाँठ नगरेकोमा जोड दिँदै ट्विटमा ४०औं पटक पोस्ट गरे। यस मामिलामा गत महिना हेलसिन्कीमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको साथमा रहेको र त्यसको लगत्तै हवाइट हाउसमा भएको क्याबिनेटमा पनि उनले त्यही दाबी गरिरहे।

तर आइतबार राष्ट्रपतिमा विजय हुन आफ्नो चुनाव अभियान टोलीले रुससँग साँठगाँठ गरेको स्वीकार गरेर ती सबैलाई अन्ततः आफ्नै दावीलाई लत्याइदिएका छन्।

ट्रम्पले बिहानै गरेको ट्विटमा सन् २०१६ जुन ९ मा ट्रम्प टावरमा भएको बैठकमा विपक्षीको जानकारी हातपार्ने प्रस्ताव आएको उल्लेख गर्दै र त्यो राजनीतिमा सधैंजसो हुने गरेको बिलकुल वैधानिक भएको उल्लेख गरेका थिए। तर त्यो त्यतिकै हराएको र आफूलाई यस विषयमा कुनै जानकारी नभएको उल्लेख गरेका थिए।



ट्रम्पको यो नयाँ स्विकारोक्तिले सन् २०१७ जुलाइमा पहिलो पटक ट्रम्प टावर बैठकको विषयमा प्रकाशित समाचारलाई लिएर ट्रम्पले जारी गरेको विज्ञप्ती भन्दा पुरै फरक स्थिति उजागर गरेको छ। उक्त विज्ञप्तीमा उक्त बैठकमा उनका जेठो छोरा र चुनाव अभियानका वरिष्ठ सहयोगीहरु सहभागी भएको र त्यो रुसी बच्चालाई धर्मपुत्र बनाउने प्रारम्भिक चरणको छलफल भएको गलत दावी गरिएको थियो।

यस घटनालाई लिएर रिपब्लिकन राजनितिक परामर्स तथा चर्चित ट्रम्प आलोचक रिक विल्नसले 'डोनाल्ड ट्रम्प हरेक वकिलका लागि खराब समना' बनेको बताए। ब्यक्तीगत अनुसासनको अभाव रहेको प्रदर्शन गर्दै ट्रम्पले आफुलाई कठघरामा उभ्याउन सक्ने सबैभन्दा ठुलो खतरामा पुर्‍याएको उनले बताए।

# हाइपरसोनिक हतियारको सफल परीक्षण

बेइजिङ, (एजेन्सी)


चीनले ध्वनीको गतिभन्दा ६ गुणा बढी माक ६ को बेगले उडान भर्न सक्ने हाइपरसोनिक प्रविधिको सफल परीक्षण गरेको दाबी गरेको छ।

उक्त प्रविधिको विमानलाई परम्परागत तथा परमाणु हतियार र आधुनिक क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीमाथि हाइपरसोनिक बेगमा प्रहार गर्नमा प्रयोग गर्न सकिने दाबी गरेको छ। अमेरिका र रुसले पनि हाइपरसोनिक प्रणालीको परीक्षण गरेको छ तर चीनले यस क्षेत्रमा पर्याप्त प्रगति गरेको अनुमान गरिएको छ।

परीक्षणको विकाश गरिएको सिङकोङ-२ हाइपरसोनिक बाहन बेइजिङस्थित चाइना एकेडमी अफ एरोस्पेस एरोडाइनामिक्सले डिजाइन गरेको हो। उक्त बाहनले ध्वनिको गतिभन्दा ६ गुणा बढी बेग हासिल गर्न सफल भएको बताइएको छ।

हालैको परीक्षण गत शुक्रबार उत्तर पश्चिम चीनको एक अज्ञात स्थलमा भएको हो। स्वतन्त्र उडानअगाडि विमान शुरूमा विभिन्न चरणमा ठोस इन्धनयुक्त रकेटले बोकेको र यसले ४ सय सेकेन्डमा माक ५ दशमलव ५ गति समातेको थियो।

यसको अधिकतम्‌बेग माक ६ अर्थात् ४ हजार ६ सय माइल प्रतिघण्टा बेग रहेको सरकारी समाचारपत्र चाइना डेलीले उल्लेख गरेको छ। 'भी' अर्थात 'वेज' आकारको यो यानले अधिकतम १८ माइलभन्दा केही माथिसम्म उडान भरेको थियो। विमान निर्धारित क्षेत्रमै अवतरण गरेको र यसको अवलोकन गरिरहेकाहरुले परीक्षणलाई 'बृहत सफल' भएको बताए।



# प्रयोगकर्ताको बैंक विवरण मागेको छैन : फेसबुक



न्युयोर्क, (एजेन्सी)

फेसबुक कम्पनीले बैंकहरुसँग धमाधम प्रयोगकर्ताहरुको आर्थिक कोरोबारको विवरण मागिरहेको भन्ने आरोप अस्विकार गरेको छ। अमेरिकाको वाल स्ट्रिट जर्नलले विशाल सामाजिक सञ्जालले अमेरिकी बैंकहरुसँग यस्ता तथ्यांक मागिरहेको आलेख छापेको थियो।

फेसबुकले केही प्रयोगकर्ताहरुले आफ्नो म्यासेन्जर एपमा केही आर्थिक सूचनाको पहुँचमा पुग्न खोजेको जनाएको छ। साथै फेसबुकले यसरी प्राप्त गरेको आर्थिक विवरणलाई विज्ञापनको उद्देश्यमा प्रयोग नगरिएको पनि जनाएको छ।

वाल स्ट्रिट जर्नलले फेसबुकले जेपि मोर्गन चेज, वेल्स फार्गो, सिटीग्रुप र युएस ब्यानकोर्पसंग प्रयोकर्ताहरुको खाताको ब्यालेन्स र आर्थिक कारोबारको विवरण मागेको खबर छापेको थियो।

फेसबुकले भनेको छ , 'अन्य थुप्रै कमर्श बिजिनेस चलाउने अनलाइन कम्पनी जस्तै हामी पनि ग्राहकहरुलाई कस्टोमर च्याट वा एकाउन्ट म्यानेजमेन्ट जस्ता सेवाहरु उपलब्ध गराउन बैंकहरु र क्रेडिट कार्ड कम्पनीहरुसँग साझेदारी गर्दछौं। यसको मूल उद्देश्य बैंकसंगका कुनै पनि कारोवार गर्दा फोनमा होल्ड गरी पर्खनु सटा म्यासेजलाई बढावा दिनु रहेको छ।'

अहिले पनि केहि एकाउन्ट लिंकिंग तुलनात्मक रूपमा निकै सानो परिमाणमा भइरहेको बताइएको छ। सिटी बैंकसंग कारोवार गर्ने सिंगापुरवासीहरुले अहिले आफ्ना पछिल्ला आर्थिक कारोवारको विवरण र ब्यालेन्स चेक फेसबुकबाटै गर्न सक्छन्। तर गत वर्ष संयुक्त अधिराज्यमा म्यासेन्जर मार्फत पैसा भुक्तानी गर्ने सुविधाकबाट फेसबुक प्रयोगकर्ताहरुलाई बन्चित गराइएको थियो।

# पर्खाल निर्माणमा कसैले धम्की दिन सक्दैन : ओबराडोर

मेक्सिको सिटी, (एजेन्सी)



मेक्सिकोका नवनिर्वाचित राष्ट्रपति एन्ड्रेस म्यानुयल लोपेज ओबराडोरले सीमामा पर्खाल निर्माण गर्ने विषयमा उनको देशलाई धम्की दिन नसक्ने बताएका छन्।

यसै वर्षको डिसेम्बर १ देखि राष्ट्रपति पद सम्हाल्न गइरहेका ओबराडोले भने- मेक्सिको एक शक्ति बन्न गइरहेको छ र उसले सत्ताको सन्तुलनलाई परिवर्तन गर्ने छ। कसैले हामीलाई हाम्रो सीमा बन्द गर्ने वा त्यसलाई सैन्यकरण गर्ने धम्की दिन सक्दैन।

ट्रम्पले आफ्नो देशको सीमा सुरक्षित गर्नका लागि धेरै कारणहरु दिएका छन्। यसमा गत वर्ष मक्सिकोमा कीर्तिमान संख्यामा हत्या हुनु प्रमुख कारढा थियो।

अमेरिकी विदेशमन्त्री माइक पोम्पियोको नेतृत्वमा एक प्रतिनिधिमन्डलले मे १४ मा मेक्सिको सिटीमा ओबराडोरसँग भेटघाट गरेका थिए। तर सीमामा पर्खाल निर्माण गर्ने विषयमा कुनै छलफल भएको थिएन। त्यसपछि मेक्सिकोका नवनिर्वाचित राष्ट्रपति र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच भएका पत्रहरुको आदानप्रदानमा पनि यो मुद्दा उठाइएको थिएन।

# डार्क नेटमा छोरा बेच्ने महिलालाई सजाय

वर्लिन, (एजेन्सी)

दक्षिणी जर्मनीको एक अदालतले अवैध गोप्य सूचना सञ्जाल अर्थात् डार्क नेट मार्फत् आफ्नो छोरा बालयौन दुराचारी समूहलाई बिक्री गरेको अभियोगमा साढे बाह्र वर्ष लामो कारावास संजाय तोकेको छ। फ्रेइवर्ग अदालतले ति महिलाका पार्टनर अर्थात केटाका सौतेनी पितालाई पनि बाह्र वर्ष लामो कैद सजाय तोकेको छ। गत जुन महिनामा यो मुद्दा शुरू हुँदा पीडित बालक नौ वर्षका थिए।

४८ र ३९ वर्षीय यस जर्मन जोडी स्वयम्ले पनि कम्तिमा दुई वर्ष सम्म ति बालकमाथि यौन दुव्यवहार गरेको बताइएको छ। डार्क नेट मुलधार सर्च इन्जिन पुग्न नसक्ने इन्टरनेट क्षेत्र हो।

सोमवार ति बालकमाथि पटक पटक यौन दुराचार गरेको अभियोगमा एकजना स्पेनी पुरुषलाई दस वर्ष कैद तोकिएको थियो। यसै यौन दुव्यवहारको आरोपमा अन्य पााचजना पुरुषलाई पनि मुद्धा चलाइएको छ।

जर्मन जोडी वलात्कार , बालबालिका माथि आक्रामक यौन दुर्व्यवहार , जवर्जस्ती देहव्यापार र बाल यौन सामग्रीको वितरण गरेको अभियोगमा दोषि ठहर गरिएको छ। तिनीहरुलाई ति बालक र तिनीहरुको दुव्यवहारको शिकार भएकी अन्य एक तिन वर्षिया बालिकालाई ४९ हजार २ सय अमेरिकी डलर क्षतिपुर्ति स्वरूप प्रदान गर्न पनि अदालतले आदेश दिएको छ। अहिले ति बालक धर्म मातापितासंग बसिरहेका छन्।



# कुपोषणपीडित बालबालिकाको उद्धार

वासिंगटन, (एजेन्सी)

अमेरिकी राज्य न्यु मेक्सिकोमा प्रहरीले एउटा विकट क्षेत्रको निर्जन स्थानबाट खान नपाएर कुपोषण पीडित भएका ११ जना बालबालिकालाई उद्धार गरेका छन्। निकै फोहर परिसरमा राखिएको एकदेखि १५ वर्ष उमेर समूहका तिनीहरुले झुत्रोझाम्रो लगाएको तथा खुट्टामा जुत्तासमेत नभएको र तेस्रो विश्वका शरणार्थी जस्तै देखिएको प्रहरीले जनाएको छ।

सो घरमा 'हामी भोकाएका छौं र हामीलाई खाना र पानी चाहिएको छ ' भन्ने वाक्यांशसहितको बोर्ड देखेको खबर एक व्यक्तिले प्रहरीलाई खबर गरेपछि त्यहाँ प्रहरीले खानतलाशी गरेको थियो। कोलराडोको सिमानास्थित अमालियाको उक्त परिसरमा तिनीहरु कसरी पुगे भन्ने स्पष्ट हुन सकेको छैन।

प्रहरीले एउटा सानो भुमिगत सवारी साधनमा प्लाष्टिकले छोपिएको तथा पानी र बिजुलीको व्यवस्था नभएको स्थानमा तिनीहरु फेला परेको बताएका छन्। टाओस काउन्टि सेरिफ जेर्री होग्रेफले आफ्नो तिस वर्षिय सेवाकालमा यस्तो अनुभव कहिल्यै नगरेको र फोहरी अवस्थामा भेटिएका तिनीहरु भोक र तिर्खाले चुर देखिएको एवीसी न्युजलाई बताएका छन्। प्रहरीले घटनास्थलबाट गिरफतार गरिएका सिराज वाहाज र लुकास मोर्टोन नामक दुईजना हतियारधारी पुरुषलाई प्रहरीले बाल उत्पीडनका थुप्रै अभियोग लगाएका छन्।



{ नेपालगन्ज उप-महानगरपालिकामा महाशाखा स्थापना नगर्ने मेयरको निर्णयविरुद्धमा उपमेयरसहित १० जना कार्यपालिका सदस्य विरोधमा उत्रिएका छन्।

## समाचार संक्षेप

### इन्नोभेसनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन हुने

काठमाडौं, (नेस)

डिप्लोमा इन्जिनियर्स एसोसिएसन नेपाल (डिन), कोलम्बो प्लान स्टाफ कलेज (सीपीएससी) मनिला र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) को आयोजनामा अन्तर्राष्ट्रिय सम्मेलन हुने भएको छ। इन्नोभेसन इन टीभीईटी फर सोसियल इकोनोमिक डेभलपमेन्ट विषयमा आगामी असोज १८ र १९ गते हुने २ दिने सम्मेलनमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सार्क डिप्लोमा इन्जिनियर फोरम (एसडीईएफ) सँग सहकार्य गरिएको छ।

सम्मेलनमा टीभीईटी क्षेत्रमा भइरहेको कार्य र इन्जिनियरिङ क्षेत्रका उत्कृष्ट उपलब्धि र सफल नमुनाको आदान-प्रदान गरिने सम्मेलन आयोजक समितिका अध्यक्ष कामेश्वरप्रसाद सिंहले बताउनुभयो। यसले राष्ट्रिय, क्षेत्रीय मात्र नभई अन्तर्राष्ट्रिय क्षेत्रमा सम्बन्ध विस्तार गर्दै गुणस्तरीय विकासका लागि सम्बन्ध विस्तार गर्ने उहाँको विश्वास थियो। सम्मेलनबाट विश्वका पछिल्ला प्रविधि र प्राविधिक उत्पादन विकास र विकास निर्माणको शैलीप्रति जागरुकता फैलने विश्वास गरिएको छ।

डिनका महासचिव जीवन घिमिरेले सम्मेलनले सामाजिक, आर्थिक क्षेत्रमा गुणस्तरीय विकासको मापदण्ड तय गरिने जानकारी दिनुभयो। सम्मेलनमा एसिया प्यासिफिक क्षेत्रका २० मुलुकका ५० जनासहित ५ सय जनाको सहभागिता रहनेछ। सम्मेलनमा टेक्निकल भोकेसनल एजुकेसन एन्ड ट्रेनिङ विषयमा २० देशका २५ भन्दा बढी कार्यपत्र प्रस्तुत गरिनेछ।

### व्याकुल माइला सम्मानित


काठमाडौं, (नेस)

ईजी पायोनियर स्कुल इटाछें भक्तपुरले राष्ट्रिय गानका रचनाकार प्रदीपकुमार राई 'व्याकुल माइला' लाई सम्मान गरेको छ। संस्थापक प्रिन्सिपल विजेन्द्र ध्वँजु तथा विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष सुचिता ध्वँजुले उहाँलाई १० हजार नगदका साथै खादा र टीका लगाई उपहारसहित सम्मान गर्नुभयो।

'विद्यार्थीसँग श्रष्टा' नामक उक्त कार्यक्रममा माइलाले विद्यार्थीसँगै आफैंले लेखेको राष्ट्रिय गान गाउनुभएको थियो।

### दुई विधेयक प्रमाणीकरण

बुटवल, (नेस)



प्रदेश नं. ५ का प्रदेश प्रमुख उमाकान्त झाले प्रदेश का दुई वटा महत्त्वपूर्ण विधेयकको मंगलबार प्रमाणीकरण गर्नुभएको छ।

प्रदेशसभाको यही साउन १४ गतेको बैठकले पारित गरेको दुई विधेयकलाई प्रदेश प्रमुख झाले प्रमाणीकरण गर्नुभएको प्रदेश प्रमुखका प्रवक्ता कमलप्रसाद घिमिरेले बताउनुभयो।

प्रदेश नम्बर ५ प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधासम्बन्धी विधेयक र प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई नेपालको संविधानको धारा २०१ को उपधारा २ बमोजिम प्रदेश प्रमुख झाले प्रमाणीकरण गर्नुभएको हो।

### दोस्रो जिल्लासभा सम्पन्न

कञ्चनपुर, (नेस)

जिल्ला समन्वय समिति कञ्चनपुरले आफ्नो दोस्रो जिल्लासभा सम्पन्न गरेको छ। प्रदेश नं. ७ का भौतिक विकास तथा योजनामन्त्री पठानसिंह बोहराको प्रमुख आतिथ्यमा भएको सभामा कञ्चनपुर जिल्लाको समग्र विकासका योजनाहरू कसरी निर्माण गर्ने र स्थानीय तहहरू र प्रदेश सरकारबीच कसरी समन्वय गरेर अगाडि बढ्ने भन्ने सम्बन्धमा छलफल भएको थियो।

कार्यक्रममा कञ्चनपुर जिल्लामा रहेका ९ वटै स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षसहित जिल्लाका सबै प्रदेश नं. ७ का सांसदहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा बोल्दै प्रदेश नं. ७ का भौतिक योजना तथा विकासमन्त्री पठानसिंह बोहराले प्रदेश सरकारले जनताले आभाष गर्ने गरी विकास निर्माण गरिरहेको भन्दै भारतसँग जोडिएको ब्रह्मदेव क्षेत्रमा स्माट सिटी निर्माण गर्ने योजना प्रदेश सरकारले अगाडि बढाएको बताउनुभएको छ।

सिंहदरबारको अधिकार प्रदेश र स्थानीय तहमा आएको भन्दै आफ्ना अधिकार र विकासका योजना आफैं निर्माण गर्ने उहाँको भनाइ रहेको थियो। प्रदेशसभाका सांसद र नगर प्रमुख, उपप्रमुखहरूले प्रदेश सरकार र स्थानीय तहबीच एक-आपसमा समन्वय गरी कसरी विकास गर्ने भन्ने सन्दर्भमा छलफल भएको थियो। कार्यक्रम जिल्ला समन्वय समितिका प्रमुख फैरु तामाङको अध्यक्षतामा भएको थियो।

# मेयरको निर्णयविरुद्ध उपमेयरको पत्रकार सम्मेलन

नेपाल समाचारपत्र

बाँके

नेपालगन्ज उप-महानगरपालिकामा महाशाखा स्थापना नगर्ने मेयरको निर्णयविरुद्धमा उपमेयरसहित १० जना कार्यपालिका सदस्य विरोधमा उत्रिएका छन्।

मेयर डा. धवलशमशेर राणाले सोमबार बहुमतले अहिले महाशाखा आवश्यक नरहेको निर्णय गराएपछि उपमेयर उमा थापासहित कांग्रेसका १० जना कार्यपालिका सदस्य विरोधमा उत्रिएका हुन्। निर्णय प्रक्रियामा 'नोट अफ डिसेन्ट' लेखेका कांग्रेस निकट कार्यपालिका सदस्यहरूले मंगलबार पत्रकार सम्मेलन गरेर मेयरका विरुद्धमा खनिएका छन्।

सरकारले उप-महानगरपालिकामा ७ वटा महाशाखा तथा सोअन्तर्गत विभिन्न शाखा एवं इकाइ तथा कर्मचारीहरूको व्यवस्था गरेको छ। उक्त संरचना कार्यान्वयन गर्न कर्मचारी व्यवस्थापन गर्ने उद्देश्यले संघीय सरकारले हाल कार्यरत कर्मचारी तथा अपुग कर्मचारीको विवरण माग गरेकोमा मेयर राणाले पेलेर अहिले नेपालगन्जमा महाशाखा आवश्यक नरहेको निर्णय गराएपछि उपमेयर थापासहित कांग्रेसका १० कार्यपालिका सदस्य सडकमा आएका हुन्। नेपालगन्ज उप-महानगरपालिकाले संघीय सरकारले खटाएका कर्मचारीलाई हाजिर नगराउने निर्णय पनि गरेको छ। यसमा पनि कांग्रेस निकटले आपत्ति जनाएका छन्।

पत्रकार सम्मेलनमा उपमेयर थापाले महानगरपालिका बनाउने नीतिगत निर्णयहरू गरेर अघि बढेको बेलामा महानगरपालिकालाई बल पुग्ने महाशाखाहरू गठन गर्न नदिनु गलत भएको बताउनुभयो। उहाँले नेपालगन्जको विकासलाई गति दिनका लागि अहिलेको संरचना बदल्न जरुरी रहेको बताउनुभयो। उपमेयर थापाले भनिन्- 'मेयरको दबाबमा गलत निर्णय भएको छ। यसलाई सच्याउनुपर्छ।'


बोर्ड बैठकमा मेयर राणाले महाशाखा अहिले आवश्यक नरहेको विश्लेषण गर्दै हात उठाउन लगाई बहुमतका आधारमा उक्त निर्णय गराएका थिए। 'सबै महाशाखामा उपसचिव सरहका कर्मचारी हुन्छन्। निजामती कर्मचारी धेरै हुँदा मलाई काम गर्न अप्ठेरो पर्छ। उनीहरूले भनेको मान्दैनन्, त्यसले अहिले महाशाखा आवश्यक छैन।' -बैठकमा मेयर राणाको भनाइ उद्धृत गर्दै कार्यपालिका सदस्य एवं वडा नं. १२ का अध्यक्ष बुद्धिसागर सुवेदीले भन्नुभयो।

मेयरका विरुद्धमा विभिन्न मुद्दामा लामो समयदेखि टकराव गर्दै आएका नेकपामा सदस्यहरूले कसरी मेयरका कुरा माने त भन्ने प्रश्नमा वडा अध्यक्ष सुवेदीले थप्नुभयो- 'धेरैलाई त महाशाखा के हो भन्ने जानकारी नै छैन। एकैपटक बैठकमा मेयरले त्यसबारेमा ब्रिफिङ गरेर आवश्यक छैन भने। त्यसलाई हात उठाउन लगाएर समर्थन खोजियो। हामीले गोप्य मतदान हुनुपर्छ भन्दा मेयरले मानेनन्। गोप्य भइदिएको भए मेयर अल्पमतमा पर्ने थिए।'

'महानगरपालिकाको बाटोमा लम्किरहेको नेपालगन्जको दीर्घकालीन हितविपरीत सीमित व्यक्तिको स्वार्थपूर्ति गर्ने र एकलौटी ढंगले अगाडि बढ्ने उद्देश्यले उप-महानगरपालिकालाई बन्धक बनाउन गरिएको उक्त निर्णय नेपालगन्जको भविष्यमाथिको गम्भीर कुठाराघात हो। यो त्रुटिपूर्ण निन्दनीय निर्णयप्रति खेद प्रकट गर्दछौं।' -उपमेयरसहित कांग्रेसका ११ जना सदस्यले भनेका छन्।

संघीय सरकारले बनाएको संरचना कार्यान्वयन गर्दा उच्च तहका कर्मचारी आउने, उप-महानगरपालिकामाथि आर्थिक भार बढ्ने र कर्मचारीले जनप्रतिनिधिलाई नटेर्ने एवं जनप्रतिनिधिले चाहेअनुरूप कामकाज गर्न नपाइने जस्ता नगर प्रमुखले तर्कहीन अभिव्यक्ति दिएको उनीहरूले आरोप लगाएका छन्। उनीहरूले नेपालगन्ज उप-महानगरपालिका तथा सिंगो नगरबासीको हितमा दीर्घकालीन असर पर्ने गरी गरिएको उक्त निर्णय तत्काल सच्याई जनताको हितमा काम गर्न जोडदार माग गरेका छन्।

# हिक्कहिक्क गर्दै किन रुनुभो डा. केसी ?



काठमाडौं, (नेस)

चिकित्सा शास्त्र अध्ययन संस्थानका प्राडा. गोविन्द केसी मंगलबार डिस्चार्ज हुने क्रममा हिक्कहिक्क गर्दै रुनुभयो । आफ्ना माग र सरकारसँगका सम्झौता बारे ध्यानाकर्षण गराउन आयोजित पत्रकार सम्मेलनमा बोल्दै गर्दा बिरामीको उपचार गर्न नपाएको प्रसंग सम्झँदा रुनुभएको हो ।

२७ दिने अनसनपछि ६ दिन आईसीयू र ७ दिन मेडिकल वार्डमा उपचार गराइ डिस्चार्ज हुनुभएका डा. केसीले एक हप्तापछि बिरामी हेर्न आउने कोसिस गर्ने बताउनुभयो ।उहाँले सरकारले आफ्ना माग पूरा नगरे १६औं पटक पनि सत्याग्रहमा उत्रने चेतावनी दिनुभयो। आफू कुनै पदका लागि नलडेको भन्दै उहाँले सरकारले भनेको पदमा नबस्ने बताउनुभयो।

चिकित्सा शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधारको माग राखी डा. केसी पटकपटक अनशन बस्दै आउनुभएको छ ।

### अपहरण...

यस्ता आपराधिक घटना बढ्दै गएपछि अघिल्लो संविधानसभाले यस सम्बन्धी कडा कानुनी व्यवस्था गरेको हो। नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का सांसद कृष्णभक्त पोखरेलले अपहरण गरी हत्या गर्नेलाई २० वर्ष कैद सजाय र अपहरण गर्नेलाई ७ वर्ष जेल सजाय हुने विद्यमान व्यवस्था रहेको जानकारी दिनुभयो।

'कडा कानुन बनाएपछि कसूर गर्न डराउँछन् कि भन्ने पनि हो, समाजलाई सही बाटोमा लान कहिलेकाही कानुनमा कडाइ गर्नुपर्दोरहेछ' -पोखरेलले भन्नुभयो। कानुन व्यवसायीसमेत रहनुभएका पोखरेल दोस्रो संविधानसभाको पनि सदस्य हुनुहुन्थ्यो।

माथि उल्लिखित ६ वटा कसूरबाहेक जन्मकैदको गणना गर्दा २५ वर्ष कैद सजाय हुने गरी गणना गर्नुपर्ने छ भनी दफा ४२ मा लेखिएको छ। दफा ४३ मा 'एकीकृत सजायबापत डेढी सजाय हुने' व्यवस्था छ। यसअन्तर्गत उपदफा (१) मा भएको व्यवस्था यस्तो छ 'अदालतबाट फैसला हुँदाका बखत कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसूर गरेको वा भिन्नभिन्न वारदातमा भिन्नभिन्न कसूर ठहर भएमा त्यस्तो व्यक्तिले एकीकृत कसूर गरेको मानिनेछ।'

यसैको उपधारा (२) मा (१) बमोजिमको एकीकृत कसूर गर्ने कसूरदारलाई सजाय गर्दा अधिकतम सजाय हुने कसूरबापतको सजाय र त्यस्तो सजायको आधा सजाय थप गरी डेढी सजाय गर्नुपर्नेछ।'

मुलुक अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद १७ को दफा २११ मा ' अपहरण वा शरीर बन्धकसम्बन्धी कसूर' उल्लेख छ। यसमा अपहरण गर्न नहुने, शरीर बन्धक लिन नहुने, आत्मसमर्पण गरेमा सजाय कम हुनेलगायतका कानुनी व्यवस्था गरिएको छ।

यसरी कडा कानुन बन्दाबन्दै पनि आइतबार भक्तपुरका ११ वर्षीय निशान खड्काको अपहरणपछि हत्या भएको छ भने दुई जना अपहरणकारी इन्काउन्टरमा मारिएका छन्।

बालबालिका अपहरण गरी फिरौती माग्ने क्रम रोकिनुको सट्टा झन् बढ्दै गएको छ। अपहरणकारीहरूले शुरुमा मोटो रकम माग्ने गरेका छन् भने त्यसपछि घटाउँदै आउने गरेका छन्। भनेजति रकम नपाएपछि अपहरितको हत्या गर्ने गरेका छन्। विशेष गरी उपत्यका र तराईमा यस्ता घटना बढी हुने गरेका छन्। बालिका बलात्कार गर्ने क्रम पनि बढेको छ। नाबालिकामाथि हुने बलात्कार र त्यसपछिको हत्याले समाज त्रसित बन्दै गएको छ।

केही दिनअघि कञ्चनपुरमा निर्मला पन्तको पनि सामूहिक बलात्कारपछि हत्या भएको थियो। प्रतिनिधिसभा र विभिन्न प्रदेशसभामा बलात्कारीलाई मृत्युदण्डसम्मको सजायको व्यवस्था गरिनुपर्ने आवाज उठाइँदै आएको छ।

स्मरणीय छ, आउँदो भदौ १ गतेदेखि मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, लागू हुँदैछ।

दोस्रो संविधानसभाको विधायन समितिले यी ऐन बनाएर संसद्बाट पास गरेको थियो। मुलुकी फौजदारी कार्यविधि (संहिता) को संयोजक तत्कालीन सांसद लक्ष्मणलाल कर्ण, मुलुकी देवानी (संहिता) को संयोजक राधेश्याम अधिकारी, फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयनको संयोजक रामनारायण बिडारी र मुलुकी देवानी कार्यविधिको संयोजक रेवतीरमण भण्डारी रहनुभएको थियो। ५ जना संयोजक नै कानुनी पृष्ठभूमिका हुनुहुन्थ्यो। भण्डारीबाहेक सबै अहिले पनि सांसद हुनुहुन्छ।

### कामु...

केन्द्रका कार्यकारी निर्देशक प्राडा. पारसनाथ यादवले कायममुकाय प्रधानन्यायाधीश मिश्रले पाठ्यक्रम विकास केन्द्रलाई 'इक्वुभ्यालेन्ट' दिए/नदिएको जानकारी नभएको बताउँदै भन्नुभयो- 'तर हामीकहाँ नभए पनि उहाँले न्याय परिषद्मा बुझाएको हुनुपर्छ, नबुझाएको भए पनि बुझाउनुपर्छ।'

कम्प्युटराइज नगरिएकाले समकक्षता फेला नपरेको जानकारी दिँदै प्राडा. यादवले भन्नुभयो- 'हामीसँग पुरानो डाटा छैन। २०५० सालदेखिका कर्मचारी मात्रै हुनुहुन्छ। धेरै पुरानो भएर पनि हुनसक्छ नभेटिएको, तर भेटिन सक्छ।'

न्याय परिषद् सचिव नृपध्वज निरौलाले कुनै पनि न्यायाधीशको व्यक्तिगत बिबरण दिन नमिल्ने ऐनमा नै उल्लेख भएको बताउनुभयो।

यसैबीच नेपाल समाचारपत्र दैनिकमा प्रकाशित सोही समाचारको विषयलाई लिएर न्याय परिषद्ले सोमबार विज्ञप्ती जारी गरेको छ। परिषद्ले न्यायाधीशको व्यक्तिगत विवरणको समाचार बनाउँदा आफ्नो निकायबाट सम्पर्क गरेर मात्रै प्रकाशन गर्न आग्रह गरेको छ।

स्मरणीय छ, नेपाल पत्रकार महासंघसँगको सहमतिमा प्रेस काउन्सिल नेपालद्वारा जारी गरिएको पत्रकार आचारसंहिता-२०७३ को दफा ६ को उपदफा १ (क)मा उजुरी र कारवाहीसम्बन्धी व्यवस्थामा भनिएको छ- 'कुनै सञ्चारमाध्यमले सम्प्रेषण गरेको समाचार सामग्री असन्तुलित भएको लागेमा सोबाट असर पर्ने व्यक्ति, समुदाय वा संस्थाले सम्बन्धित सञ्चारमाध्यममा आफ्नो प्रतिक्रिया वा खण्डन पठाउन सक्नेछ।

यसैबीच प्रधानन्यायाधीश सिफारिसका लागि संवैधानिक परिषद्को बैठक आज बुधबार बस्दै छ। न्याय परिषद्को वैठकले वरिष्ठताका आधारमा ओमप्रकाश मिश्र र चोलेन्द्रशमशेर जवराको नाम संवैधानिक परिषद्मा पठाइसकेको छ।

### स्वतन्त्र...

कांग्रेसले दुर्भाग्यपूर्ण घटनालाई न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतामाथि कार्यकारिणीको अतिक्रमण र नियन्त्रणकारी हस्तक्षेपका रूपमा लिएको जनाएको छ।

कांग्रेस आगामी दिनमा लोकतन्त्रका आधारभूत मूल्य, मान्यता, संविधान, संवैधानिक सर्वोच्चता र न्यायापालिकाको स्वतन्त्रता एवं निष्पक्षता रक्षा गर्न अझ बढी गम्भीरताका साथ क्रियाशील रहने निर्णय गरेको छ।

प्रधानन्यायाधीश नियुक्तिका सन्दर्भमा प्रधानमन्त्री ओली र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष ओलीले फरकफरक चरित्र देखाएको भन्दै बैठकमा विस्तृत छलफल भएको थियो। प्रधानमन्त्रीको हैंसियतमा ओलीले संवैधानिक परिषद्बाट प्रधानन्यायाधीशका लागि जोशीको नाम सर्वसम्मत अनुमोदन गराउनुभएको र पार्टीको अध्यक्षको हैसियतमा ह्वीप जारी गरी सुनुवाइ समितिमा अस्वीकृत गराउनुभएको भनी बैठकमा आलोचना गरेको थियो।

दुई तिहाइको दम्भमा वर्तमान सरकारले लोकतान्त्रिक विधि र प्रक्रियालाई समेत प्रहार गरी न्यायालयमाथिको हस्तक्षेप थालेकाले नेपाली कांग्रेस सजक भएर स्वतन्त्र न्यायालय जोगाउन अघि बढ्नुपर्ने बैठकले निष्कर्ष निकालेको थियो। न्यायालयमाथि यस्तो हस्तक्षेप पञ्चायती व्यवस्थामा पनि नभएको केन्द्रीय सदस्यहरूले बताएका थिए।

संसदीय सुनुवाइ समितिबाट प्रधानन्यायाधीश पदमा दीपकराज जोशीको नाम अस्वीकृत भएको विषयलाई नेपाली कांग्रेसले निश्चित व्यक्ति छनोटको पक्ष र विपक्षको मुद्दाका रूपमा नभई शक्ति पृथकीकरणको मुलभूत सिद्धान्तमा आघात परेको घटनाका रूपमा लिएको जनाएको छ।

वर्तमान संविधानको सफलताका लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति सन्तुलनको सम्बन्ध अनिवार्य छ। तीनवटै क्षेत्रमा व्यक्तिहरूको आगमन र बहिर्गमनलाई पद्धतिले निर्दिष्ट गर्ने हो भन्दै कांग्रेसले भनेको छ- 'तर सुनुवाइसम्बन्धी ऐन नहुनु, नियमावलीका भरमा विषयअघि बढ्नु र सुनुवाइपश्चात अन्तिम निर्णयका लागि 'राजनीतिक लाइन' को प्रतीक्षा हुनु र न्यायालयलाई कार्यपालिका र व्यवस्थापिकाको लाचार छाया बनाउने ढंगले परिणाम कोरिनु दुर्भाग्यपूर्ण छ।'

कांग्रेस बैठकको निर्णयमा भनिएको छ- 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ५ को व्यवस्थाबमोजिम प्रधानन्यायाधीश पदमा नियुक्त हुन संविधान तथा प्रचलित कानुनमा उल्लेख भएको योग्यता, उपयुक्तता र निजको सामाजिक प्रतिष्ठा, उच्च नैतिक चरित्र, इमानदारिता, निजप्रतिको जनभावना तथा निजले पहिले गरेको सेवा र पेसागत अनुभवसमेतलाई आधार मानी संवैधानिक परिषद्ले प्रधानमन्त्रीको प्रस्तावमा सर्वसम्मत रूपमा नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गर्‍यो।'

त्यसैअनुसार संसदीय सुनुवाइ समितिमा अनुमोदनका लागि पठाइयो। तर, प्रधानमन्त्रीकै निर्देशनमा प्रधानमन्त्रीको पार्टीको तर्फबाट संसदीय सुनुवाइ समितिमा प्रतिनिधित्व गर्ने संघीय संसदका सदस्यहरूबाट विनाआधार र कारण सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदमा नियुक्त गर्ने सिफारिस अस्वीकृत गरिएको कांग्रेसको निर्णयमा भनिएको छ।

### विभागले...

त्यसै गरी सर्टको देब्रेतर्फ विभागको प्रतीक चिह्न (मेटल लोगो) र देब्रे पाखुरामा सरकारी लोगो राख्ने व्यवस्था गरिएको छ। फिल्डमा खटिने कर्मचारीलाई हरेक बार वन्यजन्तुमैत्री पोसाक अनिवार्य गरिएको छ भने हिमाली र उच्च पहाडी भेगमा खटिने कर्मचारीका लागि केही बाक्लो पोसाकको व्यवस्था गरिएको रूपाखेतीले जानकारी दिनुभयो।

### टेकु...

तर तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र प्रधानमन्त्री सुशील कोइरालाको कार्यकालमा भएको सहमति पुरा नभई नया वैकल्पिक ल्यान्डफिल साइट बनाउन नदिने स्थानीयको भनाइ छ। स्थानीय श्रीराम ढुंगानाले नयाँ स्थानमा वैकल्पिक ल्यान्डफिल साइट बनाउँदा स्थानीयसँग सहमति गर्नुपर्ने बताउँदै भन्नुभयो- यसका लागि करिब ५ हजार रोपनी जग्गा अधिग्रहण गर्नुपर्छ, सो स्थानबाट स्थानीयलाई टाढै राख्नुपर्छ।

संयोजक मरहठ्ठाले स्थानीयसंगै छलफल गरी वैकल्पिक ल्यान्डफिल साइट खोजिने स्पष्ट पार्नुभयो। तर उहाँले अन्तिम विकल्प बञ्चरे डाँडा नै भएको बताउनुभयो। कामपाका प्रवक्ता ज्ञानेन्द्र कार्कीले पनि बञ्चरे डाँडाको पूर्वाधार विकासमा सरकारले सहयोग नगरेको आरोप लगाउँदै यसैलाई अन्तिम विकल्प बनाइनुपर्ने बताउनुभयो।

अहिले सिसडोलमा उपत्यकाका तीनसहित धादिङ, काभ्रे र नुवाकोटको फाल्ने गरिएको छ। त्यहाँ कामपाबाट मात्र २० र अन्य जिल्ला तथा निजी क्षेत्र समेतकाले गरी दैनिक १ सय ५० वटा सवारी साधनले दैनिक फोहोर ओसार्ने गरेका छन्।

लगातार वर्षा परेर फोहोर व्यवस्थापन गर्न समस्या आएपछि कामपा वातावरण व्यवस्थापन विभागका प्रमुख हरि कुँवरसहितको टोली मंगलबार नुवाकोटको सिसडोल पुगेको थियो। तर फोहोरकै पहिरो जाने खतरा देखिएकाले छिट्टै विकल्प खोजिनुपर्ने कामपाले जनाएको छ।'विकल्प नखोजे २२ वटा स्थानीय निकायको फोहोर बाटोमै थुप्रिनेछ' -कामपा वातावरण व्यवस्थापन विभाग प्रमुख कुँवरले भन्नुभयो। उहाँले राज्यको कमजोरीका कारण समस्या आएको आरोप लगाउनुभयो।

तर कामनपाको समन्वयमा सिसडोल ल्यान्डफिल साइटको अल्पकालीन तथा दीर्घकालीन समस्या समाधान गरी राय सुझाव पेश गर्न गठित कार्यदलले पनि सिसडोलको विकल्प खोज्न सुझाएको छ। कार्यदलका संयोजक एवं कामपाका सहसचिव ईश्वरचन्द्र मरहठ्ठाले केही दिनभित्रै वैकल्पिक ल्यान्डफिल साइट खोजिने बताउनुभयो। उहाँका अनुसार कार्यदलको बैठक बस्नुअघि पुरानै स्थान आलेटार, खाल्डे खोल्चा र सिटे खोल्चामा फोहोर व्यवस्थापन गर्ने गरी तीनवटा नयाँ विकल्प खोजेको छ।

### मुठभेडको ...

नेपाल समाचारपत्रकर्मी लवटको घरमा पुग्दा उनका परिवारले घटनाका सम्बन्धमा खुलेर कुरा गर्न चाहेनन्। महानगरीय अपराध महाशाखाको टोलीले अपरहणमा संग्लन भनिएका गोपाल तामाङ र अजय तामाङको सूर्यविनायकमा रहेको जंगलमा भनिएको इन्काउन्टर भनी गरेको प्रचार गलत भएको खुलासा भएपछि उनीहरू प्रहरीको दबाबमा परेका हुन्।

नेपाल समाचारपत्रकर्मी श्याम लवटको घरमा पुग्दा श्याम घरमा थिएनन् भने उनकी श्रीमती, सुबिना र साना दुई छोरा मात्र घरमा थिए। मोबाइलमा सम्पर्क गर्दा उनले काठमाडौंमा आफ्नो काममा व्यस्त भएको बताए।

महाशाखाको टोलीले बालक निशानको हत्यामा संग्लन भनिएका गोपाल र अजयको दोहोरो मुठभेडमा ज्यान गएको दाबी गरे पनि महाशाखाको प्रहरीले नगदेशस्थित कोठाबाट अजय र गोपाललाई गाडीमा हालेर जंगलतर्फ लगेको प्रत्यक्षदर्शी बताउँछन्।

श्याम लवटको घरमा ६ महिना अघिदेखि बस्दै आएका गोपाल र अजयलाई सादा पोसाकमा आएको प्रहरीको टोलीले कोठाभित्रै कुटपिट गरेर आँखामा पट्टी बाँधेर लगेको त्यहाँ उपस्थित दर्जनौं बासिन्दाले प्रत्यक्ष देखेका थिए।

अपहरणकारी डेरा बसेको घरसँगैको कोठामा बस्दै आएका सञ्चारकर्मीसमेत रहेका प्रसन्न रिमालले उनीहरू दुवैलाई सादा पोसाकमा आएका प्रहरीले बिहान कुटपिट गर्न थालेको आवाज सुनेको र पछि प्रहरीले अपहरणकारी भएको जानकारी दिएको बताउनुभयो। तर आफूहरूलाई आफ्नो कोठामा बस्न र बाहिर ननिस्कन प्रहरीले भनेको उहाँले बताउनुभयो।

पछि हल्ला भएर सबैले थाहा पाएर चौकीमा लगेर जे गर्नुस् तर यहाँ होइन भनेपछि त्यहाँबाट उनीहरूलाई प्रहरीले लगिएको बुझिएको छ। त्यस क्रममा लवटको घर बाहिर सयौं स्थानीय जम्मा भइसकेका थिए। महानगरीय अपराध महाशाखाको टोलीले लवटकै निर्माणाधीन घरको आडमा गाडिएको अवस्थामा शव फेला पारेको हो। शव पनि गोपाल र अजयले नै देखाएको हुन सक्ने स्थानीयको भनाइ छ।

स्थानीयका अनुसार रातो गाडीसहित एउटा निलो रंगको गाडी र ३-४ ओटा मोटरसाइकलमा महाशाखाको टोली लवटको घरमा पुगेको थियो। स्थानीय भन्छन्- 'प्रहरीले अजय र गोपाललाई बिहान अन्दाजी सवा दश बजेको समयमा लवटकै घरबाट लगेको हो। पछि इन्काउन्टरमा मारिएको खबर आयो।' उनीहरू बस्ने कोठामा महाशाखाको टोलीले नै बन्द गरेको छ। त्यही घरमा बस्दै आएका डेरावालका अनुसार गोपाल र अजय आइतबार राति अलि ढिलो कोठामा पसेको घरबेटी सुबिना बताउँछिन्। घटनाक्रम हेर्दा अजय र गोपालले कोठामा आउनुअघि नै निशानको हत्या गरेको हुन सक्ने उनीहरूको आँकलन छ। सबैले देख्ने गरी घरबाट पक्राउ परेका गोपाल र अजयलाई कानुनी कारबाही गर्नुको साटो मुठभेड भनेर इन्काउन्टर गर्नुले प्रहरी नियतमा शंका भएको स्थानीयको भनाइ छ।

इन्काउन्टरमा ज्यान गुमाएका गोपाल र अजयका परिवारले घटनाको निष्पक्ष छानबिन हुनुपर्ने माग गरेका छन्। उनीहरूले छानविन नभएसम्म शव नबुझ्ने बताएका छन्। दुवैको शव महाराजगन्ज शिक्षण अस्पतालमा राखिएको छ।

घटनास्थलबाट प्रहरीले १ थान पेस्तोल, २ राउन्ड गोली र अपहरण पश्चात फिरौती रकम माग गरिएको सिम प्रयोग गरिएको मोबाइल बरामद गरेको भनिए पनि उनीहरूको साथमा त्यो नदेखिएको समेत स्थानीय बताउँछन्।

तर अपराध महाशाखाले जारी गरेको विज्ञप्तिमा भने आश्रम जाने जंगलमा अपरिचित आपराधिक व्यक्तिहरूको समूहले हतियार निकाली प्रहरीमाथि नै गोली प्रहार गर्न लागेपछि बाध्य भएर गोली प्रहार गर्दा दुई जनाको मृत्यु भएको जनाएको छ।

# अर्थ

2018, AUG
Wednesday
8

सरकारले प्रदेश नम्बर १ को पाँचथरको हिलिहाङ र याङवरकलाई गोलभेंडाको पकेट क्षेत्र घोषणा गरेको छ। त्यहाबाट गतवर्ष ३ करोड २८ लाख रुपिंयाँको गोलभेंडा निकासी भएको थियो। यो वर्ष मुख्य सिजनमै निकासी ठप्प हुँदा किसानलाई अधिकतम् क्षति भएको बताइएको छ।










# 'विदेशमा लगानी गर्ने को-को हुन् हामीलाई थाहा छ'

**नेपाल समाचारपत्र**
काठमाडौं

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले नेपालबाट विदेशी लगानी गर्ने उद्योगी व्यापारीको जानकारी आफूसँग रहेको बताउनुभएको छ।

मंगलबार वीरगन्जमा आयोजित नेपाल उद्योग वाणिज्य महासंघको 'जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघको राष्ट्रिय भेलालाई उद्घाटनका क्रममा प्रचण्डले नेपालबाहिर क-कसले कति लगानी गरिरहेका छन्, भन्ने विषयमा सरकार जानकार रहेको बताउनुभएको हो।

युरोप, मध्यपूर्वलगायतका क्षेत्रमा भएको लगानीको जानकारी आफूहरूसँग सुरक्षित रहेको भन्दै प्रचण्डले यसरी लगानी बाहिर जानुमा सरकार नै जिम्मेवार रहेको पनि धारणा राख्नुभयो। मुलुकभित्रै लगानी गर्ने वातावरण नभएका कारण नेपालको लगानी बाहिर गइरहेको र बाहिरबाट नेपालमा लगानी आउन नसकेको उहाँको भनाइ छ। 'देशभित्रका दुईचार उद्योगका लागि मात्र आफू असुरक्षित महशुस भयो भने उनीहरूले यहाँ थप लगानी त गर्दैनन् नै बाहिरको लगानी पनि आउँदैन, त्यसैले लगानीको वातावरण बनाउनुपर्छ।' प्रचण्डको भनाइ छ।

मुलुकभित्र लामो समयपछि राजनीतिक स्थिरता आए पनि अझै अहिले नाफा कमाउने स्वतन्त्रता, उत्पादन गर्ने स्वतन्त्रता नहुन्जेल समृद्धि हासिल नहुने उहाँले बताउनुभयो। राष्ट्रिय पुँजीको सुरक्षासहित मुलुकको समृद्धिका लागि निजी क्षेत्रसँग सहकार्य अपरिहार्य रहेको धारणा राख्दै प्रंचण्डले मुलुकमा राम्रो वातावरण भएमा स्वदेशी विदशी लगानी आउने दाबी गर्नुभयो। उहाँले वर्तमान सरकार लगानीको वातावरण बनाउन दिनरात लागिपरेको समेत बताउनुभयो। उहाँले सरल ब्याजदरमा ऋण पाउनु पर्ने, नवीकरण सरल गरिनुपर्ने, कर प्रणाली सहज बनाउनुपर्ने व्यवसायीको माग जायज रहेको बताउनुहुँदै यसमा आफ्ना तर्फबाट पनि सहयोग गर्ने विश्वास दिलाउनुभयो। राष्ट्रिय पुँजीको सुरक्षा गरी समृद्धि हासिल गर्न सकिने धारणा राख्नुहुँदै उहाँले समयको गतिशिलतासँगै कार्य गर्नुपर्ने र रूपान्तरण हुनुपर्ने धारणा राख्नुभयो।



कार्यक्रमका अतिथि एवं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादवले मुलुकभित्र सुशासन र बेथितिको अन्त्य गर्न वर्तमान सरकार लागिरहेको बताउनुभयो। फर्म दर्ता नवीकरणको लागि थप तीन महिनाको समय दिने सोच सरकारको रहेको स्पष्ट पार्दै उहाँले एकद्वार प्रणालीलाई कार्यान्वयनमा लैजाने बताउनुभयो। 'अहिले अन्तर मन्त्रालय समन्वयमा सुधार हुँदै गएको छ भने दोहोरो तेहेरो कर नलाग्नेमा संघीय सरकार सचेत छ। व्यापाघाटा कम गर्न वस्तु उत्पादनमा सरकारले जोड दिँदै आएकोमा यसमा निजी क्षेत्रको पनि भूमिका खोजिनुपर्छ। मुलुकको समृद्धिका बारेमा निजी क्षेत्रसँग बसेर छलफल गर्न हामी तयार छौं। मन्त्री यादवले भन्नुभयो।

कार्यक्रमलाई संवोधन गर्नुहुँदै महासंघका अध्यक्ष भवानी राणाले जिल्लामा उद्यमी व्यवसायीले भोग्नु परेका समस्याका बारेमा छलफल गरी निचोड निकाली उद्योग व्यवसायको प्रवर्द्धनमा यो भेलाबाट सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। इतिहासकै शक्तिशाली सरकार आएको ८ महिनासम्म पनि उद्योगी व्यवसायीले यसको अनुभव गर्न नसकेको गुनासो गर्नु हुँदै अध्यक्ष राणाले विश्वमा जुन देशमा कर प्रणालीमा सुधार गरिएको छ ती देशले समृद्धि हासिल गरेकाले सरकारले समृद्धिको आधार तयार गर्नुपर्ने सुझाव दिनुभयो।

स्थानीय, प्रादेशिक तथा संघीय सरकार क्रियाशील रहेको अहिलेको अवस्थामा व्यवसाय गर्ने वातावरण सहज हुनुपर्नेमा झनै कठिन बन्दै गएको भेलामा सहभागीले गुनासो राखेका थिए। स्थायी सरकार हुँदाहुँदै व्यवसाय क्षेत्रमा झनै चुनौतीहरू थपिँदै गएको, व्यावसायिक वातावरण वातावरण बनाउनेतर्फ सरकार क्रियाशील नदेखिएको, व्यवसायीलाई करको भार थोपर्दै गएको, सहज वातावरणको सट्टा देशैभर व्यवसायीहरू समस्याबाट गुज्रिरहेका, बैंकहरूले मनलाग्दी व्याजर बढाएका, फर्म दर्ता नवीकरणमा समस्या झेल्नु परेको गुनासो सहभागी उद्यमी व्यवसायीहरूको थियो। स्थानीय र प्रदेश सरकारबाट उठाउने करबाट उद्योग वाणिज्य क्षेत्रमा ठूलो असर परेकाले स्थानीय, प्रदेश सरकार र स्थानिय उद्योग वाणिज्य संघबीच समन्वय गरी कर निर्धारणमा सहज वातावरण बनाउनु पर्न सुझाव सहभागी उद्यमी व्यवसायीहरूको थियो।

उद्योग स्थापनाका लागि बिभिन्न निकायबाट लिनुपर्ने सिफारिसलगायतको कार्य एकै ठाउँबाट गर्नको लागि छुट्टै कार्यालय स्थापना गर्नुपर्ने, संघीय, प्रदेश र स्थानीय सरकारले अनिवार्य रुपमा स्वदेशी उत्पादनहरूको प्रयोग गर्ने व्यवस्था हुनुपर्ने, बजार अनुगमन स्थानीय उद्योग वाणिज्य संघहरूको प्रतिनिधिको रोहवरमा मात्र कार्यविधि बनाईनुपर्ने सहभागी उद्योगि व्यवसायीको धारणा छ। एक्जिम कोड सम्बन्धमा साना व्यवसायीलाई भंसार कार्यालयमा भारतबाट सामान आयात गर्दा तीस लाख रुपियाँ धरौटी राख्नुपर्ने व्यवस्था भएको हुँदा समस्या सृजना भएकाले सो व्यवस्था हटाउनु पर्नेसमेत उनीहरूले माग राखेका छन्।

# विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ साउन २३, अगस्ट ८, २०१८

## खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।६० | ११०।२० |
| युरो १ को रू. | १२७।०८ | १२७।७७ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४२।०१ | १४२।७९ |
| स्विस फ्रन्क १ को रू. | ११०।२० | ११०।८० |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।४८ | ८१।९३ |
| क्यानाडियन डलर १ को रू. | ८४।५० | ८४।९६ |
| सिङ्गापुर डलर १ को रू. | ८०।३४ | ८०।७८ |
| जापानी यन १० को रू. | ९।८६ | ९।९१ |
| चिनियाँ युआन १ को रू. | १६।०६ | १६।१४ |
| साउदी अरब रियाल १ को रू. | २९।२२ | २९।३८ |
| कतारी रियाल १ को रू. | ३०।१० | ३०।२७ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।३० | ३।३२ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।८४ | ३०।०० |
| मलसियन रिङ्गिट १ को रू. | २६।८८ | २७।०३ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७९ | ९।८४ |

### खरिद दर

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३० |
| डेनिस क्रानर १ का रू. | १७।०५ |
| हङकङ डलर १ का रू. | १३।९६ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# चुनढुंगाले ध्वस्त हुँदै लुप्लुङ गाउँ

**सलिम अन्सारी, प्युठान**



पहिले जस्तो सुन्दर र शान्त छैन लुप्लुङ गाउँ, सुन्दर डाँडापाखा, हरिया वनजंगलले सजिएको बस्ती अचेल चुनढुंगाले पूरै ध्वस्त भएर उठ्दै छ।

वस्तुभाउ चराउने गाउँ नजिकको खर्क मासिँदै छन्, चर्को ध्वनी कम्पन छ। सायद, यस्कै असरले होला, हिजोआज गाउँलेमा चयनको निद्रा छैन। पानीका मुल सुक्दै छन्, गाउँ खण्डहर बन्यो। खेतीयोग्य जमीन नाश हुँदैछ, पहिरोले वनै सखाप छ। खानी सञ्चालकले स्थानीयबासीको जग्गा किनेर खानी सञ्चालन गरेपछि वनसम्मै ढुंगा निकाले अनि भयंकर पहिरो बन्यो। दर्जनौ ट्रीपरले उडाएको धुलोले गाउँले हैरान छन्। हिउँदमा खेतबारी खोरिया खर्यान जति धुलोले रगिन्छन। यस्ले उत्पादन समेत घट्दै गएको छ। एक्साभेटरले जथाभावी खनेर चुनढुगाँ उत्खन्न् गर्दा लुप्लुङ क्षेत्र जोखिममा परेको छ। सामुदायिक वन र ठूलो बस्ती जोखिममा परेको स्थानीयले आरोप लगाए।

'खानीले विकास होइन बिनाश निम्ताएको छ,' स्थानीय एलबी भण्डारीको भनाइ छ। भण्डरीले भन्नुभयो-'भूउपयोग हुने गरी उत्खनन् गरिनुपर्थ्यो तर यहाँ त्यसरी गरिएको छैन। कम्पनीले स्थानीयसँग गरेको सर्त अझै पूरा गरेको छैन।' पुरानो गौमुखी धारा, बराह क्षेत्र ताल, देशभरका भण्डारीहरूले पुजा गर्ने कुल देवताको मन्दिर, झुलेनीलगायतका रमणीय पर्यटकीयस्थल यसै भेगमा छन्। यी सबैलाई एकीकृत गर्दै पर्यटकीय क्षेत्रका रुपमा चिनाउने योजना थियो,' स्थानीय जीवराज भण्डारीले भन्नुभयो बाग्दुला-बाहाने सडकखण्डअन्तर्गत अधेरीखोलादेखि माथि लुप्लुङस्थित चुनढुंगा खानीसम्मको ५ किलोमिटर सडक जथाभावी खनिएको छ। उद्योग मन्त्रालयबाट करिब ९ करोड ५० लाख भ्याटसहित बजेट प्राप्त भए पछि सो क्षेत्रमा सडक निर्माणको काम शुरू गरिएको हो।

अहिले बाटोमा गिट्टि बिच्छाउने काम भइरहेको स्थानीय बताउँछन। बाटोको काम सम्पन्न नहुँदै चुनढुंगा बोक्न शुरू गरेसँगै जीर्ण बन्दै गएको छ। नौबहिनी गाउँपालिकाका लुङ, डामृ, लिघा, फोप्ली, खवाङ स्याउलीवाङलगायत ठाउँमा जान प्रयोग हुने बाटोको स्तरबृद्धि कार्य सम्पन्न नहुँदै चुनढुंगा लैजादाँ यात्रु समस्यामा परेका छन्। बाटोमा ठूला ट्रिपर ओहोरदोहोर गरिरहँदा धेरै समय कुर्नुपर्ने र भनेको समयमा ठाउँमा पुग्न नसकिने स्थानीयको भनाइ छ। सडक निर्माण गर्दा अँधेरी-गैरा चन्द्रेओडार सिँचाइ कुलोमा नोक्सानी पुगेको छ। सिँचाइ ठप्प भएपछि खेत बाँझै छन्। सडकबाट आएको पहिरोले धेरै किसानको खेत, घरबास नोक्सान गरेको स्थानीयले बताए। दलित बस्ती खानी क्षेत्रको सामुन्नेमा छ।

धेरै प्रभावित हुनेमा उनी नै हुन। गाउँमा ४० बढी परिवार दलित बस्छन्। खानीसँगै जोडिएका घरमा बस्नेहरू चर्को ध्वनी प्रदूषण सहन बाध्य छन्। स्थानीयका अनुसार लुप्लुङ माविमा चारकोठे पक्की भवन, गाउँसम्म मोटरबाटो, साविकको फोप्ली १ र २ को सेन्टरमा स्वाथ्य केन्द्र स्थापना, बाल विकास केन्द्र भवनलगायत काम कम्पनीले निर्माण गरिदिने सर्त थियो। यहाँ लगभग डेढ वर्षदेखि चुनढुंगा उत्खनन् गरिँदै आएको छ। कम्पनीले १५ वर्षसम्मका लागि खानी सञ्चालन गर्न पाउने स्वीकृति पाएको छ। यहाँबाट निकालिएको चुनढुंगा पूर्व पश्चिम राजमार्गअन्तर्गत अर्घाखाँचीको शितगंगा नगरपालिकाको जलुकेस्थित चरिङमा रहेको सिमेन्टको उद्योगमा लगिँदै आएको छ।

खानीले वातावरणीय क्षेत्रमा निम्त्याउन सक्ने दीर्घकालिन असरबारे जिल्लामा बहस र छलफलको विषय नबन्दा आफूहरू दु:खी हुनु परेको स्थानीयको भनाइ छ।

# गोलभेंडा निकासी हुन थाल्यो

विराटनगर, (नेस)

प्रदेश नम्बर १ सरकारको समन्वयमा संघीय सरकारले भारतस्थित वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग वार्ता गरी निकासी सहज बनाउन पहल गरेपछि गोलभेंडाको निकासी सहज भएको छ।

दुई देशीय आपूर्ति मन्त्रालयका सचिवस्तरीय छलफलपश्चात सोमबारदेखि तत्कालका लागि गोलभेंडा निकासीमा लगाइएको प्रतिबन्ध हटाउनका साथै नेपालबाट निर्यात हुने वस्तुको सूचीमा गोलभेंडालाई समावेश गर्न प्रक्रिया थाल्ने सहमति भएको १ नम्बर प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रवहादुर आङवोले जानकारी दिनुभयो।

नेपाली गोलभेंडा निकासीमा भारतले लगाएको प्रतिबन्ध हटेसँगै पूर्व क्षेत्रका धनकुटा, इलाम पाँचथरमा उत्पादित गोलभेडा भारतीय बजारसम्म निकासी हुन थालेको छन्। नेपालबाट भारत निर्यात हुने सामग्रीको सूचीमा गोलभेडा नरहेको भन्दै असार १४ गतेदेखि सिमानाकाबाट भारतले गोलभेंडा निर्यात हुन दिएको थिएन। निकासी नभएपछि करोडौंको गोलभेंडा केही बोटमै त केही संकलन केन्द्रमा कुहिएको समाचार सार्वजनिक भइरहेका बेला १ नम्बर प्रदेश सरकारको समन्वयमा संघीय सरकारले भारतस्थित वाणिज्य तथा आपुर्ति मन्त्रालयसँग वार्ता गरी गोलभेंडाको निकासी सहज बनाउन पहल गरेको हो। दुईपक्षीय वार्तापछि सोमबार नेपाली गोलभेंडा भारत प्रवेश गरेको व्यवसायीले बताएका छन्। पाँचथरको गोलभेंडा झापाको बिर्तामोडस्थित कृषि थोक बजार केन्द्र हुँदै पानी ट्यांकी नाका भएर सिलगुडीसहित भारतका विभिन्न बजारसम्म निकासी हुने गरेको थियो। तर, गत असार १४ गतेदेखि भारतीय अवरोधसँगै निकासी ठप्प भएको थियो।

निकासी खुकुलो भएपछि पाँचथरका गोलभेंडा किसानले राहत महशुस गरेको किसान महासंघ पाँचथरका अध्यक्ष गणेशप्रसाद पोखरेलको भनाइ छ। करिब डेढ महिना भारत निकासी नहुँदा गोलभेंडाको पकेट मानिएका जिल्लाका किसानले उत्पादन गरेको करोडौंको गोलभेंडा कुहिएर नष्ट भएको कृषि कार्यालयहरूले जनाएका छन्।

# SHARE MARKET

**7 AUGUST TUESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 4342.00 | 326.00 | 324.00 | 326.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 2308.00 | 266.00 | 263.00 | 263.00 | -7.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 20.00 | 684.00 | 671.00 | 684.00 | 26.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1796.00 | 260.00 | 253.00 | 253.00 | -3.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 398.00 | 141.00 | 139.00 | 141.00 | 0.00 |
| 6 | Asian Life Insurance Co. Limited | 1334.00 | 630.00 | 622.00 | 625.00 | -5.00 |
| 7 | Bank of Kathmandu Ltd. | 12045.00 | 273.00 | 259.00 | 262.00 | -1.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 356.00 | 140.00 | 134.00 | 140.00 | 4.00 |
| 9 | Best Finance Company Ltd. | 540.00 | 103.00 | 101.00 | 102.00 | -1.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 1650.00 | 136.00 | 123.00 | 136.00 | 11.00 |
| 11 | Butwal Power Company Limited | 4050.00 | 446.00 | 439.00 | 441.00 | 0.00 |
| 12 | Central Finance Co. Ltd. | 10.00 | 114.00 | 114.00 | 114.00 | -2.00 |
| 13 | Century Commercial Bank Ltd. | 12233.00 | 170.00 | 168.00 | 168.00 | 0.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 12415.00 | 901.00 | 895.00 | 900.00 | 1.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 30.00 | 125.00 | 123.00 | 125.00 | 0.00 |
| 16 | Chilime Hydropower Company Limited | 798.00 | 740.00 | 730.00 | 740.00 | 0.00 |
| 17 | Citizen Bank International Limited | 8644.00 | 234.00 | 230.00 | 232.00 | 0.00 |
| 18 | Citizen Investment Trust | 337.00 | 2460.00 | 2421.00 | 2450.00 | 33.00 |
| 19 | Citizens Mutual Fund -1 | 100.00 | 9.00 | 9.00 | 9.00 | 0.02 |
| 20 | Civil Bank Ltd | 5249.00 | 150.00 | 148.00 | 149.00 | 1.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 82.00 | 716.00 | 710.00 | 710.00 | -20.00 |
| 22 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 1891.00 | 712.00 | 699.00 | 702.00 | 2.00 |
| 23 | Deva Bikas Bank Limited | 6663.00 | 127.00 | 126.00 | 127.00 | 0.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 100.00 | 106.00 | 106.00 | 106.00 | 0.00 |
| 25 | Everest Bank Limited | 6420.00 | 667.00 | 665.00 | 666.00 | 1.00 |
| 26 | Everest Insurance Co. Ltd. | 124.00 | 1280.00 | 1261.00 | 1280.00 | 0.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 36821.00 | 489.00 | 447.00 | 447.00 | -47.00 |
| 28 | Forward Community Mi. Bittiya Sanstha Ltd. | 767.00 | 2100.00 | 2085.00 | 2090.00 | -19.00 |
| 29 | Gandaki Bikas Bank Limited | 1694.00 | 193.00 | 191.00 | 192.00 | 0.00 |
| 30 | Garima Bikas Bank Limited | 3620.00 | 185.00 | 181.00 | 185.00 | -1.00 |
| 31 | Global IME Bank Limited | 12539.00 | 300.00 | 294.00 | 294.00 | -1.00 |
| 32 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 89.00 | 1122.00 | 1100.00 | 1122.00 | -22.00 |
| 33 | Goodwill Finance Co. Ltd. | 700.00 | 120.00 | 120.00 | 120.00 | -2.00 |
| 34 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 490.00 | 575.00 | 562.00 | 571.00 | -2.00 |
| 35 | Gurans Life Insurance Company Ltd. | 200.00 | 835.00 | 835.00 | 835.00 | -1.00 |
| 36 | Gurkhas Finance Ltd. Promoter Share | 17881.00 | 100.00 | 100.00 | 100.00 | 0.00 |
| 37 | Gurkhas Finance Ltd. | 1752.00 | 107.00 | 107.00 | 107.00 | 0.00 |
| 38 | Himalayan Bank Limited | 1700.00 | 560.00 | 554.00 | 554.00 | -1.00 |
| 39 | Himalayan General Insurance Co. Ltd | 1181.00 | 430.00 | 420.00 | 425.00 | -1.00 |
| 40 | Himalayan Power Partner Ltd. | 740.00 | 270.00 | 266.00 | 270.00 | -2.00 |
| 41 | ICFC Finance Limited | 3947.00 | 166.00 | 162.00 | 166.00 | 1.00 |
| 42 | IME General Insurance Ltd. | 190.00 | 830.00 | 825.00 | 825.00 | 6.00 |
| 43 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 5889.00 | 165.00 | 160.00 | 163.00 | 2.00 |
| 44 | Janaki Finance Ltd. | 987.00 | 185.00 | 181.00 | 183.00 | -5.00 |
| 45 | Janata Bank Nepal Ltd. | 21755.00 | 155.00 | 151.00 | 155.00 | 1.00 |
| 46 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 34.00 | 2793.00 | 2739.00 | 2793.00 | -1.00 |
| 47 | Jebils Finance Ltd. | 100.00 | 100.00 | 100.00 | 100.00 | -2.00 |
| 48 | Jyoti Bikas Bank Limited | 1401.00 | 138.00 | 137.00 | 138.00 | 0.00 |
| 49 | Jyoti Bikash Bank Ltd. Promoter Share | 21344.00 | 113.00 | 113.00 | 113.00 | 0.00 |
| 50 | Kabeli Bikas Bank Limited | 50.00 | 213.00 | 213.00 | 213.00 | -4.00 |
| 51 | Kailash Bikas Bank Ltd. | 990.00 | 223.00 | 218.00 | 218.00 | -1.00 |
| 52 | Kalika Microcredit Development Bank Ltd. | 411.00 | 1284.00 | 1259.00 | 1259.00 | 2.00 |
| 53 | Kamana Sewa Bikas Bank Limited | 3851.00 | 144.00 | 143.00 | 143.00 | -1.00 |
| 54 | Karnali Development Bank Limited | 381.00 | 107.00 | 106.00 | 106.00 | 0.00 |
| 55 | Khanikhola Hydropower Co. Ltd. | 623.00 | 115.00 | 111.00 | 113.00 | 2.00 |
| 56 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 269.00 | 1600.00 | 1542.00 | 1600.00 | 50.00 |
| 57 | Kumari Bank Limited | 4058.00 | 201.00 | 196.00 | 199.00 | 1.00 |
| 58 | Laxmi Bank Limited | 5947.00 | 246.00 | 242.00 | 245.00 | -1.00 |
| 59 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 196.00 | 1020.00 | 1010.00 | 1011.00 | -9.00 |
| 60 | Life Insurance Co. Nepal | 1767.00 | 1601.00 | 1590.00 | 1600.00 | 0.00 |
| 61 | Lumbini Bikas Bank Ltd. | 9934.00 | 155.00 | 152.00 | 154.00 | 0.00 |
| 62 | Lumbini General Insurance Co. Ltd. | 290.00 | 513.00 | 508.00 | 513.00 | -1.00 |
| 63 | Machhapuchhre Bank Limited | 4990.00 | 208.00 | 205.00 | 208.00 | 1.00 |
| 64 | Mahalaxmi Bikas Bank Ltd. | 5485.00 | 192.00 | 189.00 | 190.00 | 0.00 |
| 65 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 216.00 | 652.00 | 645.00 | 645.00 | -20.00 |
| 66 | Mahuli Sam. Lag. Bittiya Sanstha Ltd. | 862.00 | 2475.00 | 2452.00 | 2452.00 | -20.00 |
| 67 | Manjushree Finance Ltd. | 530.00 | 119.00 | 119.00 | 119.00 | -2.00 |
| 68 | Mega Bank Nepal Ltd. | 13239.00 | 165.00 | 163.00 | 164.00 | -1.00 |
| 69 | Mero Microfinance Bittiya Sanstha Ltd. | 297.00 | 1034.00 | 1020.00 | 1021.00 | 1.00 |
| 70 | Mirmire LaghuBitta Bittiya Sanstha Ltd. | 453.00 | 1526.00 | 1500.00 | 1512.00 | 12.00 |
| 71 | Miteri Development Bank Limited | 1039.00 | 276.00 | 274.00 | 274.00 | -2.00 |
| 72 | Muktinath Bikas Bank Ltd. | 4036.00 | 380.00 | 377.00 | 380.00 | 2.00 |
| 73 | Nabil Bank Limited | 2142.00 | 919.00 | 904.00 | 904.00 | 1.00 |
| 74 | NABIL Bank Limited Promotor Share | 1898.00 | 719.00 | 716.00 | 719.00 | 6.00 |
| 75 | Nabil Equity Fund | 8128.00 | 8.70 | 8.70 | 8.70 | 0.00 |
| 76 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 1320.00 | 1159.00 | 1110.00 | 1120.00 | 5.00 |
| 77 | National Hydro Power Company Limited | 4540.00 | 80.00 | 79.00 | 79.00 | -1.00 |
| 78 | National Life Insurance Co. Ltd. | 2467.00 | 763.00 | 740.00 | 743.00 | -18.00 |
| 79 | National Microfinance Bittiya Sanstha Ltd. | 302.00 | 2174.00 | 2141.00 | 2141.00 | -34.00 |
| 80 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 50.00 | 710.00 | 695.00 | 695.00 | -5.00 |
| 81 | Neco Insurance Co. Ltd. | 5853.00 | 531.00 | 520.00 | 522.00 | 0.00 |
| 82 | Nepal Bangladesh Bank Limited | 10145.00 | 210.00 | 205.00 | 206.00 | -1.00 |
| 83 | Nepal Bank Limited | 6688.00 | 287.00 | 284.00 | 284.00 | 2.00 |
| 84 | Nepal Community Development Bank Ltd. | 170.00 | 122.00 | 120.00 | 122.00 | 2.00 |
| 85 | Nepal Credit And Commercial Bank Ltd. | 7843.00 | 180.00 | 178.00 | 178.00 | 0.00 |
| 86 | Nepal Doorsanchar Comapany Limited | 3120.00 | 725.00 | 724.00 | 724.00 | 0.00 |
| 87 | Nepal Hydro Developers Ltd. | 110.00 | 167.00 | 163.00 | 166.00 | 1.00 |
| 88 | Nepal Insurance Co. Ltd. | 1331.00 | 547.00 | 535.00 | 541.00 | 1.00 |
| 89 | Nepal Investment Bank Limited | 11795.00 | 624.00 | 619.00 | 620.00 | 1.00 |
| 90 | Nepal Investment Bank Ltd. Pro. Share | 2520.00 | 560.00 | 554.00 | 556.00 | 3.00 |
| 91 | Nepal Life Insurance Co. Ltd. | 5307.00 | 1012.00 | 1000.00 | 1002.00 | -3.00 |
| 92 | Nepal SBI Bank Limited | 3583.00 | 515.00 | 495.00 | 498.00 | -7.00 |
| 93 | Nerude Laghubita Bikas Bank Limited | 1061.00 | 621.00 | 609.00 | 609.00 | -19.00 |
| 94 | Ngadi Group Power Ltd. | 81.00 | 161.00 | 158.00 | 161.00 | 0.00 |
| 95 | NIBL Pragati Fund | 2020.00 | 8.00 | 8.00 | 8.00 | 0.05 |
| 96 | NIC Asia Bank Ltd. | 4293.00 | 320.00 | 314.00 | 315.00 | 0.00 |
| 97 | NIC Asia Growth Fund | 100.00 | 9.00 | 9.00 | 9.00 | -0.01 |
| 98 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 248.00 | 960.00 | 956.00 | 956.00 | -9.00 |
| 99 | NLG Insurance Company Ltd. | 686.00 | 849.00 | 840.00 | 849.00 | 4.00 |
| 100 | NMB Microfinance Bittiya Sanstha Ltd. | 340.00 | 1515.00 | 1496.00 | 1496.00 | -4.00 |
| 101 | NMB Bank Limited | 9910.00 | 316.00 | 313.00 | 316.00 | 1.00 |
| 102 | NMB Hybrid Fund L-1 | 21836.00 | 9.34 | 9.20 | 9.20 | 0.04 |
| 103 | NMB Sulav Investment Fund-1 | 1100.00 | 12.40 | 12.40 | 12.40 | 0.05 |
| 104 | Om Development Bank Ltd. | 14258.00 | 175.00 | 171.00 | 174.00 | 2.00 |
| 105 | Oriental Hotels Limited | 2228.00 | 503.00 | 496.00 | 503.00 | 3.00 |
| 106 | Pokhara Finance Ltd. | 376.00 | 138.00 | 135.00 | 135.00 | -2.00 |
| 107 | Prabhu Bank Limited | 6560.00 | 187.00 | 185.00 | 187.00 | 1.00 |
| 108 | Prabhu Insurance Ltd. | 1947.00 | 497.00 | 489.00 | 489.00 | -8.00 |
| 109 | Premier Insurance Co. Ltd. | 1204.00 | 1040.00 | 1027.00 | 1037.00 | 0.00 |
| 110 | Prime Commercial Bank Ltd. | 6235.00 | 290.00 | 285.00 | 288.00 | -1.00 |
| 111 | Prime Life Insurance Company Limited | 4402.00 | 520.00 | 513.00 | 513.00 | -3.00 |
| 112 | Progressive Finance Ltd. Pro. Share | 343537.00 | 101.00 | 101.00 | 101.00 | 0.00 |
| 113 | ProgressiveFinance Limited | 50585.00 | 128.00 | 115.00 | 128.00 | 11.00 |
| 114 | Prudential Insurance Co. Ltd. | 160.00 | 727.00 | 727.00 | 727.00 | -6.00 |
| 115 | Purnima Bikas Bank Ltd. | 329.00 | 168.00 | 166.00 | 168.00 | -1.00 |
| 116 | Radhi Bidyut Company Ltd | 400.00 | 231.00 | 224.00 | 224.00 | -6.00 |
| 117 | Rairang Hydropower Development Co. Ltd. | 1270.00 | 153.00 | 150.00 | 152.00 | 0.00 |
| 118 | Rastriya Beema Company Limited | 79.00 | 10366.00 | 10321.00 | 10366.00 | 10.00 |
| 119 | Reliance Finance Ltd. | 2200.00 | 121.00 | 120.00 | 120.00 | -1.00 |
| 120 | Ridi Hydropower Development Co.Ltd. | 661.00 | 121.00 | 120.00 | 120.00 | 0.00 |
| 121 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 1101.00 | 649.00 | 644.00 | 645.00 | -2.00 |
| 122 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1749.00 | 520.00 | 510.00 | 510.00 | -10.00 |
| 123 | Sagarmatha Insurance Co. Ltd. | 449.00 | 1349.00 | 1316.00 | 1349.00 | 24.00 |
| 124 | Sahayogi Bikas Bank Limited | 2716.00 | 199.00 | 196.00 | 196.00 | -2.00 |
| 125 | Samata Microfinance Bittiya Sanstha Ltd. | 90.00 | 1300.00 | 1280.00 | 1300.00 | 10.00 |
| 126 | Sana Kisan Bikas Bank Ltd | 2434.00 | 1116.00 | 1109.00 | 1114.00 | 5.00 |
| 127 | Sanima Bank Limited | 19669.00 | 319.00 | 312.00 | 312.00 | -5.00 |
| 128 | Sanima Mai Hydropower Ltd. | 3792.00 | 315.00 | 311.00 | 312.00 | -2.00 |
| 129 | Saptakoshi Development Bank Ltd. | 286.00 | 116.00 | 115.00 | 115.00 | 0.00 |
| 130 | Shangrila Development Bank Ltd. | 3822.00 | 147.00 | 142.00 | 142.00 | -3.00 |
| 131 | Shikhar Insurance Co. Ltd. | 876.00 | 924.00 | 910.00 | 910.00 | -5.00 |
| 132 | Shine Resunga Development Bank Ltd. | 1402.00 | 274.00 | 270.00 | 270.00 | -4.00 |
| 133 | Shree Investment Finance Co. Ltd. | 352.00 | 147.00 | 143.00 | 143.00 | -6.00 |
| 134 | Shrijana Finance (Bittaya Sanstha) | 100.00 | 275.00 | 275.00 | 275.00 | 5.00 |
| 135 | Siddhartha Bank Limited | 12117.00 | 310.00 | 304.00 | 305.00 | 0.00 |
| 136 | Siddhartha Equity Fund | 3500.00 | 9.10 | 9.00 | 9.00 | -0.10 |
| 137 | Siddhartha Insurance Ltd. | 838.00 | 667.00 | 650.00 | 667.00 | 7.00 |
| 138 | Soaltee Hotel Limited | 841.00 | 245.00 | 236.00 | 245.00 | 6.00 |
| 139 | Standard Chartered Bank Limited | 6846.00 | 739.00 | 721.00 | 735.00 | 0.00 |
| 140 | Summit Micro Finance Dev. Bank Ltd. | 140.00 | 921.00 | 910.00 | 910.00 | -15.00 |
| 141 | Sunrise Bank Limited | 2217.00 | 219.00 | 216.00 | 218.00 | 1.00 |
| 142 | Support Microfinance Bittiya Sanstha Ltd. | 110.00 | 1129.00 | 1078.00 | 1129.00 | 102.00 |

Total Amount Rs. 213,791,315 Total Quantity 909,341 Total No of Transactions 3,525

‘विभागको निक्कै ठूलो जिम्मेवारी छ, अहिले त्यो पूरा भएको छैन। अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा हामीले गर्ने काम पुग्दो छ कि छैन ? तपाईहरु आ-आफ्ना छोराछोरी सम्झेर काम गर्नुस् र त्यसको समीक्षा पनि आफैं गर्नुस्।’-मन्त्री खनालले भन्नुभयो।



# ९२ शतप्रतिशत रोपाइँ सम्पन्न

नेपाल समाचारपत्र

काठमाडौं

मंगलबरसम्म मुलुकभर औसत ९२ दशमलव २५ प्रतिशत मात्र रोपाई सकिँदा पश्चिम तराईका २ जिल्लामा भने शतप्रतिशत रोपाई सकिएको छ। कृषि प्रसार निर्देशनालयका अनुसार प्रदेश नम्बर ७ को तराईका जिल्ला कैलाली र कञ्चनपुरमा शतप्रतिशत रोपाईं सम्पन्न भएको हो।

निर्देशनालयका अनुसार ती दुई जिल्लामा वर्षे धान लगाइने कुल १ लाख २० हजार १ सय ९६ हेक्टर जमिनमा रोपाई सकिएको छ। यस अवधिसम्ममा उच्च पहाडी क्षेँत्रका १४ जिल्लामा ९४ दशलमव शून्य ६ प्रतिशत, मध्य पहाडी क्षेत्रका ३९ जिल्लामा ९२ दशमलव शून्य २ प्रतिशत र तराई क्षेत्रका २० जिल्लामा ९२ दशमलव २४ प्रतिशत रोपाई सम्पन्न भएको छ। उच्च पहाडी क्षेत्रका पूर्वी जिल्ला ताप्लेजुङ, संखुवासभा र सोलुखुम्बु जिल्लामा औसत ८८ प्रतिशत मात्र रोपाई सकिएको निर्देशनालयको तथ्यांकले देखाउँछ।

निर्देशनालयका अनुसार मुलुकभर करिब १५ लाख ५२ हजार ५ सय हेक्टर क्षेत्रफल जमिनमा वर्षे धान रोपाई हुने गरेको छ। गत वर्ष यस अवधिसम्ममा करिब ८३ प्रतिशत जमिनमा मात्र रोपाई सम्पन्न भएको थियो। यस वर्ष समयमै मनसुन शुरू भएको कारण गतवर्षको भन्दा चाँडै रोपाई सम्पन्न हुने निर्देशनालयले जनाएको छ।

# गुणस्तरहीन वस्तु बेच्नेलाई ‘रेड कार्ड’

नेपाल समाचारपत्र

काठमाडौं।

कृषि तथा पशुपन्छी विकास मन्त्री चक्रपाणि खनालले जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी खाद्यवस्तु बिक्री वितरण गर्ने व्यापारीलाई तत्काल ‘रेड कार्ड’ दिन खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई निर्देशन दिनुभएको छ।

विभागको तेस्रो चौमासिक प्रगति समीक्षा बैठकमा मन्त्री खनालले उपभोक्ताको स्वास्थ्यमाथि खेलवाड गर्ने छुट कसैलाई नभएको भन्दै कडा कदम चाल्न विभागलाई निर्देशन दिनुभएको हो। प्रशासनिक संयन्त्र राम्रोसँग चलेनन् भने परिणाम ननिस्कने भन्दै मन्त्री खनालले आफूसँग भएको सम्पूर्ण संयन्त्र परिचालन गर्न विभागलाई निर्देशन दिनुभयो। खाद्य स्वच्छता अभियानमा विभागको ठूलो दायित्व रहने भए पनि अहिले त्यो पूरा हुन नसकेकोमा समेत मन्त्री खनालले असन्तुष्टि जनाउनुभयो। ‘विभागको निक्कै ठूलो जिम्मेवारी छ, अहिले त्यो पूरा भएको छैन। अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा हामीले गर्ने काम पुग्दो छ कि छैन ? तपाईहरू आ-आफ्ना छोराछोरी सम्झेर काम गर्नुस् र त्यसको समीक्षा पनि आफैं गर्नुस्।’-मन्त्री खनालले भन्नुभयो।

जनस्तरबाट उठेका प्रश्नको जवाफ विभागले दिनुपर्ने मन्त्री खनालको भनाइ छ। ‘आफ्नो घेराभित्र रहेर हरेक ठाउँमा अनुगमन र चेकजाँच गर्नुस्। त्यसमा साथ दिने म छु। हरेक ठाउँमा निर्देशनको मात्र भर पर्न पर्दैन। कर्मचारीले स्वविवेक प्रयोग गरेर पनि प्रशासनका काम प्रभावारी रूपमा सञ्चालन गर्न सक्छन्।’ उहाँले भन्नुभयो।

पटक-पटक अनुगमन र चेकजाँच गर्ने तथा फरक ढंगले नमुना संकलन गर्ने कामलाई प्रभावकारी रुपमा अघि बढाउन निर्देशन दिँदै उहाँले राम्रो गर्ने उद्योगलाई पुरस्कृत र प्रचार तथा नराम्रोलाई कारबाहीको दायरामा ल्याउनुपर्ने बताउनुभयो। पानी, दूध र मुख्य खाद्यवस्तुमा सक्रिय भएर लाग्न आग्रह गर्दै खनालले विभागको कार्यप्रगति ५ महिनापछि फेरि समीक्षा गर्ने बताउनुभयो। ‘ल्याब बिग्रेको छ भने भन्नुस्। बजेट र जनशक्ति छैन भने त्यो जानकारी गराउनुस्। स्रोत साधन उपलब्ध भएर काम गर्न सकिएन भने त्यो पनि भन्नुस्। अनि के गर्नुपर्छ म गर्छु।’ खनालले भन्नुभयो।

उक्त कार्यक्रममा विभागका महानिर्देशक सञ्जिवकुमार कर्णले मन्त्रीले भनेका कुरालाई आफ्नो दायित्व सम्झेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो। पटक-पटक अनुगमन गरेर बजार सुधार गर्न निर्देशन दिँदा पनि सुधार नगर्ने उद्योग बन्द गराउने उहाँको भनाइ थियो। विभागले अनुगमनलाई तीव्र बनाएको तर स्रोत साधार र जनशक्ति प्रयाप्त नरहेको महानिर्देशक कर्णको भनाइ थियो।

विभागका अनुसार गत आर्थिक वर्षमा देशभरीबाट २ हजार ८ सय १३ वटा नमूना संकलन गरी परीक्षण गर्दै ३ सय ५४ वटा न्यून गुणस्तरका पाइएको छ। त्यसमध्ये खाद्य समूहमा सबैभन्दा बढी १ सय ४० वटा न्यून गुणस्तरको पाइएको छ। जसमध्ये दूध तथा दुग्ध पदार्थ ७२, प्रसोधित पिउने पानी २६, गुलियो पदार्थ १७, तेल तथा घ्युजन्य पदार्थ ११ वटा न्यून गुणस्तरको पाइएको विभागका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत नवराज दाहालले जानकारी दिनुभयो।

## नेप्सेमा झिनो अंकको निरन्तर ओरालो

काठमाडौं, (नेस)

साताको तेस्रो दिन मंगलबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक १ दशमलव ४६ बिन्दूले घटेर ११८८ अंकमा झरेको छ। यो साता नेप्से सामान्य अंकले निरन्तर ओरालो लागेको छ। कूल १५७ कम्पनीको ९ लाख ९ हजार ३४१ कित्ता शेयर २१ करोड ३७ लाख ९१ हजार ३१५ मूल्यमा खरिद बिक्री भएको छ। कारोबार रकम अघिल्लो दिनको तुलनामा बढी हो।

नेप्सेका अनुसार मंगलबार तीन उपसमूहको शेयर बढेको छ। त्यसमा होटल समूह ३२ दशमलव ३४, निर्जीवन बीमा समूह ११ दशमलव शून्य ५ र अन्य समूह २ दशमलव ४१ रहेका छन्। बैंकिङ समूह शून्य दशमलव ७७, विकास बैंक समूह १ दशमलव ३१, जलविद्युत् समूह ४ दशमलव ९६, वित्त क्षेत्र समूह ४ दशमलव शून्य ३, उत्पादन २४ दशमलव ४२, माइक्रोफाइनान्स १० दशमलव ८१ र जीवन बीमा समूहको शेयर ३८ दशमलव ८३ बिन्दुले घटेको छ। यस दिन सबैभन्दा बढी कारोबार प्रोगेशिभ फाइनान्सको प्रमोटरको शेयर भएको छ। यस कम्पनीको ३ करोड ४६ लाख ९७ हजार २३७ रुपियाँको कारोबार भएको छ।

त्यस्तै धेरै कमाउनेमा सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था र प्रोगेसिभ फाइनान्सका लगानीकर्ताहरू रहेका छन्। यी कम्पनीको शेयर मूल्यमा करिब १० प्रतिशतले बढेको छ। त्यस्तै भार्गव विकास बैंकको पनि ८ दशमलव ८० प्रतिशतले बढेको छ। मंगलबार धेरै गुमाउनेमा फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकका लगानीकर्ताहरू रहेको छ। जसको शेयर मूल्यमा ९ दशमलव ५१ प्रतिशतले घटेको छ। त्यस्तै श्रीइन्भेष्टमेन्ट, सिनर्जी पावर, नेरुडे लघुवित्त, महिला सहयात्री माइक्रोफाइनान्सलगायतका लगानीकर्ता पनि धेरै गुमाउनेमा परेका छन्। मंगलबार ‘क’ वर्गका कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचकसमेत शून्य दशमलव २६ बिन्दुले घटेको छ।

# कपडा उद्योग पुनः सञ्चालनका लागि ३० करोड आवश्यक

नेपाल समाचारपत्र

हेटौंडा,



एक सय १३ वटा उद्योग निरन्तर चलिरहेको हेटौंडा औद्योगिक क्षेत्रको करिब बीच भागमा सुस्ताइरहेको हेटौंडा कपडा उद्योग अब भन्ने पुन: सञ्चालन हुने ठूलो आश पलाएको छ। सरकारले उद्योग पुन: सञ्चालन गर्न सक्ने ठहर गरेको हो।

यसबारे अध्ययनका लागि बनेको समितिले उद्योग पुन: सञ्चालन गर्न सकिने निष्कर्षसहितको प्रतिवेदन उद्योग मन्त्रालयमा बुझाएपछि स्थानीयमा आश पलाएको छ। अब मन्त्रिपरिषद्ले यथाशीघ्र निर्णय गरी उद्योग पुन: सञ्चालन शुरू गरे मुलुककै आर्थिक विकासमा महत्त्वपूर्ण योगदान रहने स्थानीयको माग छ। उद्योग मन्त्रालयका सहसचिव शत्रुघनप्रसाद पुडासैनी संयोजकत्वको ७ सदस्यीय संयुक्त समितिले उद्योगको स्थलगत अध्ययन गरेर प्रतिवेदन तयार गरेको हो। कार्यदलका एक सदस्यका अनुसार करिब ३० करोड खर्च गर्दा उद्योग पुन: सञ्चालनमा ल्याउन सकिने निष्कर्षसहित प्रतिवेदन मन्त्रालयमा बुझाइएको छ।

कार्यदलले बुझाएको प्रतिवेदनमा उद्योग पुन: सञ्चालनका लागि विभिन्न प्रस्ताव गरिएको छ। सेनाको एकल लगानी वा सरकारी वा सेनाको संयुक्त लगानीसम्मका मोडालिटी प्रस्तावित छन्।

उद्योग २०५७ फागुनदेखि बन्द छ। २०६९ माघ १२ को मन्त्रिपरिषद् बैठकले उद्योगको सम्पत्ती शेयर लगानीका रुपमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा गाभेको थियो। उद्योगका धेरै मेसिन हाल पनि लाउन सकिने अवस्थामा रहेको विभिन्न अध्ययनले देखाएका छन्। उद्योग सञ्चालनमा आउनासाथ पहिलो चरणमा सरकारी पोशाक, सेना, प्रहरी र विद्यालयको पोशाक उत्पादन गर्ने योजना सरकारको छ। बन्द उद्योग एकसय ८८ रोपनीमा फैलिएको छ। तीन लाख ५५ हजार वर्गफिटका भवन छन्। उद्योगको वार्षिक क्षमता २ हजार ३ सय मेट्रिक टन धागो, २ करोड ५० लाख मिटर कपडा उत्पादन क्षमता थियो। सरकारको पूर्ण स्वामित्वमा रहेको उद्योगले आव २०३५/०३६ देखि व्यावसायिक उत्पादन शुरू गरेको थियो। उद्योगको दैनिक ३६ हजार मिटर कपडा उत्पादन गर्नसक्ने क्षमता छ।

उद्योग सञ्चालनमा रहँदा करिब १ हजार २ सय महिलासहित १ हजार ५ सयभन्दा धेरैले एकै छानामुनि रोजगारी पाएका थिए। स्वदेशमा उत्पादन भएको कपास प्रयोग गर्दै सुती कपडामा आत्मनिर्भर पनि बनाएको थियो। चीन सरकारको सहयोगमा २०३२ सालमा उद्योग निर्माण शुरू भएको थियो। २०४८ को आर्थिक उदारीकरणपछि उद्योगलाई निजीकरण गर्ने भनिए पनि प्राथमिकतामा पर्न सकेन।

PRESS RELEASE

## एनआईसी एसिया बैंकको शाखारहित बैंकिङ सेवा थप

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले तनहुँको म्याग्दे गाउँपालिकाको जामुने बजारमा आफ्नो १६औं शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ। बैंकले जामुने बजारमा सञ्चालनमा ल्याएको शाखारहित बैंकिङ सेवाका लागि प्रतिनिधिको रुपमा रोविन श्रेष्ठलाई नियुक्त गरेको छ।

शाखारहित बैंकिङ सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका स्थानीय बासिन्दाले आफ्नो गाउँमै स्थानीय प्रतिनिधिमार्फत बैंकिङ सेवा लिन सक्नेछन्। यस्तो सेवाबाट स्थानीय बासिन्दाले विभिन्न निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, मोवाईल रिचार्ज गर्ने, उपयोगी सेवा (जस्तै: टेलिफोन, मोबाईल, एडीएसएल, डिस होम) को महशुल भुक्तानी गर्ने, स्वीकृत सिमाभित्र रहि कर्जा कारोबार गर्ने, कर्जाको साँवा तथा ब्याज भुक्तानी गर्न सक्ने, खातामा रहेको रकमको जानकारी र संक्षिप्त बैंक स्टेटमेन्ट प्राप्त गर्न सक्नुहुनेछ।

बैंकले मुलुकभर २३५ शाखा कार्यालय, २२४ एटीएम, १४ वटा एक्स्टेन्सन काउन्टर एवम् १६ वटा शाखारहित बैंकिङमार्फत बैंकिङ सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ। बैंकको वासलातको आकार १७६ अर्बभन्दा बढी पुगेको छ भने बैंकको कुल कर्जा करिब १२० अर्ब र कुल निक्षेप करिब १४९ अर्ब रुपियाँ पुगिसकेको छ।

## सामसङको ‘वर्ल्डकप फिल द गेम’ योजनाका विजेता पुरस्कृत



काठमाडौं, (नेस)

फिफा वर्ल्डकप २०१८ को अवसरमा सामसङ इलेक्ट्रोनिक्स नेपालले आफ्ना ग्राहकलाई लक्षित गर्दै ल्याएको योजना ‘फिल द गेम’ का विजेतालाई पुरस्कार वितरण गरेको छ।

यस योजनाअन्तर्गत कम्पनीले वर्ल्डकप चलिरहेको समयमा टेलिभिजन खरिद गर्ने ग्राहकलाई क्यास ब्याक सेवा दिएको थियो। योजना अवधिभर विभिन्न मोडेलका सामसङका एसयुएचडी टीभी, कर्भड टीभी, युएचडी टीभी, स्मार्ट टीभी, नन् स्मार्ट टीभी, एफ्एचडी तथा एचडी टीभीमा अधिकतम् २७ प्रतिशतसम्म क्यासब्याक तथा २ वर्षसम्म वारेन्टी एवं शून्य प्रतिशतमा किस्ताबन्दीको सुविधा प्रदान गरिएको थियो। यो योजना सामसङका लागि नेपालको आधिकारिक वितरक हिम इलेक्ट्रोनिक्स तथा त्रिवेणी व्यापारको सहकार्यमा १ जुनदेखि १५ जुलाईसम्म अधिराज्यभर रहेका आधिकारिक सामसङ ब्रान्ड स्टोर तथा आउटलेटबाट प्रदान गरिएको थियो।

अफरका साथै सामसङका स्मार्ट टिभी खरिदकर्ताले टर्किस एयर, एस ट्राभल्स, वयोधा हस्पिटल प्रालि तथा केजीएच ग्रुपको तर्फबाट आकर्षक गिफ्ट भौचर पनि प्राप्त गरेका थिए। टर्किस एयरको बिजिनेस क्लासको राउन्ड-ट्रिप टिकट, सामसङको ५ इन १ रेफ्रिजेरेटर, ग्यालेक्सी एस ९, ग्यालेक्सी ‘ए’ ६ प्लस तथा ग्यालेक्सी ७ डुओस जित्ने ग्राहकमा क्रमश: नवीनधुन श्रेष्ठ, बाबुरत्न महर्जन, चिनी मैया श्रेष्ठ, वेनु सुवेदी तथा मनमाया गुरुङ रहेका छन्। भाग्यशाली विजेतालाई यही अगस्ट ६ तारिखमा पुरस्कार प्रदान गरिएको थियो।

## ओपोको एथ्रीएस नेपाली बजारमा



काठमाडौं, (नेस)

ओपोले नयाँ मिड-रेञ्ज क्यामेरा फोन-एथ्रीएस नेपाली बजारमा ल्याएको छ। दक्षिण एसियाली बजारमा एथ्री एस १३ प्लस २ एमपी डुअल रियर क्यामेरा र ८ एमपीएआई इनेबल्ड फ्रन्ट क्यामेरा तथा सुपर फुल स्क्रिन सुसज्जितओपोको पहिलो उपकरण हो।

२ जीबी ऱ्याम र १६ जीबी सञ्चय क्षमता, क्वालकम स्न्यापड्रागन ४५० ओक्टा कोर प्रोसेसर र ४२३० एमएएच ब्याट्री जडित नव प्रवर्तनात्मक फिचर्स सुसज्जित एथ्रीएसको मूल्य १९ हजार ४ सय ९० रुपियाँ निर्धारण गरिएको कम्पनीले जनाएको छ।

ओपोका प्रमुख कार्यकारी अधिकृत बबी ट्राओले भने-‘डुअल क्यामेरा सेटअप, सुपर फुल स्क्रिन, शक्तिशाली ब्याट्री क्षमतालगायत अत्याधुनिक फिचर्ससहितको फोन सुलभ मूल्यमा उपलब्ध होस् भन्ने युवामा चाहनाअनुसार हामीले ओपो एथ्रीएस उपलब्ध गराएका हौं। हरेक दिन स्मारणीय पलबिना कुनै रोकावट तस्वीरका रुपमा कैद गर्न सकियोस् भन्ने सोचका साथ यसमा हामीले शक्तिशाली ब्याट्री उपलब्ध गराएका छौं।’

ओपोले उपलब्ध गराउने एआई ब्यूटी प्रविधि साधारण सफ्टवेयर प्रोग्रामका रुपमा मात्र नभई व्यावसायिक फोटोग्राफरले झैं काम गर्ने क्षमता राख्छ। यो प्रविधिले प्रिमियम सप्लायर्समार्फत उपलब्ध क्लाउड डाटा बेसमा उपलब्ध बृहत्त फेसियल रिकग्निसनमार्फत उत्कृष्ट तस्वीर कैद गर्न सघाउँछ।

ओपो एथ्रीएसमा कम्पनीले ८ एमपी फ्रन्ट लेन्स र १३ प्लस २ एमपी डुअल रियर लेन्स उपलब्ध गराएको छ। फोनको फ्रन्ट क्यामेरामा प्रयोगकर्तालाई तस्वीरमा उत्कृष्ट देखाउन सघाउने एआई ब्युटी प्रविधि उपलब्ध गरिएको छ।

फोनमा रहेको फ्रन्ट क्यामेराले उत्कृष्ट, सटिक र प्राकृतिक सेल्फी खिच्न सघाउनु छ। त्यसैगरी, यसमा रहेको डुअल रियर क्यामेरा मार्फत श्यालो डेफ्ट ईफेक्ट सहितका सटिक तथा वाइड एंगलतस्विर समेत खिच्न सकिन्छ।

फोनमा रहेको ६ दशमलव २ इन्च सुपर फुल नोच स्क्रिन र ८८ दशमलव ८ प्रतिशत हाई रेसियो स्क्रिनले प्रयोगकर्तालाई उत्कृष्ट तथा अभुतपूर्व दृश्यानुभूति उपलब्ध गराउँछ। फोनमा स्क्रिन रेसियो मिलाउनका लागि कम्पनीले बोर्डर १६ प्रतिशतले पातलो बनाउँदै २ दशमलव शून्य ५ एमएम पातलो बनाएको छ।



# चार खेलाडी टी २० वरियतामा सूचित



**नेपाल समाचारपत्र**

काठमाडौं

अन्तर्राष्ट्रिय टी २० क्रिकेटको वरियतामा नेपालका चार खेलाडी शीर्ष १ सयभित्र सूचित भएका छन्। नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान पारस खड्का, सरद भेषवाकर ब्याटिङमा र वसन्त रेग्मी र सोमपाल कामी बलिङतर्फ शीर्ष १ सय भित्र परेका हुन्। ब्याटिङतर्फको वरियतामा पारस ८९औं स्थानमा रहँदा सरद ९८औं स्थानमा रहेका छन्। वरियतामा पारसले २ सय ६५ अंक र सरदले २ सय ३८ अंक प्राप्त गरेका छन्।

यसअघि पारस शीर्ष १ सय भित्रको वरियतामा टी २० अन्तर्राष्ट्रिय क्रिकेट खेल्दा पनि परेका थिए। २०१४ र २०१५ मा नेपालले टी २० अन्तर्राष्ट्रिय क्रिकेट खेल्न पाउँदा पारस त्यतिबेला ६५औं स्थानमा रहेका थिए। यो नेपाली क्रिकेटरका लागि अहिलेसम्मकै सबैभन्दा उच्च वरियता हो।

बलिङतर्फ स्पिनर वसन्त ७१औं स्थानमा अटाए भने फास्ट बलर सोमपाल ९२ औं स्थानमा रहेका छन्। वसन्तले ३ सय ९७ वरियता अंक र सोमपालले ३ सय ३८ वरियता अंक हासिल गरेका छन्। बलिङतर्फ नेपालकै प्रतिद्वन्द्वी अफगानिस्तानका रसिद खान शीर्ष स्थानमा छन्। ब्याटिङमा अस्ट्रेलियाका आरोन फिन्च पहिलो नम्बरमा छन्।

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले जारी गरेको टी २० क्रिकेटको अलराउन्ड वरियतातर्फ पनि पारस, सोमपालले स्थान बनाउन सफल भए। पारस ३७औं र सोमपाल ५७ औं स्थानमा रहेका छन्। अलराउन्डतर्फ वरियतातर्फ अस्ट्रेलियाका ग्लेन मेक्सवेलले शीर्ष स्थान हात पारेका छन्।

## धरहरा

### बासी नोटको धार्मिक आनन्द



साउने झरीले छपक्कै छोपे पनि तीर्थालु र ब्रतालुलाई धर्मकर्म प्यारो छ। झरी सानो होस् या ठूलो भक्तजनलाई मन्दिर नपुगी सन्तुष्टी मिल्दैन। चोखो (जल) पानी, चोखो फूल, चोखो मिठाइ चढाएपछि भगवानको मन जित्न सकिन्छ भन्ने भक्तजनलाई पुर्खाले सिकाए।

पैसा जतिसुकै बासी भए पनि चल्ने। अचम्म छ भन्या। भगवानलाई चढाइने पैसा (भेटी) जतिसुकै बासी भए पनि चल्ने, पसल जाँदा फिर्ता आएको र अन्य कारोबारबाट बचेको पैसा भए 'गजज्ब' मन्दिर र भगवानलाई चढाउन 'उत्तम' 'पवित्र'।

जतिसुकै अपवित्रहरुको खल्तीबाट पाए पनि तत्कालै पवित्र हुने। अचम्मको गुण छ, पैसामा। दशैं, तिहार र अन्य चाडपर्वका लागि भनेर साट्या कटकटे नयाँ नोट घरकै सेफमा थन्क्याएर चोखो दूध, पानी, फूल, मिठाइ खोज्दै हिँड्नेहरु शहरमा बाक्लै छन्। भगवान् र मन्दिरमा चढाउन कञ्जुस्याँइ गर्नेहरु पुरानै नोट र सिक्का चढाएर धार्मिक आनन्द लिइरहेका देख्दा धरहरा छक्क पर्छ भन्या।

अनि धर्मकर्मका लागि मन्दिर धाउनेहरुको भित्री मन जति सुकै अपवित्र भए पनि के भो र, बाहिरी आवरण पवित्र देखाए पुग्छ। मुखमा राम-राम गर्दै बगलीमा छुरा चलाउनेहरुको ठूलो जत्था पनि ठूलै हुन्छ क्यार मन्दिरतिर। यस्तो धार्मिक लचकता हिन्दू धर्मबाहेक अन्यत्र कहाँ होला ? धरहरा खोज अनुसन्धानमा जुट्या छ।

# फुटबलमा अर्जेन्टिनासँग भारत जित्यो

नयाँ दिल्ली, (एजेन्सी)



फुटबलमा नेपालको चिरपरिचित प्रतिद्वन्द्वी भारतले स्पेनमा जारी कोटिफ कप फुटबलमा अर्जेन्टिनालाई हराएको छ।

प्रतियोगिताअन्तर्गत सोमबार राति भएको खेलमा भारतको युवा टोलीले विश्व फुटबलको शक्ति राष्ट्रमध्येको एक अर्जेन्टिनाको यू-२० टोलीलाई पराजित गरेको हो। भारतीय टिमले ६ पटकको यू-२० विश्वविजेता अर्जेन्टिनालाई २-१ गोलअन्तरले स्तब्ध पारेको हो।

खेलको चौथो मिनेटमै दिपक टांग्रीले हेडमार्फत गोल गर्दै पहिलो हाफसम्म भारतलाई १-० ले अघि पारेका थिए। दबाबमा रहेको अर्जेन्टिनाको पहिलो हाफमा गोल फर्काउने सबै प्रयास विफल भएको थियो। खेलको ५४ औं मिनेटमा फरवार्ड जाधवले रातो कार्ड पाएपछि भारतीय टोली १० खेलाडीमा सीमित भएको थियो।

तर पनि भारतले अर्जेन्टिनालाई दबाबमा नै राख्यो। खेलको ६८औं मिनेटमा भारतका अनवर अलीले फ्री किकमार्फत् आकर्षक गोल गर्दै गोलसंख्या दुई पुऱ्याए। तर त्यसको चार मिनेटपछि अर्जेन्टिनाका लागि एलन मारीनेल्लीले एक गोल फर्काए पनि जितका लागि पर्याप्त भएन। यो भारतका लागि ऐतिहासिक जितसमेत हो। उक्त प्रतियोगिताअन्तर्गत यसअघिको खेलमा भेनेजुएलासँग पनि भारतले गोलरहित बराबरी खेलेका थिए।

# नेपाली फुटबल टोलीले हार बेहोऱ्यो

काठमाडौं, (नेस)

एसियाली खेलकुद र साफ च्याम्पियनसिपका लागि तयारीमा रहेको नेपाली युवा फुटबल टोली थाइल्यान्डमा मंगलबार पहिलो अभ्यास खेलमा पराजित भएको छ।

नेपालको यु २३ राष्ट्रिय टोलीले थाइल्यान्डको ए डिभिजन क्लब पुलिस टेरोसँग खेलेको थियो। जसमा नेपाल आत्मघाती गोलमा १-० गोलअन्तरले हाऱ्यो। आदित्य चौधरीले ३९औं मिनेटमा गरेको आत्मघाती गोल नै निर्णाय सावित भएको थियो। नेपालले शुक्रबार थाइल्यान्डको यु २३ राष्ट्रिय टोलीसँग सामना गर्नेछ।

नेपालको सिनियर र जुनियर टोलीले थाइल्यान्डमा दुई अभ्यास खेल खेल्ने कार्यक्रम रहेको छ। यो यात्रापछि यु २३ टोली इन्डोनेसियामा हुने एसियाली खेलकुदमा सहभागी हुन त्यतैतिर प्रस्थान गर्नेछ। किरण चेम्जोङको नेतृत्वमा रहेको नेपाली युवा टोलीले एसियाली खेलकुदमा जापान, भियतनाम र पाकिस्तानजस्ता बलिया टोलीको सामना गर्नेछ।

# जुनियर ब्याडमिन्टन टोली भारततर्फ

काठमाडौं, (नेस)

इन्डिया जुनियर अन्तर्राष्ट्रिय ब्याडमिन्टन प्रतियोगितामा सहभागी हुन ४ पुरुष खेलाडीसहित ५ सदस्यीय नेपाली टोली मंगलबार भारतको पुना प्रस्थान गरेको छ।

अगष्ट ९ देखि १२ तारिखसम्म हुने प्रतियोगितामा प्रफुल महर्जन, रुकेश महर्जन, प्रिन्स दाहाल र पविन लिङथेपले प्रतिस्पर्धा गर्ने छन्। मेघराज कठायतले प्रशिक्षक तथा व्यवस्थापक दुवैको भूमिका निर्वाह गर्नेछन्। १६ राष्ट्रको सहभागिता रहने प्रतियोगितामा नेपालले सिंगल्स र डबल्समा प्रतिस्पर्धा गर्ने नेपाल ब्याडमिन्टन संघका उपमहासचिव लवभक्त श्रेष्ठले जनाएका छन्।

# 'रोनाल्डोलाई प्रशिक्षण गर्वको विषय'– एलेग्री

रोमा, (एजेन्सी)

युभेन्टसका प्रशिक्षक मासिमिलियाने एलेग्रीले क्रिस्टियानो रोनाल्डोलाई प्रशिक्षण गर्न पाउनु आफ्ना लागि पनि गर्वका विषय भएको बताएका छन्।

रोनाल्डो र लियोनल मेसी विश्वका दुई उत्कृष्ट खेलाडी भएको भन्दै रोनाल्डोसँग काम गर्नपाउनु गर्वको कुरा भएको उनले बताएका हुन्। प्रि-सिजन टुरमा आफु केहि युवा खेलाडीबाट प्रभावित भएको बताए पनि आगामी नयाा सिजनका लागि आषनो टोलीमा अब खेलाडी नथप्ने उनले बताए।

किइभोसाग खेल्दै युभेन्ट्सले यसपटकको सिरी ए सिजनको सुरुवात गर्नेछ। रोनाल्डोले सोही खेलबाट डेब्यू गर्ने बताइएको छ। उनले आषनो टोली प्रतिस्पर्धाका लागि तयार रहेको बताए।

# जेठो हादारीको सन्यास

लन्डन, (एजेन्सी)

फिफा विश्वकपमा सबैभन्दा जेठो खेलाडीको कीर्तिमान बनाएका इजिप्टका गोलरक्षक इसाम इएल हाडारीले अन्तर्राष्ट्रिय फुटबलबाट सन्यासको घोषणा गरेका छन्।

सन् १९९६ मा अन्तर्राष्ट्रिय फुटबलमा डेब्यु गरेका हादारीले राष्ट्रिय टिमबाट १ सय ५९ खेल खेलेका छन्। ४५ वर्षीय हादारीले चारपटक अफ्रिका कप अफ नेसन्सको उपाधि जितेका थिए। गत महिना सम्पन्न फिफा विश्वकप इजिप्टका तर्फबाट खेलेका ४५ वर्षे हादारीले मंगलबार अन्तर्राष्ट्रिय फुटबलबाट सन्यासको घोषणा गरेका हुन्। इजिप्टबाट रसिया विश्वकप खेल्दै हादारीले विश्वकप खेल्ने पाका खेलाडीको कीर्तिमान बनाएका थिए।

उनले रसिया विश्वकपको समूह चरणको अन्तिम खेलमा साउदी अरेवियाविरुद्ध खेल्दै विश्वकप खेल्ने पाका खेलाडी बनेका थिए। उक्त खेलमा इजिप्ट २-१ ले पराजित भएपनि हादारीले एक पेनाल्टी बचाएका थिए।



# रुबिका र चाउची वर्ष उत्कृष्ट खेलाडी




**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल आर्मीका रुबिना खड्का र चाउची डंगोलले आईटीएफ वर्ष उत्कृष्ट खेलाडीको उपाधि जितेका छन्। दुवै सम्मानित खेलाडीले सर्लाहीमा सम्पन्न सिनियर राष्ट्रिय आईटीएफ प्रतियोगिता र १५औं सिनियर तथा ९औं राष्ट्रिय आईटीएफ प्रतियोगितामा स्वर्ण जितेका थिए। त्यस्तै हालै नेपालमा सम्पन्न ८ राष्ट्रको सहभागिता रहेको साउथ एसियन तथा आमन्त्रित अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा रुबिनाले ३ स्वर्ण जितेकी थिइन् भने चाउचीले २ स्वर्ण जितेका थिए।

त्यस्तै उत्कृष्ट प्रशिक्षकको उपाधि भक्तपुरका आशिष कार्कीले जिते। साउथ एसियन प्रतियोगितामा नेपाललाई टिम च्याम्पियन बनाउँदा उनले प्रशिक्षकको भूमिका निर्वाह गरेका थिए। काभ्रे जिल्ला आईटीएफ संघले उत्कृष्ट जिल्लाको उपाधि हात पाऱ्यो। पुरस्कृत सबैले नगद ५ हजार र सम्मानपत्र प्राप्त गरे। नेपाल आईटीएफ संघमा योगदान दिने व्यक्तित्वहरुलाई पनि संघले सम्मान गरेको छ। नेपाल आईटीएफका संस्थापक अध्यक्ष राजकुमार थापा, नेपाल मार्शल आर्टस् गेम्स कमिटिका अध्यक्ष एवंम् नेपाल आईटीएफका उपाध्यक्ष कल्पदीप राई सम्मानित भएका छन्। त्यस्तै दक्षिण एसियाली आईटीएफ महासंघ अनुशासन कमिटिको अध्यक्षमा चयन भएकोमा नेपाल आईटीएफकी महासचिव अन्जु राउतलाई पनि संघले सम्मान गरेको छ।

# प्रशवपछि सेरेना कठिन मोडमा

लन्डन, (एजेन्सी)

सेरेना विलियम्स आमा बनेपछि भावनात्मक उतारचढावसँग जुधिरहेकी छन्। २३ पटककी ग्रान्डस्लाम विजेताले यसै साता हुने रोजर्स कपबाट नाम फिर्ता लिएकी छिन्। उनले व्यक्तिगत समस्या भनेर क्यानडामा हुने उक्त प्रतियोगिताबाट नाम फिर्ता लिएकी हुन्। ३६ वर्षीया अमेरिकी खेलाडीले सेप्टेम्बर २०१७ मा आमा बनेकी थिइन्। सेरेनाले गत साल डब्ल्यूटीएका सबै खेल गुमाएकी थिइन्।

हाल पारिवारिक जीवन र टेनिसबीच समस्या बेहोरेकी सेरेनाले गत साता सम्पन्न सिलीकन भ्याली क्लासिकमा खराब हार समेत आत्मसात गरिन्। उनी ब्रिटेनकी जोहाना कोन्टासाग ६-१, ६-० ले हारेकी थिइन्। उनको पुरै करिअरमा एउटा खेलमा दुई गेम पनि जित्न नसकेको यो पहिलो अवसर समेत थियो।

इन्स्टाग्राममा पोस्ट गरेअनुसार सेरेनाले प्रसवपछि संघर्ष गरिरहेकी उल्लेख गरेकी थिइन्। उनले प्रसवपछि तीन वर्षसम्म समस्या आइरहने केही लेखमा पढेको पनि बताएकी छिन्। उनले बताइन्–गत साता मेरो लागि सहज भएको थिएन। ममा केही व्यक्तिगत समस्या आइपरेको छ। तर म तनावमा थिएा। प्रायजसो मैले महसुस गरे की म असल आमा बनेकी छैन। मैले मेरी छोरीको लागि पर्याप्त रूपमा केही गर्न सकिरहेको छैन।

उनले थपिन्–यसबारे मैले मेरी आमा, मेरी दिदीहरु र मेरा साथीहरुसाग कुरा गरे वहााहरुले यो सोच्नु स्वाभाविक रहेको भन्नुभएको छ। काम र परिवारबीच सन्तुलन बनाउन ज्यादै कठिन कार्य हो।



कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ